मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

मूल्य रु.१०।-

# प्राची

पूर्णाङ्क ३४, चैत २०५७ संचेतना त्रैमासिक



# आगो कतिञ्जेल फक्ने यो?

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष ९, पूर्णाङ्क ३४, चैत २०५७

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुवोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

उप-सम्पादक
आत्माराम शर्मा

आवरण
महेन्द्र श्रेष्ठ
एम्ज माउस, पुतलिसडक
फोन : २६५२५५

लै-आउट
गोविन्द त्रिपाठी

फोटो
आवरण फोटो : सूर्य थापा
वर्ष पुस्तक तथा प्रलेख केन्द्र, इन्सेक

सहयोगी
गीता माली

व्यवस्थापन
प्रवल शर्मा

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं
फोन : २७५६९७

पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन – २७८७७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा
प्रकाशित



प्रस्तुति

ती छुवैले भनेनन्/ अग्निशिखा (२)

## माओवादी जनयुद्धविशेष

मानवीय क्षतिको यो श्रृङ्खला कहिलेसम्म ?/लेखनाथ भण्डारी (३)
माओवादी जनयुद्ध र मानवअधिकारको प्रश्न/राजेन्द्र गौतम (८)
बाँच्न पाउने अधिकारबाट वञ्चित रुकुमेली जनता/सूर्यप्रकाश भट्टराई (१०)
**मानवअधिकारकर्मीका दृष्टिमा माओवादी जनयुद्धको निकास** (१४)
कपिल श्रेष्ठ, डा. के.बी. रोकाया, सुवोधराज प्याकुरेलका विचार
/प्रस्तुति : तिलक कोइराला
वार्ताबाट निकास निस्कनु पर्छ/सिन्धुनाथ प्याकुरेल (१८)
**नेताहरूको दृष्टिमा माओवादी जनयुद्धको निकास** (१९)
एमाले नेता माधवकुमार नेपाल, नेपाली कांग्रेसका नेता चिरञ्जीवी वाग्ले,
संजमोका नेता अमिक सेरचन, राप्रपा नेता रविन्द्रनाथ शर्मा,
मसालका नेता रामसिंह श्रीस, नेमकिपा नेता रोहितका विचार
/प्रस्तुति : केशव खनाल
जनयुद्ध र महिला हिंसा/कविता अर्याल (२३)
दोहोरो गोलाबारी मामा/रमेशकुमार पौडेल (२४)
माओवादीको आरोपमा को को थुनामा छन् ? (२७)
**कथा** : चोरको कथा/रस्किन बण्ड (३०)
**कविता** : शु तिङ, मिरोस्लाव होलुव, डेनिस ब्रुटस (३२)

# ती दुवैले भनेनन्

– अग्निशिखा

कतै रगतको भल बग्यो
र, सरकारले भन्यो-
'आतंककारी, उग्रवादी मारियो'
कतै रगतको फोहोरा छुट्यो
र, माओवादीले भने-
'प्रहरी या सुराकी मारियो'
ती दुवैले भनेनन्-
एउटा नेपाली मारियो
एउटा नेपालीको रगत बग्यो।

'गरीबको मुक्ति' को लागि
झुपडीका छानाहरूमा आगो झोसियो
मान्छे जिउँदै जले, डढे
बन्दूक पड्काएर विजय गान गाइयो
त्यो मानसिक रूपमा पराजित 'हार-जङ्ग' थियो
पराजित- युद्ध थियो।
'शान्ति सुरक्षा' को लागि
झुपडीका छानाहरूमा फेरि आगो झोसियो
त्यहाँ पनि मान्छे जिउँदै जले, डढे
बन्दूक पड्काएर त्यहाँ पनि विजय-गान गाइयो
त्यो मुलुकै निस्त्याउने खार थियो
'खारा' को धुवाँ थियो।

सरकारले भन्यो-
'हारजङ्गमा माओवादी निर्दयता देखियो'
माओवादीले भने-
'खारामा सरकारी निर्दयता देखियो'
ती दुवैले भनेनन्-
आ-आफ्नो निर्दयताको हिस्सा कति छ ?
एउटाले हारजङ्ग लुकाउने प्रयास गर्‍यो
अर्कोले खारा लुकाउने प्रयास गर्‍यो।

कतै दिलबहादुर रम्तेलको छातीबाट
रगतको फोहोरा छुट्यो
र, माओवादी चिच्याए-
'सरकारले बालकलाई समेत शिकार बनायो'
कतै प्रकाश ढुंगानाको छातीलाई
बमले छिया-छिया बनायो
र, सरकार चिच्यायो-
'माओवादीले शिशुलाई समेत शिकार बनायो'
ती दुवैले **भनेनन्-**
मुलुकको शिकार कति **पटक भयो ?**
मुलुकको चित्कार कति **पटक सुनियो ?**

एउटाले 'माओ' को नाम लियो
अर्कोले 'बुद्ध' को नाम लियो
एउटाले 'क्रान्ति' को नाममा हिंसा थोपर्‍यो
अर्कोले 'शान्ति' को नाममा हिंसा थोपर्‍यो
आम जनताले 'क्रान्ति' पनि बुझेनन्
आम जनताले 'शान्ति' पनि बुझेनन्
'जनयुद्ध' जनताका लागि पीडा भयो
'जननिर्वाचित सरकार' जनताका लागि पीडा भयो
ती दुवैले भनेनन्-
ओ, अब अति भो !
माओ र बुद्धको नाम बदनाम भयो !

# जनयुद्ध : मानवीय क्षतिको यो श्रृंखला कहिलेसम्म ?

– लेखनाथ भण्डारी


माओवादीद्वारा हत्या गरिएका सिन्धुली जिल्ला हर्पाही–७ का दानबहादुर तामाङको शीर

**राज्य यन्त्रको नरसंहार**

रूकुम जिल्लाको पिपल गाविसस्थित मेल गैरीमा एक घर घेराउ गरी ०५२ फागुन १५ गते घरभित्रै बसिरहेका छ जनालाई प्रहरीले गोली हत्या गऱ्यो। त्यसरी मारिनेहरूमा १५ वर्षका खड्गबहादुर केसी पनि थिए।

जाजरकोट जिल्लाको लहँ गाविसमा रहेको प्राविमा ०५५ जेठ २२ गते ३ जना शिक्षक, १ जना ग्रामीण स्वास्थ्य कार्यकर्तासहित ८ जनालाई साँस्कृतिक कार्यक्रम हेरिरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गऱ्यो।

गोरखा जिल्ला थुमी गाविस ९ बाँसपुरको एक घरमा बसिरहेका ८ जना माओवादी कार्यकर्तालाई ०५५ मंसिर २६ गते प्रहरीले गोली हानी हत्या गऱ्यो।

रोल्पा जिल्लाको इरिवाङ गाविस ३ सुर्क दहमा ०५६ मंसिर २९ गते ११ जना माओवादी कार्यकर्तालाई प्रहरीले गोली हानी हत्या गऱ्यो। जसमध्ये ४ जना महिला थिए।

अछाम जिल्ला ढाँकु गाविस ३ स्थित एक विद्यालयमा ०५६ पुस ३० गते ९ जना सर्वसाधारणलाई माओवादीले आयोजनामा गरेको साँस्कृतिक कार्यक्रम हेरिरहेको अवस्थमा प्रहरीले गोली हानी हत्या गऱ्यो।

रूकुम जिल्ला खारा गाविस २, ३ र ५ मा ०५६ फागुन १० गते नेपाली कांग्रेसको तर्फबाट विजयी ३ नं. वडाका वडाअध्यक्षसहित १५ जना सर्वसाधारणलाई प्रहरीले गाउँमा आगो लगाई तथा गोली प्रहार गरी हत्या गऱ्यो।

**माओवादीको उपहार**

रोल्पा जिल्लाको हार्जङ्ग गाविस ३ को एउटा घरमा बसिरहेका ८ जना सर्वसाधारण व्यक्तिलाई ०५५ फागुन २७ गते माओवादीहरूले घरमा आगो लगाई तथा गोली प्रहार गरी हत्या गरे।

रोल्पा जिल्ला घर्ती गाउँस्थित प्रहरी चौकीमा ०५६ फागुन ६ गते माओवादीहरूले आक्रमण गरी १५ जना प्रहरीको हत्या गरे।

जाजरकोट जिल्ला धिमे गाविस पाँचकटियामा ०५७ जेठ २५ गते ११ जना प्रहरी तथा ७ जना सर्वसाधारण जनतालाई समेत गरी १८ जनालाई माओवादीहरूले वम तथा गोली प्रहार गरी हत्या गरे। ७ जना सर्वसाधारण जनतामध्ये एक जना ३ वर्षीय बालक तथा एक जना १२ वर्षीय बालिकासमेत रहेका थिए।

डोल्पा जिल्लाको सदरमुकाम दुनैमा माओवादी छापामारहरूले ०५७ असोज ९ गते आक्रमण गरी १४ जना प्रहरीको हत्या गरे। उक्त घटनामा माओवादीहरूले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र कारागार शाखा ध्वस्त बनाएका थिए।

जाजरकोट जिल्ला खलंगा गाविस ८ पिपेमा ०५६ माघ ८ गते माओवादीहरूले एम्बुसमा पारेर तथा गोली हानी ६ जना प्रहरीको हत्या गरे।

**मानवीय क्षतिको कहालीलाग्दो तस्वीर**

सबै प्रकारका दमन शोषण र उत्पीडिनबाट सधैंका नेपाली जनतालाई 'मुक्ति दिलाउने' उद्देश्यले नेकपा (माओवादी) ले आह्वान गरेको जनयुद्धले पाँच वर्षका १९ सय दिन नाघिसकेको छ।यी १९ सय दिनमा "जनयुद्ध" ले हासिल गरेको उपलब्धि र लक्षित मार्गमा प्राप्त गरेका सफलताको मूल्यांकन सम्बन्धित पक्षले नै गर्नसक्छ। तर त्यसको टाढाको एउटा दर्शक भएर हेर्ने यो पंक्तिकारले त्यसैको कारण भएको मानवीय क्षति प्रत्यक्ष महसुस गर्नु सबै भन्दा बढी दुःखपूर्ण छ। सबै प्रकारका दमनबाट जनताको मुक्तिको लागि लक्षित "जनयुद्ध" को परिणाम देशमा उत्पन्न हत्या, हिंसा, यातना, बलात्कार, बेपत्ता जस्ता घटनाहरूले भयावह रूप लिइरहेकै छ। तर, त्यसको प्रत्यक्ष पीडाको सामना जनताले नै गर्नु परिरहेको छ र मानवीय क्षतिको कहिल्यै नपुरिने खाडल बढ्दै छ।

"जनयुद्ध" का नाममा लक्षित उद्देश्य प्राप्तिका लागि अपनाइएका गतिविधिले एकातिर जनहितको सट्टा मानवीय क्षतिलाई दिन प्रतिदिन बढाइरहेको छ। हिंसात्मक कारवाहीहरूको कारण नेपाल आमाका छोराहरू/छोरीहरूको रगत बगिरहेकै छ। अर्कातिर त्यस गतिविधिलाई नियन्त्रण वा दमन गर्ने र शान्ति कायम गर्ने नाममा पनि त्यतिकै ठूलो संख्यामा हत्या, हिंसा, यातना, बलात्कारलगायत्का अमानवीय घटनाहरू दोहोरिएका छन्। स्वाभिमानी, स्वतन्त्र र साहसी परिचय प्राप्त नेपाली जनताको जीवन आ-आफ्नै अन्तर्द्वन्द्वका कारण गुमिरेहछ। मानौं, हामी विवेक शून्य छौं र अझै हुँदै गइरहेका छौं। सबै प्रकारका सम्भावनाको अन्त्य भएपछि हो वा सम्भावनाको खोजी नगरी हामी "यदुवंशी" युद्ध लडेर "विनाशकाले विपरित बुद्धि" को संकेत गरिरहेका छौं। जुनसुकै प्रकारका दमन, शोषण र उत्पीडनबाट सधैंका

लागि मुक्तिको कामना गर्नु पनि खराब होइन। र, त्यस कामनाका नाममा हुने मानवीय हितविरूद्धका कार्य हुन्छन् भने त्यसलाई नियन्त्रण गर्नु पनि गलत होइन। यी दुवै "असल नियत" को बीचमा विगतका ५ वर्षमा भएको मानवीय क्षतिको श्रृंखला अरू कति बढाउने? अन्त्यहीन संघर्ष गरेर बंश विनाशको स्थिति सिर्जना गर्ने कि हामी सबैले आ-आफ्ना कमी कमजोरी सच्याएर मानवीय हित र मर्यादालाई स्थापित गर्ने? जसबाट सबै प्रकारका दमन, शोषण र उत्पीडनबाट नेपाली जनताको साँच्चिकै मुक्ति सम्भव पनि छ।

"जनयुद्ध" को सुरूवात र त्यसको प्रतिकार एक दिन छिटो वा ढिलो सुरू भएको हुनु पर्छ। त्यही एक दिन छिटो र ढिलो सुरू गरिएका दुवै "असल नियतिका कारण" यी पंक्ति लेख्दासम्म १४५६ व्यक्ति मारिएको पुष्टी भएको छ। त्यसरी मारिएकाहरूमा ९३२ व्यक्ति प्रहरीबाट र ५२४ माओवादी पक्षबाट रहेका छन्। तिनीहरूमध्ये प्रहरीबाट ११५ महिला र माओवादीबाट १७ जना महिला मारिएका छन्। व्यक्तिगतरूपमा १५ सय नपुग व्यक्ति मारिएको भए पनि यी १५ सय व्यक्तिले परिवारको प्रतिनिधित्व पनि गर्दछन्। प्रति एक नेपाली परिवार सरदर ६ जनाको रहेको अनुमान गरिन्छ। जसअनुसार करिव ९ हजारभन्दा धेरै व्यक्तिहरूले आफ्ना परिवारका प्रियजनहरू गुमाउनु परेको छ। प्रत्यक्ष प्रभावित १५ सय परिवारका ९ हजार नागरिकको अर्को पक्ष अप्रत्यक्षरूपमा पनि त्यति नै ठूलो पीडाको अनुभूत गरिरहेको हुन्छ। प्रति एक नेपाली परिवारको सरदर २० अन्य परिवारसँग नजिकको नाता सम्बन्ध रहेको हुन्छ। प्रत्यक्ष प्रभावित १५ सय परिवारका प्रति परिवार अन्य २० परिवारसँगको नजिकको सम्बन्ध ( दाजु-भाइ, बाबु-आमा, दिदी-बहिनी, माइती-ससुराली, मावली यस्तै यस्तै) भएकाहरूको प्रति परिवार ६ जनाको गणना गर्दा त्यो संख्याले करिव दुई लाख नजिक पुग्छ। यस क्रममा दुवै "असल नियत" को कारण मारिएका १५ सय नागरिकको कारणले १५ सय परिवारका ९ हजार नागरिकमा परेको प्रत्यक्ष प्रभावले त्यहाँ जुन पीडा र संकटको सामना गर्नु परेको हुन्छ, त्यो हरेक नेपालीले वा मानिस मात्रले अनुभूत वा अनुमान गर्न सकिन्छ। त्यसै पीडाको मारमा परेका थप दुई लाखको पीडाले पनि सबैका आँखा रसाउँछ। "युद्ध" मा पीडाको अनुभूति र आँसुको महत्व वा अर्थले शोभा नदेला तर मानवीय जीवनको हित र समुन्नतीका निम्ति "असल नियत" को लक्षित मार्गमा हिडिने युद्धमा यस्ता मानवीय संवदेनाको पनि अस्तित्व जरूर हुनैपर्छ।

मारिने र त्यसको पीडा अनुभूति गर्ने तथा आइपर्ने कठिन परिस्थितिलाई सहन बाध्य दुई लाख नागरिकको अतिरिक्त यस क्रममा भएका घाइतेहरूको संख्याको सही विवरण कसैसँग व्यवस्थित छैन। यो पंक्तिकारको अनुमान छ, एक व्यक्ति मारिने परिस्थिति सिर्जना हुँदा ५ जनासम्म व्यक्ति घाइते हुन सक्ने सम्भावना वा खतरा रहन्छ। त्यो सम्भावनाका कारण १५ सय व्यक्ति मारिएको अवस्थामा ७ हजार ५०० व्यक्ति शारीरिकरूपमा कमजोर (अपाङ्ग/विकलाङ्ग) भएको हुनुपर्छ। ७ हजार ५०० व्यक्तिको परिवार प्रभावित भएका हुन सक्छन्। जसअनुसार थप ४५ हजार व्यक्तिको पारिवारिक, सामाजिक, आर्थिक वा जिविकोपार्जनसँग सम्बन्धित समस्या कुनै "मुक्ति" वा कुनै प्रजातन्त्रको "संरक्षण" वा कुनै पक्षमाथिको "संकट" रक्षाको मूल्यसँग तुलना नै हुन सक्तैन।

मारिने र घाइते हुनेहरूको कारण प्रत्यक्ष प्रभाव र पीडामा परेका अढाई लाख नागरिकको पीडामा मात्र यो समस्या टुंगिदैन। त्यस क्रममा सबैभन्दा बढी कृषि प्रधान मुलुकका करिव एक हजार कृषक मारिएका छन्। करिव ३०० प्रहरी मारिएका छन् र करिव ५० जना शिक्षकलगायत्का प्रत्यक्ष रोजगारीमा रहेका नागरिक पनि मारिनेको पंक्तिमा रहेका छन्। यस क्षतिले कृषि उत्पादनमा ह्रास, खाद्यान्न संकट, भोकमरी वा अनिकालका अतिरिक्त ठूलो आर्थिक क्षति पुऱ्याएकोछ। प्रति एक मारिने व्यक्तिसँग घाइते हुने वा हुन सक्ने खतरा रहेका बाहेकको परिस्थितमा पनि छुट्टै अर्को ठूलो संख्यामा घाइतेहरू भएका छन्। त्यो संख्याले पनि मारिनेको ५ गुणा छोएकै हुनसक्छ। त्यस क्रममा थप ५ हजार अन्य व्यक्ति घाइते भएका छन्। घाइते हुनेहरूमा अधिकांश कृषक, प्रहरी र अन्य पेशासँग सम्बन्धित नागरिकहरू रहेका छन्। यी घाइते हुनेहरूको पीडा पनि प्रति एक व्यक्तिका कारण थप २० परिवारले नरमाइलोसँग अनुभूति गरिरहेको हुनुपर्छ।

मारिएका र घाइते भएकाहरूका अतिरिक्त बेपत्ता पारिने वा अपहरणका कारणपनि करिव ५०० व्यक्ति प्रत्यक्ष र ती व्यक्तिसँगै विभिन्न थप १८ हजार व्यक्तिले आफ्ना प्रियजनको स्थितिबाट बेखबर रहनुको पीडा सहिरहनु परेको छ। बेपत्तासँगै थप १० हजारभन्दा बढी व्यक्तिहरू "जनयुद्ध" का कारण आसन्न वा सम्भावित अप्रिय घटना नियन्त्रण गर्ने "असल नियत" कै कारण गिरफ्तार गरिएका छन्। पक्राउ गरिएका छन्, हिरासत र जेलमा राखिएका छन्। यो निक्कै ठूलो संख्या हो। जसबाट प्रत्यक्ष ६० हजार र १२ लाख बराबरको नागरिकमा त्यसले प्रभाव पुऱ्याएको हुनसक्छ। हिरासत र जेल सजायको "असल नियत" "जनयुद्ध" का नाममा हुने अनिष्टको नियन्त्रण हुन सक्छ तर त्यसबाट राष्ट्रिय राजस्वको क्षति र आर्थिक उन्नतीमा पनि क्षती पुऱ्याइरहेको छ। प्रस्तुत तथ्याङ्कले देशको १ चौथाई जनसंख्या अहिले निष्क्रिय, कमजोर वा शोक र पीडाको सामना गर्न बाध्य भएको देखिन्छ।

हिंसात्मक प्रवृत्ति र प्रकृतिका उल्लेखित घटनाका अतिरिक्त ठूलो संख्यामा आन्तरिक शरणार्थी अर्थात विस्थापनको समस्या बढेको छ। यसको पनि सही विवरण प्राप्त नभए पनि जनयुद्ध प्रभावित जिल्लाहरूबाट ठूलो संख्यामा नागरिकहरू आफ्नो गाउँ छोडेर जिल्ला सदरमुकाम, क्षेत्रीय सदरमुकाम र राजधानीमा आएर बस्ने क्रम बढेको छ। बसाई सर्नेहरूको संख्या बढेको छ। गाउँका खेतीयोग्य जमीन बाँझो छोडिन थालेको छ। रोजगारीकोलागि भारत जानेहरूको संख्या पनि बढेको हुन सक्छ। गाउँमा स्वास्थ्य चौकी, विद्यालय वा अन्य सरकारी निकायहरूमा नियमित हुनु पर्ने काम हुन छोडेकोछ। यसै क्रममा बालबालिकाहरू माथिको असर र महिलामाथि भएका हिंसाका घटनाको अर्को कहाली लाग्दो रूप देखिन थालेको छ।

यस प्रकारको क्षतिलाई "असल नियत" ले आ-आफ्ना आग्रहअनुसारका गतिविधि संचालन गर्दैआएको सरकार र माओवादी पक्षले कुन रूपमा गणना गर्छन्? त्यो उनीहरूबाट आ-आफ्नै आग्रहअनुसार औचित्य, पुष्टि वा स्पष्टिकरण आउन सक्छ। तर, उनीहरूको औचित्य, पुष्टि वा स्पष्टिकरण जे भए पनि यस क्रममा भएको भौतिक क्षतिका सम्बन्धमा केही पहिले सरकारी पक्षले एउटा विवरण सार्वजनिक गरेको थियो। जसअनुसार त्यस अवधिमा ५७६ लुटपिट, २८१ कुटपिट, ३५२ विष्फोटन, १५२ आगजनी, २२१ प्रहरी चौकीमाथि आक्रमण र ८३५ वटा प्रहरीसँग



हतियार सहित, तालिम लिइरहेका माओवादीहरु

मुठभेडका घटना भएका थिए। त्यस्तै २० वटा दूरसंचार केन्द्रमा तोडफोड, १९ वटा विदेशी सहयोगमा संचालित संस्थाहरूमा आक्रमण, केही उद्योगहरूमा वम प्रहारबाट क्षति र हेलिकप्टरमा समेत आक्रमण भएको थियो। यसबीचमा ७ करोड १४ लाख ३८ हजार बराबरको धनमाल क्षति भएको पनि गत वर्षकै तथ्याङ्कमा उल्लेख गरिएको थियो।

सरकारले औपचारिक रूपमै सार्वजनिक गरेको त्यस विवरणका अतिरिक्त अनौपचारिक भए पनि अर्को सत्य विवरण पनि यसप्रकार छ - गत वर्ष (जनयुद्धका ४ वर्षभित्र) सम्ममा "जनयुद्ध" प्रभावित जिल्लामा निरिक्षण, घाइते र मृतक ओसार्नका लागि रू. २६ करोड ४० लाखभन्दा बढी रकम सरकारले हेलिकप्टर भाडामा लिनका लागि मात्र खर्च गरेको थियो।

सो खर्चबाट ३ वटा हेलिकप्टर खरिद गर्न सकिन्थ्यो भने पाँचौ वर्षको ७ महिनामा मात्र सो रकमले रू. ९ करोड नाघिसकेको थियो। त्यस्तै प्रहरी र गृहमन्त्रालयले प्रथम वर्षमा एक अर्ब बराबर खर्च गरेको थिए भने त्यस पछिका ३ वर्षमा यी दुवै निकायले थप रू. १ अर्ब खर्च गरिसकेका छन्।

देश र जनताको हितमा सरकार र माओवादीले "असल नियत" ले चालेका कदमबाट उत्पन्न यस परिणामले भोलि हामीलाई कहाँ पुऱ्याउने हो? आ-आफ्नो आग्रहमा यस प्रकारका "असल नियत" दोहोऱ्याउन नछोड्ने हो भने नेपाली- नेपाली बीचको यस संघर्षले यदुवंशीको वंश विनाशको युद्ध निम्त्याउने छ। त्यस स्थितिबाट देश र जनतालाई जोगाउन सबै असल नियतहरू आम जनताको हितमा हुनुपर्छ। कुनैपनि असल नियतले थालिएको कार्य आम जनताका लागि थप पीडादायी हुनुहुन्न।

## किन बग्छ बालबालिकाको रगत ?

कम उमेरका त्यस्ता व्यक्ति जसलाई विशेष संरक्षण र अवसरको आवश्यकता पर्दछ, तिनीहरू नै बालबालिका हुन्। उमेरका दृष्टिकोणले शारीरिक तथा मष्तिश्कको समेत पूर्ण विकास भई नसकेका गतिविधिलाई अबोधपनका रूपमा लिइन्छ। बालबालिकाहरूलाई वर्तमानका सुन्दर फूलका कोपिलाहरू र भविष्यका कर्णधारका रूपमा लिइन्छन्।

प्रत्येक राष्ट्रमा बालबालिकाको हकहितको लागि विशेष संरक्षण, सुरक्षा र अवसरका लागि कानूनको समेत व्यवस्था गरिएको हुन्छ। देशको वस्तुस्थिति, उमेरको मूल्यांकन, बाल विकासको क्षमता, अपराधिक कार्यको मूल्यांकन आदिका आधारमा तय गरिएका ती कानूनहरू विशेष गरी बाल हित तथा बाल खतरामुक्तको लागि लक्षित गरिएका हुन्छन्। संयुक्त राष्ट्रसंघीय महासन्धि (सन् १९८९) ले कुनै पनि राष्ट्रिय कानूनमा अन्यथा तोकिएकोमा बाहेक १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिकाको रूपमा गणना गरेको छ।

नेपालमा बालबालिकासम्बन्धी ऐन २०४८ को दफा (क) ले बालक भन्नाले १६ वर्षको उमेर पुरा नगरेको बालबालिकालाई सम्झनु पर्दछ भनेको छ भने श्रम ऐन २०४८ ले केटाकेटी र नाबालिकका लागि छुट्टा छुट्टै उमेर तोकेको छ। सो ऐनमा १४ वर्षको उमेर नपुगेका व्यक्तिलाई केटाकेटी र १८ वर्ष उमेर पुरा नगरेका व्यक्तिलाई नाबालिग उल्लेख गरिएको छ। विश्वका अन्य कतिपय देशहरूमा तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूमा भने १८ वर्ष मुनिकालाई बालबालिकाको रूपमा गणना गरेको पाइन्छ।

### अन्तर्राष्ट्रिय प्रतिबद्धता

नेपालले संयुक्त राष्ट्रसंघले जारी गरेका २१ वटा अन्तर्राष्ट्रियस्तरका प्रतिबद्धताहरू अनुमोदन तथा सम्मिलन गरेको छ। त्यसरी जनाइएका प्रतिबद्धताहरूमा ९ वटा प्रत्यक्षरूपमै बालबालिकाहरूको हक हित तथा विकाससम्बन्धी रहेका छन्। नेपालले बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धिमा सन् १९९० मा राज्यपक्ष भए यता सन् २००० मा मात्र सशस्त्र संघर्षमा बालबालिकाको प्रयोगसम्बन्धी बाल अधिकार

### जनयुद्धका क्रममा मारिएका बालबालिकाहरूको तथ्यांक

| उमेर | प्रहरीद्वारा मारिएका | | माओवादीद्वारा मारिएका | | जम्मा |
|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | |
| १५ वर्षभन्दा मुनिका | १७ | ४ | १२ | ४ | ३७ |
| १५ देखि १७ वर्षसम्मका | १२ | १२ | - | १ | २५ |
| जम्मा | २९ | १६ | १२ | ५ | ६२ |

स्रोत : इन्सेक, मानवअधिकार वर्ष पुस्तक २००१

महासन्धिको ऐच्छिक प्रोटोकललाई अनुमोदन गर्ने निर्णयमा प्रतिबद्धता जनाएको छ।

बालबालिकासम्बन्धी विश्व घोषणा पत्रले जनाएको प्रतिबद्धतामा बालबालिकाको बचावट, संरक्षण तथा विकासको हाँकको रूपमा उल्लेख गरिएको छ -"प्रत्येक दिन संसारभरी असंख्य बालबालिकाहरू त्यस्ता खतराहरूको बीचमा रहन्छन्, जसले तिनीहरूको बृद्धि र विकासमा बाधा पुऱ्याउँछन्। तिनीहरूले युद्ध र हिंसाबाट हताहत भएर ठूलो दुःखकष्ट झेल्ने गरेका छन्।" यसै घोषणापत्रले जनाएको बचनबद्धतामा " युद्धका कष्टहरूबाट बालबालिकालाई जोगाउन हामी बडो सावधानीसाथ काम गर्नेछौं र बालबालिकाहरूलाई सर्वत्र शान्तिपूर्ण सुरक्षित भविष्य प्रदान गर्न सकियोस् भन्ने हेतुले द्वन्द्वलाई रोक्ने अरू सशस्त्र कदमहरू चाल्ने छौं। युद्ध कालमा हिंसाग्रस्त क्षेत्रहरूमा समेत बालबालिकाहरू र परिवारका अति जरूरी आवश्यकताहरूको संरक्षण गर्नु जरूरी छ। युद्ध र हिंसा चालु रहेका क्षेत्रहरूमा बालबालिकाहरूको हितको निम्ति शान्ति काल र विशेष राहतको अवस्था कायम गरियोस् भनी हामी माग गर्नेछौं।"

महासन्धिको धारा ३८ मा सशस्त्र संघर्षको समयमा बालबालिकाहरूको सन्दर्भमा लागू हुने मानवीय कानूनको आदर गर्ने र आदर गर्न लगाउने राज्यहरूको दायित्वको सम्बन्धमा चर्चा गरिएको छ। जस अनुसार १५ वर्ष मुनिका कुनै पनि बालबालिकालाई सशस्त्र संघर्षमा प्रत्यक्ष भाग लिन नलगाउने वा सशस्त्र सेनामा भर्ती नगराउने र सशस्त्र संघर्षबाट प्रभावित बालबालिकाले सुरक्षा र स्याहार पाउनु पर्ने कुरा यसै धाराको १,२,३ र ४ मा उल्लेख छ।

नेपालले समेत प्रतिबद्धता जाहेर गरेको उल्लेखित महासन्धिका अतिरिक्त महासन्धिले समेत प्रतिबद्धता जनाएको सशस्त्र संघर्षसम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानून ( जेनेभा महासन्धि र अतिरिक्त सन्धि पत्रहरू) मा पनि बालबालिकाहरू विशेष आदरका पात्र हुन पर्दछ र तिनीहरूलाई कुनै पनि किसिमको अभद्र कुटपिटबाट बचाउनु पर्दछ भनिएको छ। यससम्बन्धी व्यवस्था गर्न बनेको अन्तर्राष्ट्रिय मानवीय कानूनको अध्याय ४ को (युद्धको समयमा असैनिक व्यक्तिहरू तथा बासिन्दाहरूको सुरक्षा) भाग २ अन्तरगत २ ( ख) मा बालबालिकाको सुरक्षामा जोड दिँदै भनिएको छ - "१५ वर्ष मुनिका बालबालिकाहरूलाई युद्धमा प्रत्यक्षरूपमा भाग लिनबाट रोक्नको लागि सबै किसिमको उपाय गर्नु पर्दछ तथा युद्धको कारणले तिनीहरू अनाथ (टुहुरा) भएका छन्, अथवा परिवारबाट छुट्टिएका छन् भने तिनीहरूलाई आफ्नै भरमा छोडिनु हुँदैन।" यस व्यवस्थामा त्यस्ता घट्नाबाट पीडित बालबालिकाहरूको सुरक्षा र विकासको दायित्व राज्यको हुनेछ भने संघर्षका पक्षले पनि बालबालिकाहरूलाई कुनै पनि रूपमा प्रयोग गर्न तथा आफ्नो लक्ष्यको निशाना बनाउन हुँदैन वा पाउँदैछन्।

**बालबालिकाहरूको बाँच्न पाउने अधिकार**

कुनै पनि जोखिमपूर्ण कार्यमा सहभागी नभइ तथा कुनै पनि लक्ष्य साधनको शिकार नबनी सुरक्षित र सम्बृद्ध जीवन बाँच्न पाउनु प्रत्येक बालबालिकाहरूको नैसर्गिक अधिकार हो। त्यस अधिकारको सुनिश्चितता प्रदान गर्नु राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धताका अतिरिक्त सबै समाजका नागरिकको प्रमुख दायित्व हो। तर नेपालको सन्दर्भमा बालबालिकाहरूमाथि लक्षित हिंसाका घटनाहरू बढ्दै छन्। त्यस्ता घटनामा राज्य पक्ष र राज्यपक्षको प्रतिरोधी समूहको प्रत्यक्ष संलग्नता देखा परेको छ।

बालबालिकाहरूमाथि राज्य पक्षबाट हुने हिंसाजन्य घटनाको शुरूवात २०४६ सालपछि बढ्न थालेको छ। त्यस क्रममा २०४८ सालमा राजधानीको मध्य भाग तथा घना वस्ती महाबौद्धमा सात वर्षीय अनिश शाक्य आफ्नै घरको माथिल्लो तलामा बसिरहेकै अवस्थामा नेपाल प्रहरीको गोलीको शिकार भएका थिए। त्यसै गरी ललितपुरका १७ वर्षीय राजीव रघुवंशी पनि प्रहरीकै गोलीबाट मारिएका थिए। सिन्धुलीकि १६ वर्षिया सम्झना दाहाल २०४९ साल फागुन २२ गते प्रहरीबाट मारिएकी थिइन् भने २०५० साल असार १४ गते ललितपुरकी १४ वर्षिया रीता शिलाकार पनि घरको झ्यालबाट प्रहरीले प्रहार गरेको गोलीको निशाना बनिन्।

विगत ५ वर्षदेखि राजधानी बाहिरका जिल्लाहरूमा सशस्त्र युद्धको कारण मारिने बालबालिकाहरूको संख्या ५० नाघिसकेको छ। त्यस क्रममा अनाथ (टुहुरा), घाइते, विस्थापित, शिक्षाबाट बन्चितलगायत्का मानवीय सुरक्षाबाट विमुख हुनेहरूको संख्या अनुमानभन्दा धेरैमाथि पुगेको हुनुपर्छ। गत पुस महिनाको दोस्रो सातामा भारतीय सिने कलाकार ऋतिक रोशनको नेपाल, विरोधी अभिव्यक्ति भनी प्रचारित अपुष्ट तथा आधिकारिकतारहित प्रचारबाट भड्किएको हिंसाको कारण राजधानीमा दुई बालबालिकाको प्रहरीको गोलीबाट मृत्यु भयो। त्यसरी मारिनेहरूमा १२ वर्षीया वर्षा कोइराला र १० वर्षिय कर्मा लामा थिए।

**सशस्त्र संघर्षको मारमा बालबालिका**

नेकपा (माओवादी) को आह्वानमा २०५२ फागुन १ गतेदेखि जनयुद्ध सुरू भए यता सशस्त्र संघर्षको मारमा थुप्रै निर्दोष तथा अबोध बालबालिकाहरूको रगत बगिसकेको छ। यस घट्नाक्रममा प्रत्यक्षरूपमै बालबालिकाको सहभागिता (प्रयोग) रहेको आरोप प्रत्यारोपणको वास्तविकता जे सुकै भए तापनि अहिलेसम्ममा सरकारबाट र जनयुद्धका आह्वानकर्ताहरूको समेत कारणबाट ६२ जना बालबालिकाको ज्यान गुमिसकेको छ। त्यसरी ज्यान गुमाउने बालबालिकाहरूमा १७ जना माओवादीको कारणले र ४५ जना माओवादीको आरोपमा प्रहरीबाट निशाना बनाइएका घट्नाहरू रहेका छन्। जनयुद्ध सुरू भएको यस अवधिमा दुवैतर्फबाट मारिएका व्यक्तिहरूको संख्याले १६ सय नाघी सकेको पुष्टि भएको छ। त्यसको परिणाम यस क्रममा मारिने बालबालिकाहरूका अतिरिक्त हजारौं बालबालिकाहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा पीडित भएका छन्। कैयौं बालबालिका परिवार विहिन भएका छन् भने कैयौंले आफ्ना आमाबुवा तथा परिवारका सदस्यहरू गुमाउनु परेको छ। नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन) को अध्ययनमा जनाइए अनुसार करिव ५०० भन्दा बढी बालबालिकाले आफ्ना आमाबुवा गुमाएका छन् भने १००० जति बालबालिका माओवादी तथा प्रहरी बीचको भिडन्तको कारण परित्यक्त भएका छन्। हजारौं अरू महिला, पुरूष तथा बालबालिकाहरू सुरक्षाको खोजीमा आफ्ना घर गाउँ छोड्न बाध्य भएका छन्।

**कसरी बग्दैछ बालबालिकाको रगत?**

आजका निर्दोष तथा अबोध बालबालिकाहरू भोलिको उज्जल भविष्य निर्माणका सुन्दर सिर्जनाहरू हुन भनिन्छ। तर तिनै बालबालिकाहरू "युद्ध" लगायत्का अन्य हिंसा, शोषण, भेदभाव तथा अनेकौं विकृतिको शिकार हुने घटना बढ्दैछ। नेकपा (माओवादी) ले प्रहरी माथि बालबालिका र सर्वसाधारण नागरिकलाई समेत "मानव ढाल" को रूपमा प्रयोग गरेको आरोप लागाउने गरेको छ भने सरकारले १८ वर्ष मुनिका कैयौं बालबालिकाहरूलाई जबरंजस्ती सशस्त्र सैन्य गतिविधिमा सहभागी गराएको आरोप माओवादीलाई लगाएको छ। यसै वर्ष जाजरकोटको पाँचकटियामा दुई पक्षबीचको भिडन्तमा ४ जना बालबालिकाले ज्यान गुमाए। माओवादीका पक्षबाट वा माओवादीको कारण मारिएका वा ज्यान गुमाएका १७ जना बालबालिकाहरूमा पाँचकटिया घटनाका ५ जनाबाहेक अन्य दूई घटनामा मारिएका बालबालिका माओवादीको प्रत्यक्ष निशाना भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेकं) को सूचनामा उल्लेख छ। ती दुई घटनामा १ लाई गोली हानी मारिएको छ। अर्को, घरभित्र लगाइएको आगोमा परेको भएतापनि त्यसलाई माओवादीले अस्विकार गरेको छ। त्यस बाहेकका अन्य १० वटा घट्ना भने माओवादीले विरोधी पक्षलाई लक्षित गरेर लुकाइराखेका वम र बन्दुकको शिकार बालबालिका भएका छन्। त्यस्ता घटनामा अन्य कैयौं बालबालिकाहरू घाइते भएकोमा ७ जना गम्भिर घाइते भएको सिविनले जनाएको छ। माओवादीले केही नाबालकहरू वेपत्ता पारेको र केही बालिकाको यौन शोषण गरेको आरोप पनि छ।

प्रहरीको तर्फबाट भएका बालबालिकाको हत्याका ४५ वटा घटनाहरूमा अधिकांश घटनामा प्रहरीले बालबालिकामाथि निशाना बनाएको हुन सक्ने वा बनाएको तथ्य इन्सेकको सूचनामा उल्लेख छ। यस क्रममा सबैभन्दा पहिलो घटनामा गोर्खाका ११ वर्षिय नाबालक विद्यार्थी दिलबहादुर रम्तेल २०५२ फागुन १४ गते विद्यालयका शिक्षकलाई प्रहरीले विद्यालयबाटै पक्राउ गरेर लैजाने क्रममा भएको विरोधमा प्रहरीबाट मारिएका थिए। त्यस पछिका अन्य अधिकांश घट्नाहरूमा घरमा बसेको अवस्थामा, गोठालो गएका अवस्थामा, माओवादीको आरोप वा आशंकामा पक्राउ गरेपछि तथा अन्य यातना पछि प्रहरीबाट गोली हानी हत्या गरिएको पाइन्छ। हत्याका अतिरिक्त प्रहरीबाट केही नाबालकहरू पक्राउमा परेको र वेपत्तासमेत परेको सिविनले जनाएको छ। तर बालबालिकाहरूमाथिका यस्ता हिंसाजन्य घट्ना र हत्यालाई दुवै पक्षले अस्विकार गर्ने तथा परस्परमा दोषारोपण गर्दै आइरहेका छन्। गत वर्ष एक बालिकाले "जनयुद्ध" मा सामेल हुन लगाइएको बन्देजका कारण आत्माहत्या गरेकी थिइन्।


जिल्ला प्रशासन कार्यालय टोल्या अगाडि माओवादीले राखेको बम विस्फोटन भई मृत्यु भएका ४ वर्षीय बालक लाटा सुनार

**निश्कर्ष**

माओवादी जनयुद्ध प्रभावित जिल्लाहरूको स्थलगत अध्ययन पछि केही दिन पहिले मात्र राजधानी आइपुग्नु भएका राष्ट्रिय मानव अधिकार आयोगका सदस्य कपिल श्रेष्ठ माओवादीले बालबालिकाहरूलाई सैन्य गतिविधिमा प्रयोग गरेको कारणले पनि बालबालिकाहरूको रगत बगिरहेको बताउनु हुन्छ। उहाँका अनुसार ती क्षेत्रमा १५-१६ वर्षका बालबालिकाहरूसमेत बन्दुक बोकेर हिंडेको देखिन्छन्। तर माओवादी नेतृत्वले यो सत्यलाई स्विकार नगरेको पनि उहाँ बताउनु हुन्छ।

सशस्त्र संघर्षको मारमा, बालबालिकाहरूको हत्यालगायत्का अन्य यातनाका घटनाहरूका सम्बन्धमा सिविनका अध्यक्ष गौरी प्रधान दुई प्रमुख समस्या रहेको बताउनु हुन्छ। अध्यक्ष प्रधानका अनुसार प्रत्यक्ष सहभागिता वा प्रयोग र दमन वा नियन्त्रणका कारणं बालबालिकाहरू हिंसाको शिकार हुँदैछन्। जसको कारण त्यस क्षेत्रका विद्यालयमा असर पुगेको छ। स्वास्थ उपचार हुन सकेको छैन। जेल परेका, मारिएका र भागेका ( विस्थापित, पलायन र सुरक्षाको खोजीमा रहेका) बालबालिकाहरूको स्थिति दयनीय रहेको छ। त्यसै गरी माओवादी पक्षले सैन्य गतिविधिमा बालबालिकाको प्रयोग नगरेको र उनीहरूमा उत्पन्न विद्रोहलाई सम्मान गर्दै फर्काउने कुरा बताएकै भएपनि १८ वर्ष मुनिका बालबालिकाहरूको प्रयोग नगरेको भन्ने कुराको पुष्टी भने हुन सकेको छैन। जेनेभा कन्भेन्सनको विषय माओवादीले उठाउँदै आएको हुँदा पनि उनीहरूको प्रतिबद्धता सम्मानजनक त छ तर पनि "जनयुद्ध" का कारण बालबालिकाहरूको सुरक्षा र विकासमा उत्पन्न बाधालाई न्यूनिकरण वा अन्त्य गर्ने तर्फ दुवै पक्षको भूमिका हुनु पर्ने अध्यक्ष प्रधानको धारणा छ। राज्य पक्षले पनि सैन्य कारवाहीमा बाल हिंसा नगर्ने सम्बन्धमा जनाएको प्रतिबद्धता पुरा नगरेको उहाँको ठहर छ।

बाल अधिकार, बाल विकास र सुरक्षा सबैको लागि समान महत्व र चिन्ताको विषय हो र हुनुपर्छ। तर पनि नेपालमा विगतको तुलनामा २०४६ साल पछि त्यसमा पनि २०४८ र २०५१ का बीचमा बालबालिकाहरूमाथि राज्य पक्षले हिंसात्मक कारवाही गरेको पाइन्छ। त्यसपछि "जनयुद्ध" को नियन्त्रण वा दमन र उत्थान वा विकासका नाममा बालबालिकामाथिको सैन्य कारवाही, सैन्य सहभागिता र लक्षित उद्देश्य पुरा गर्न निशाना बनाउन थालिएको पाइन्छ। त्यस्ता गतिविधिबाट बालबालिकालाई सुरक्षा प्रदान गर्न तथा कुनै पनि जोखिमपूर्ण कार्यबाट बालबालिकालाई टाढै राख्न सबैले जनाउँदै आएका प्रतिबद्धताहरू व्यवहारमा पनि लागू गर्नु आवश्यक छ।

**सन्दर्भ सामग्री तथा सूचना सहयोग**

१) नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन)
२) अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
३) मदन आश्रित स्मृति प्रतिष्ठान
४) नेपाल प्रहरी
५) रेडक्रसको अन्तर्राष्ट्रिय समिति
६) युनिसेफ
७ विभिन्न पत्रपत्रिकाहरू




# माओवादी जनयुद्ध र मानवअधिकारको प्रश्न

– राजेन्द्र गौतम

**पृष्ठभूमि**

आजभन्दा पाँच वर्ष पहिले अर्थात् ०५२ फागुन १ गते "आम जनसमुदायलाई जनयुद्धको बाटोमा अघि बढ्ने" अपिलका साथ भूमिगत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले जनयुद्ध शुरू गरेको थियो। पाँच वर्षको यस अवसरमा माओवादी पार्टीले जनयुद्धको पाँचौं वार्षिकोत्सव मनाइ छैटौं वर्षमा प्रवेश गरिसकेको छ।

नेकपा (माओवादी) का पोलिटब्यूरो सदस्य तथा तत्कालिन संयुक्त जनमोर्चा नेपालका अध्यक्ष डा. बाबुराम भट्टराईले ०५२ माघ २१ गते तत्कालिन सरकार प्रमुख शेरबहादुर देउवा समक्ष ४० सूत्रीय माग प्रस्तुत गर्दै राष्ट्र र जनताको जीवनसँग सम्बन्धित उक्त मागहरू ०५२ फागुन ५ गतेसम्म पूरा नभए विद्यमान राज्यसत्ताको विरोधमा सशस्त्र संघर्षको बाटोबाट सडकमा उत्रन बाध्य हुने जनाइएको थियो। सरकारी पक्षबाट कुनै सुनुवाई नभएपछि ०५२ फागुन १ गतेदेखि शुरू भएको जनयुद्धलाई फागुन ६ गते एक वक्तव्य प्रकाशित गर्दै नेकपा (माओवादी) लाई नैतिक समर्थन गर्दै आएको संयुक्त जनमोर्चा नेपालले समर्थन र सहयोग गर्ने सार्वजनिक प्रतिबद्धता व्यक्त गऱ्यो। र, ०५२ फागुन १ गतेदेखि शुरू भएको जनयुद्धको फौजी तथा गैरफौजी कार्वाहीहरूले गम्भीर अन्यौलता भइरहेको सन्दर्भमा नेकपा (माओवादी) का तत्कालिन महामन्त्री प्रचण्डले एक वक्तव्य प्रकाशित गरी त्यसको जिम्मेवारी लियो। त्यसबेलादेखि देशमा औपचारिक रूपमा मानवअधिकारको उल्लंघनका घटनाहरू हुन थाले। त्यसपछि क्रमश: माओवादी छापामारहरूले सयौं प्रहरी चौकीहरूमाथि कार्वाही गरी हतियार लुट्ने वा कब्जा गर्दै अगाडि बढे भने श्री ५ को सरकार त्यसलाई रोक्ने नाममा व्यापक जनदमनमा ओर्लियो। सयौं नागरिकहरूको हत्या भयो। कैयनलाई झुठा मुद्दामा फसाइयो। र, धरपकड र जेल चलान गरियो। कैयौं सर्वसाधारण नागरिक वेपत्ता पारिए।

देशको गरीवि, बेरोजगारी, वर्गीय शोषण, थिचोमिचो, प्रतिक्रियावादी सत्ताधारी वर्गको एकलौटी र हालीमुहाली, अन्याय-अत्याचार, भ्रष्टाचार, महंगीलाई प्रश्रय दिंदै सत्तारूढ दल नेपाली कांग्रेस र त्यसको सरकारको निरंकुश शैलीले जनता र सरकारका बीचमा गम्भीर खालका मतभेद र असन्तुष्टिहरू देखा परे। त्यो असन्तुष्टि विद्रोहमा परिणत भयो। त्यसबीचमा सत्तापक्षबाट व्यापक रूपमा मानवअधिकारको हनन, मुलुकमा राष्ट्रिय अस्तित्वको संकट र विदेशी अर्थतन्त्रको प्रभावका कारण मुलुकमा माओवादी जनयुद्धले फस्टाउने प्रशस्त मौका पायो। यस्ता घटनाले देशमा 'दोहोरो शासन' लादियो। जनताले दुवै शासनको मारमा पिल्सिनु पऱ्यो। सरकारले आम नागरिकको सुरक्षाको पूर्ण ग्यारेण्टी गर्न सकेन। जनयुद्धको नियन्त्रण गर्ने निहुँमा राज्यसत्ताबाट नै ठूलो संख्यामा मानवअधिकार उल्लंघनका घटनाहरू भए।

**वार्ता प्रसंग**

माओवादी जनयुद्धले मुलुकमा आफ्नो खास पहिचान बनाएपछि सरकारी तवरबाट वार्ताको प्रसंग अगाडि सारियो। तर वार्ता के का लागि, को सँग र किन ? भन्ने प्रश्नहरू

अनुत्तरित नै थिए। न त यसका बारेमा सरकारले आफ्नो दृष्टिकोण स्पष्ट गर्‍यो, न त माओवादीले नै स्पष्ट गर्न सके। सरकारले माओवादीसंगको वार्ता प्रसंग संगसैगै प्याकेज प्रोग्राम, सेना प्रयोगका प्रसंग, अरू अगाडि सार्‍यो भने माओवादीहरूले 'जनता र क्रान्तिलाई फाइदा पुग्ने गरी' वार्तामा जाने कुरा गरे। दुवै थरिले वार्तालाई एउटा "पेपरवार" को मुद्दा बनाए। तर दुवै पक्ष इमान्दारीपूर्वक वार्ताका लागि तयार भएनन्। सरकारले पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा माओवादीसंग वार्ता गर्ने र समस्या पहिचान गर्ने एउटा आयोग त बनायो तर उक्त आयोग सत्तारूढ दलभित्रै रहेको विवाद र सत्ता खिचातानीका कारण सत्ता राजनीतिको एउटा "टर्मकार्ड" नै बन्यो। आयोगले रिर्पोट ( प्रतिवेदन) दियो। त्यसको कार्यान्वयन भएन भने माओवादीका तर्फबाटभएका ठूले राई प्रकरण र दुनै घटनाले वार्तालाई अझ पछाडि धकेलिदियो। त्यसपछि त गृहमन्त्रीको राजिनामा र तत्कालिन आइजिपिको अवकासले वार्ता प्रसंगलाई अरू जटिल मोडमा पुर्‍यायो। फेरी पनि सरकारले स्थितिको गम्भीरतालाई बुझ्न सकेन। मानवअधिकारवादी संघ, संस्था र आम समुदायको दबाबका कारण पुन: वार्ताले नयाँ गति लियो। यसैबीच नेकपा (माओवादी) का केन्द्रीय सदस्य रविन्द्र श्रेष्ठ र उपप्रधानमन्त्री एवं गृहमन्त्री रामचन्द्र पौडेल बीच वार्ता समेत भयो। तर वार्ताले ठोस निष्कर्ष निकाल्न सकेन। दुवै पक्ष एकले अर्कोलाई प्रयोग गर्ने रणनीतिमा तल्लिन रहे। त्यसै बीचमा माओवादी पार्टीका तत्कालिन महामन्त्री प्रचण्डले वार्ताको आह्वान गर्दै सरकारलाई कडा चेतावनी दिए। त्यही क्रममा सरकारले दिनेश शर्माको रिहाइ गर्ने "कलाविहीन नाटक" प्रस्तुत गर्‍यो। दिनेश शर्मा लगायत अन्य एक जनालाई जुन रूप र अवस्थामा सरकारले रिहाई गर्‍यो यसले माओवादी-सरकार वार्ताको सिङ्गो वातावरण विथोलिदियो। यस घटनाले पनि सरकार वार्ता विथोल्ने र मानवअधिकार उल्लंघन गर्ने मुख्य दोषी हो भन्ने कुरालाई पुष्टि गरेको छ। फेरी पनि वार्ता प्रसंगको कुरा आउन थालेको छ। तर यसको शुरुवात र वैठान कसरी हुन्छ अहिले नै यकिन गर्नु धेरै हतार हुन्छ।

**सशस्त्र प्रहरी वल र यसको औचित्य**

श्री ५ को सरकारले एकातिर वार्ता गर्ने र अर्कोतिर माओवादी नियन्त्रण गर्ने नाममा सशस्त्र बल तथा स्थानीय प्रशासन सम्बन्धी अध्यादेश ल्याएर माओवादी समस्यालाई दमनबाट मात्र समाधान गर्ने मूर्खतापूर्ण बाटो अख्तियार गर्दैछ। यस घटनाले अरू बढी मानव अधिकार उल्लंघनको घटनाहरू घट्न सक्ने प्रवल सम्भावना देखा परेको छ। यसलाई समयमा नै नरोक्ने हो भने मुलुक गृहयुद्धको चपेटामा पर्नेछ। हत्या, आतंकको घटनाले मुलुकमा ठूलो रक्तपात हुन सक्ने स्थिति सृजना भइसकेको छ।


अपहरित प्रहरी इन्सपेक्टर दिलिप गुरुङलाई माओवादीहरूले इन्सेकका क्षेत्रिय प्रतिनिधि [illegible] शर्मा र इन्सेक आबद्ध संस्थाका कार्यक्रम संयोजक होम [illegible] जिम्मा [illegible] आयोजित पत्रकार सम्मेलन

**संविधान संशोधनको प्रसंग**

नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले संविधानको समयोचित संशोधन प्रस्ताव अगाडि सार्नु भएपछि संविधान संशोधनको प्रसंगले बढी चर्चा पाएको छ। माओवादी पार्टीका पोलिटब्यूरो सदस्य डा. बाबुराम भट्टराईले संविधान परिवर्तन र त्यसको लागि संविधान सभाको चुनावको चर्चा गरेको मसी सुक्न नपाउदै माओवादी पार्टीको हालै सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनले देशको विद्यमान संकटपूर्ण स्थितिको राजनीतिक निकासका रूपमा सम्बन्धित सबै पक्षसंग वार्ता तथा मुख्यत: देशका सम्पूर्ण राजनीतिक पार्टी, संघ संस्था तथा जनसंगठनहरूका प्रतिनिधिहरूको सर्वपक्षीय सम्मेलन एवं सो सम्मेलनद्वारा अन्तरिम सरकारको निर्वाचन र सो अन्तरिम सरकारको नेतृत्वमासंविधान निर्माणको ग्यारेण्टीको नारा अगाडि सारी फेरि पनि वार्ताबाट समस्याको निकास खोज्न थालेको आभास हुन्छ। श्री ५ को सरकारले संविधान संशोधनको प्रसंगमा उठेको यो वार्ता प्रसंगलाई पनि बुझ्न सकेको देखिदैन। यसबाट स्पष्ट हुन्छ स्वयं सस्कार वार्ता गर्ने र माओवादी समस्यालाई वार्ताबाट समाधान गर्न उत्सुक देखिदैन।

**मानवअधिकारको प्रश्न**

नेपाल अधिराज्यको संविधान ०४७ को प्रस्तावमा नै मानवअधिकारलाई समावेश गरी जनतालाई सार्वभौम सत्ताका स्रोत मानिएको छ। नागरिक भै जिउधनको निमित्त आवश्यक पर्ने मानिसका जन्मसिद्ध हकलाई संरक्षण गर्न संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको मानवअधिकारको विश्वव्यापी घोषणालाई मूर्तरूप दिन "मानवअधिकार" लाई संविधानमा समावेश गरिएको छ। त्यसरी नै मानवअधिकारको शत्रुको रूपमा रहेको मृत्युदण्डलाई उन्मुलन गर्ने प्रावधान संविधानको धारा १२ को (१) मा र ११-१३ सम्म समावेश गरिएका छन्। सभ्य नागरिक बन्न आवश्यक पर्ने विना हातहतियार भेला हुन पाउने हक, दल खोल्न पाउने हकहरू अकुण्ठित रूपले पाउने व्यवस्था गरिएको छ। राज्यको तर्फबाट यदि नागरिकहरूको हक हनन भएमा क्षतिपूर्तिको हक पनि व्यवस्था गरिएको छ। यो संविधानको पूर्ण पालना गर्ने र गराउने जिम्मा सरकारको हो। त्यस अनुसारको व्यवहार भएको छ वा छैन आफैमा मूल्यांकनको विषय भएको छ। अर्थात् यो पाँच वर्षको अवधिमा माओवादीहरूले पनि मानिस मारे। तर संविधान, कानूनलाई पालना गराउनु पर्ने राज्यका तर्फबाटै संविधान, कानूनलाई रछ्यानमा मिल्काइयो, सयौं मानिसलाई गिरफ्तार गरी वेपत्ता पारियो, अदालतले निर्दोष सावित गरी छोडेकालाई तुरून्त गिरफ्तार गरियो, मृत्युदण्ड संविधानमा निषेध छ, तर निर्दोष जनताको हत्या भैरह्यो। महिलाहरू बलात्कृत भए। झुठा मुद्दामा मानिसहरू फसाइए। तसर्थ सामान्य नागरिक र राज्यलाई समान रूपमा राख्न मिल्दैन। नागरिकलाई दण्ड दिने निकाय छ तर राज्यलाई छैन। समस्यालाई किनारासम्म पुर्‍याउने प्रयत्न सरकारले गर्नुपर्छ। ●

प्रत्येक शनिबार विहान ८:३० बजे रेडियो नेपालबाट प्रशारण हुने मानवअधिकार शिक्षा कार्यक्रम सुन्न नभुलौं ।



# बाँच्न पाउने अधिकारबाट बञ्चित रूकुमेली जनता

– सूर्यप्रकाश भट्टराई

डाँडापारी माओवादीले फायरिङ गर्थे यता रूकुम सदुरमुकाममा प्रहरीले अन्धाधुन्ध बन्दुक पड्काउँथे, डाँडापारी माओवादीका र वारी प्रहरीको बन्दुक पड्किने त्रासमा खलंगाबासीले दिन बिताउँदै आएका छन्।

केही वर्ष अगाडि विकास माग गर्ने रूकुमेली जनता अहिले जीवन बचाउने माग गरिरहेका छन्। प्रहरी र माओवादीको दोहोरो मारमा परेर महिला, बुढाबुढी, केटाकेटी, यूवा सबै खाले मानिसहरू असुरक्षित जीवन बिताउन बाध्य देखिन्छन्। रूकुम जिल्लामा माओवादी जनयुद्ध संचालन भए यता २०५ जना मानिस प्रहरीद्वारा मारिएका छन्। त्यसैगरी ६४ जना मानिसहरू माओवादीद्वारा मारिएका छन्। यस बाहेक सरकारबाट वेपत्ता पारिएका, यातना पाएका, स्वेच्छाचारी पक्राउमा परेका मानिसहरूको संख्या पनि धेरै नै छ भने माओवादीबाट पनि बन्धक बनाउने, अङ्गभङ्ग गर्ने र अपहरण गर्ने घटनाबाट पीडित मानिसहरूको संख्या पनि उल्लेखनीय पाइन्छ। देशमा संचालन भएको माओवादी आन्दोलनबाट प्रभावित जिल्ला रूकुम र रोल्पा हाराहारीमा पर्दछन्। यी जिल्लालाई माओवादी आन्दोलनको केन्द्र भाग भन्न सकिन्छ। यस समस्याबाट अहिले धेरै मानिस विस्थापित भएर घर छोडेर जिल्ला सदुरमुकाममा असुरक्षित जीवन बिताइरहेका छन् भने केही मानिसहरू जिल्ला छोडेर मधेशतिर झरेको पनि भेटिएको छ। माओवादीको गतिविधिबाट जिल्ला सदरमुकाम पनि सुरक्षित लाग्दैन।

> हामी त्यहाँ जाँदा सदरमुकाममा सुरक्षा व्यवस्था कडा रहेको पाइयो, आघोषित कर्फ्यू लागू गरिएको पाइयो, गाउँ गाउँमा माओवादी गतिविधि तीव्र भइरहे पनि सदरमुकाममा प्रहरीले बेलुका सात बजे अगावै सम्पूर्ण पसल, होटल बन्द गराउनुका साथै मानिसको हिँडडुलमा पनि रोक लगाएको थियो ।

हामी त्यहाँ जाँदा सदरमुकाममा सुरक्षा व्यवस्था कडा रहेको पाइयो, आघोषित कर्फ्यू लागू गरिएको पाइयो, गाउँ गाउँमा माओवादी गतिविधि तीव्र भइरहेपनि सदरमुकाममा प्रहरीले बेलुका सात बजे अगावै सम्पूर्ण पसल, होटल बन्द गराउनुका साथै मानिसको हिँडडुलमा पनि रोक लगाएको थियो।

फागुनको पहिलो हप्ता जनयुद्ध पाँच वर्ष पुगेर छैठौं वर्ष प्रवेश गर्ने अवसरमा रूकुम सदरमुकाम खलंगामा माओवादीहरूको वर्ष गाँठको हर्ष बढाई र प्रहरीको जवाफी कार्वाही सबै वम र बन्दुक पड्काएर दिएको आफ्नै कानले सुन्ने र आँखाले देख्ने अवसर मिल्यो।

इन्सेक र स्थानीय संस्था मानव अधिकार संरक्षण तथा कानूनी सेवा केन्द्र रूकुमको आयोजनामा खलंगामा फागुन १ गतेदेखि ५ गतेसम्म मानव अधिकार कार्यकर्ता प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गर्न इन्सेक केन्द्रीय कार्यालयबाट रमेश पौडेल र मसमेत' हामी दुई जना माघ २८ गते रूकुम पुगिसकेका थियौं।

हामी होटलमा बसेका थियौं। सदुरमुकाम पुगेकै दिन स्थानीय मानिसहरूले हामीलाई जिल्लाको गतिविधि जानकारी गराउनुभयो - यो सदरमुकाम बाहेक जिल्ला

माओवादीको कब्जामा छ, माओवादीहरूले जिल्ला जनसरकार बनाइसकेका छन्। सदरमुकाम वरिपरि १५ मिनेटको एरिया प्रहरीको नियन्त्रणमा छ, माओवादीहरूले एयरपोर्टदेखि उत्तरपट्टिको डाँडा पारी गाउँमा आफ्ना खुला गतिविधि गर्दै आएका छन्। गाउँ जनसरकार, स्थानीय गाउँ गाउँमा गठन भइसकेको छ, गाउँमा कुनै पनि काम गर्न माआवोदीको स्वीकृति लिनुपर्छ। यति कुराको जानकारी पहिलो दिन, पहिलो भेटघाटमा नै स्थानीय मानिसबाट प्राप्त भयो।

बाटो छेउमा होटल भएकाले खलंगा बजारमा साँझ परेपछि प्रहरीको गस्ती रातभरी हिंडेको आवाज सुनिन्थ्यो। रातमा बत्ती बालेर लेख्न पढ्न नपाइने, सुत्नुपर्ने बाध्यता थियो। आपसमा कुराकानी गर्न र रेडियो खोल्नसमेत प्रहरीहरूले दिएनन्। प्रहरीको 'गुड डे' राति सुरू हुन्थ्यो। माघ २९ गते राति माओवादीले जनयुद्ध सफल पारौं भनेर छरेको पर्चा फागुन १ गते बिहानै प्रहरीले फेला पारे।

बिहान उज्यालो हुने बित्तिकै धारामा मुख धुन लाग्दै गर्दा थाहा भयो माओवादीले छरेको पर्चाले निकै चर्चा पाएको थियो त्यस बिहान।

प्रहरीको रातभरीको कडा गस्तीका बाबजुद् पनि पर्चा छरेको भेटिनुले बजारका मानिस त्रसित देखिन्थे र भन्न थाले- संदुरमुकाम पनि सुरक्षित छैन अब त।

खलंगा बजारदेखि दक्षिणपट्टि मुसिकोटमा नेपाल आर्मी (शाही सेना) को ब्यारेक छ, अहिले जिल्ला सदरमुकाम सुरक्षाको निम्ति भनेर जिल्ला विकास समितिमा शाही सेनाको एउटा टुकडी बसेको छ। रूकुम जिल्लामा शाही सेनाले मोटर बाटो बनाउँदै छन्। सदरमुकामबाट दुई घण्टा नजिकको दुरीसम्म कच्ची मोटरबाटो निर्माण भइसकेको छ। शाही सेनाले बाटो बनाईदिएका कारण स्थानीय मानिसहरू शाही सेनाका मानिसहरूसँग खुशी देखिन्छन्। प्रहरी र स्थानीय मानिसहरूको सम्बन्ध भने अहिले राम्रो छैन्। प्रहरीको व्यवहारबाट आतंकित छन् रोल्पाका जनता। गत वर्ष भएको खाराको घटना त्यहाँ मानिसको दिमागमा ताजै छ, सदरमुकामबाट खाराको डाँडो सजिलै देखिन्छ। प्रहरीले अहिले पनि मानिसहरूलाई सोधपुछ गर्ने, दु:ख दिने काम गर्दैआएका छन्। प्राय: प्रत्येक दिन जिल्ला प्रहरी कार्यालयमा १५/२० जनाका दरले गाउँका मानिसलाई समात्दै

## रूकुम जेलका बन्दीहरू

रूकुम जिल्ला खारा गाविस-४ का खगेन्द्र के.सी.लाई ०५५ साल माघ ३ गते प्रहरीले माओवादीको आरोपमा निजकै घरबाट गिरफ्तार गरे। खगेन्द्र के.सी. को तर्फबाट हालसम्म ४ पटक बन्दी प्रत्यक्षीकरणको रिट अदालतमा दायर गरिसकिएको छ। रूकुम अदालतको रोहबरमा छोडेकै दिन उनलाई अदालतको परिसर बाहिरबाट पक्राउ गरी १६/१७ दिन जति हिरासतमा राखियो। शान्ति सुरक्षा ऐन ०४६ अन्तरगत थुनुवा पुर्जी दिई पुन: कारागारमा पठाउने गरेको कुरा खगेन्द्र बताउँछन्। आफू नेकपा एमालेको समर्थक भएको, राष्ट्रको संविधान, कानुन, नियम व्यवस्था मान्दै आएको, मान्छु भन्दाभन्दै पनि शान्तिमा खलल पुग्न जाने भनी शान्ति सुरक्षा ऐन ०४६ अन्तरगतको थुनुवा पुर्जी दिई कारागार पठाइयो। सरकारले आफूलाई अन्याय गरेको, देशको ऐन मिची आफ्नो मानवअधिकारको हनन गरेको कुरा उनी बताउँछन्।

लोकेन्द्र विष्ट, गणेशमान पुन, राजकुमार विष्ट लगायतका व्यक्तिहरूलाई अदालतले सफाई दिएकै दिन अदालत परिसर बाहिरबाट पक्री १२/१५ दिन जति हिरासतमा राखियो र शान्ति सुरक्षा ऐन ०४६ अन्तरगत थुनुवा पुर्जी दिई कारागार पठाइएको थियो। निजहरूलाई प्रत्येक ३/३ महिनामा अदालतको रोहबरमा छोड्ने र अदालतकै परिसरबाट पुन: पक्राउ गरी केही दिन हिरासतमा राखी पुन: थुनुवा पुर्जी दिई कारागार पठाउने गरेको कुरा उनीहरू बताउँछन्। हिरासतमा रहँदाको अवस्थामा खानाको कुनै व्यवस्था नहुने, सो समय भरिको सम्पूर्ण व्यवस्था आफूले गर्नु पर्ने भएकोले आफूहरूमाथि सरकारले आर्थिक शोषण गरेको उनीहरू बताउँछन्।

२०५७ पुस १७ गते प्र. स. नि. यामबहादुर थापाको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी शर्वजित के.सी. समेत भएको कर्तव्य ज्यान मुद्दामा सफाई पाएका शर्वजित र लोकबहादुर पुनलाई अदालतबाट सफाई पाएकै दिन पक्री हिरासतमा राखियो। १७ दिनपछि मात्र निजहरूलाई शान्ति सुरक्षा ऐन २०४६ अन्तरगत थुनुवा पुर्जी दिई कारागारमा पठाइएको छ।

हिरासतमा राख्ने, यातना दिने र छाड्ने क्रम जारी नै छ। प्रहरी कार्यालयमा दंगा प्रहरी पनि रहँदै आएका छन्। दंगा प्रहरीका डिएसपी समेत गरी जिल्ला प्रहरी कार्यालयमा २ जना डिएसपी रहँदैआएका छन्। जिल्ला प्रहरी कार्यालय अगाडि टुँडिखेलमा प्रहरीको हेलिकप्टर नियमितरूपमा हप्तामा ४/५ पटक आउने गरेको देखिन्थ्यो। प्रहरीले अहिले पनि आफ्ना आचरणमा परिवर्तन ल्याउन नसकेका कारण माओवादी समस्या बढ्न पुगेको अनुमान गर्न सकिन्छ। प्रहरी कार्वाही कम हुँदा माओवादी आक्रमणमा पनि कमी आएको पाइएको छ यस जिल्लामा।

फागुन १ गते खलंगाको उच्च माविको स्रोत केन्द्र भवनमा मानव अधिकार तालिमको उद्घाटन कार्यक्रम राखिएको थियो। उद्घाटनमा प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद न्यौपाने, जिल्ला विकास उपसभापति ठगेन्द्रप्रकाश पुरीलगायत् राजनीतिक पार्टीका प्रतिनिधिहरू र बार एशोसियशनका अध्यक्ष नवराज गौतम, समाजसेवी हेमजंग मल्लले बोल्नुभएको थियो।सबै वक्ताहरूले माओवादी जनयुद्ध भएयता जनताका मानव अधिकार उल्लंघन भएको र रूकुमेली जनताले बाँच्न पाउने अधिकारबाट बन्चित भएको बताउँदै जिल्लामा शान्ति स्थापनाको खाँचो भएको कुरामा जोड दिनुभएको थियो। वक्ताहरूले अहिले केही समय यता हत्या, हिंसाको घटनामा कमी आएको जानकारी गराउनु भएको थियो। माओवादीहरूले जिल्ला जनसरकार गठन गरे यता उनीहरूबाट पनि हत्या हिंसाको घटनामा कमी आएको र सरकारी पक्षबाट पनि पहिलेको तुलनामा नयाँ सिडियो र डिएसपी आएपछि घटनाहरू कम भएको कुरा वक्ताहरूले जानकारी गराउनुभएको थियो।

तालिम माओवादी जनयुद्ध र मानव अधिकार प्रत्याभूतिसम्बन्धी विषयमा बढी केन्द्रित थियों। स्थानीय मानिसहरू निकै रूची राखेर तालिममा भाग लिएका थिए। जिल्लाका राजनीतिक पार्टीका प्रतिनिधिहरू, कानून व्यवसायी, पत्रकार, शिक्षक, विद्यार्थी, महिला कर्मचारीलगायत्का मानिसहरूको तालिममा सहभागिता रहेको थियो।

माओवादी जनयुद्ध सुरू हुनुको प्रमुख कारण नेकपा माओवादीमा आएको सैद्धान्तिक विचलन र अधैर्यता, माओवादीका मागप्रति सरकारी वेवास्ता, सरकार र संसदमा प्रतिनिधित्व गर्ने पार्टीहरू जनताप्रति

अनुत्तरदायी हुनु, कानूनी राज्यको अवधारणाप्रति सरकारी वेवास्ता, झुठा मुद्दा र प्रतिशोधपूर्ण राजनीति, संविधान र कानूनको सरकारी र माओवादी दुवै पक्षबाट उल्लंघन, महंगी, भ्रष्टाचार, घुसखोरी र तस्करीले प्रश्रय पाउनु, मानव अधिकारप्रति राज्य र माओवादी पक्ष संवेदनशील नहुनु, माओवादी समस्यालाई हेर्ने दृष्टिकोणमा भिन्नता रहनु, माओवादी समस्या सत्ताको भऱ्याङ बन्नु, नागरिक समाजमा चेतनाको अभाव हुनु, विकास निर्माणमा ढिलासुस्ती र पक्षपात, गरिबी, अशिक्षा, बेरोजगार समस्या, सामाजिक असमानता विद्यमान हुनु, भौगोलिक विकटता, गलत सूचना सम्प्रेषित हुनु, मानव अधिकारवादीहरूको अहम् भूमिकामा कमी आदि कुराहरू माओवादी जनयुद्ध हुनुका कारणहरू भएको सहभागीहरूले उल्लेख गरेका थिए।

माओवादी समस्या कम गर्न के गर्न सकिन्छ भन्ने प्रश्नको निश्कर्षमा माओवादी समस्यालाई मानवीय दुष्टिकोणले हेर्नुपर्ने, वार्ताको लागि नागरिक समाजलाई सचेत गराउन पहल गर्ने, मानव अधिकार शिक्षा बारे प्रचार गर्ने, गोष्ठी सेमिनार, पर्चा, पम्पलेट आदिको माध्यमबाट प्रसार गर्ने, वार्ताका लागि दुवै पक्षलाई दबाब दिने, माओवादी समस्याको असर र प्रभावबारे व्यापक छलफल र बहस चलाउने तर्फ जोड दिइयो।

**माओवादी प्रभावित जिल्लामा जनयुद्धले पारेको असर**

स्वतन्त्ररूपले बाँच्न पाउने अधिकारबाट बन्चित जनतामा शान्ति सुरक्षाको अभावले गर्दा विस्थापनको समस्या बढेको छ। विकास निर्माणमा अवरोध भएको छ। माओवादीहरूको नाममा खाओवादीको संख्या बढेको छ। पर्यटकीय क्षेत्रमा असर परेको छ। करकाप र डरत्रासबाट चन्दा संकलन गर्दा जनतामा आर्थिक संकट परेको छ। अचल सम्पत्तिको खरिद बिक्रीमा अवरोध उत्पन्न भएको छ। बाल अधिकार हनन भएको छ। महिलाहरूको यौन शोषण भएको छ। गोला बारूदको प्रयोगले वातावरणमा असर परेको छ। निर्दोष व्यक्तिले यातना भोग्नुपरेको छ। न्यायालयको अवज्ञा भएको छ। अपराधिक प्रवृत्तिको विकास भएको छ। स्वतन्त्ररूपले हिँडडुल गर्न नपाएको अवस्था छ। स्वतन्त्र न्यायपालिकाको प्रयोगबाट जनता बन्चित छन्। कृषि उत्पादनमा कमी आएको छ। यस बाहेक



नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा माओवादी जनयुद्धले असर गरेको छ।

माओवादी समस्या समाधान गर्न सरकार र माओवादीले दुवै पक्षले गर्नुपर्ने काम :

**सरकारी पक्षबाट**

युवाहरूमा व्याप्त निराशाको अन्त्यका लागि बेरोगारी समस्या हल गर्नुपर्ने। माओवादी समस्या समाधानको लागि सशस्त्र प्रहरी बल प्रयोग गर्न नहुने। विकास निर्माणमा अग्रसर हुनुपर्ने। नागरिक समाजलाई विश्वसनीय मध्यस्थकर्ता बनाउनु पर्ने। सरकारले वार्ताका लागि न्यूनतम वातावरण तयार गर्नुपर्ने।

**माओवादी पक्षबाट**

हत्या र हिंसाको राजनीतिं छोड्नु पर्ने। वार्तामा इमान्दारीतापूर्वक आउनुपर्ने र जिम्मेवार राजनीति गर्नुपर्ने। आदि कुराहरू सहभागीहरूबाट विचारहरू प्राप्त भएको थियो। र अन्त्यमा समस्या सिर्जना हुने कारण बारेमा निम्न कुराहरूमा व्यापक छलफल भई निष्कर्षमा पुगेका थियौं।

**माओवादी समस्या सिर्जना हुने कारणहरू**

२०४८ सालपछि मध्यपश्चिमका केही जिल्लाहरूमा संयुक्त जनमोर्चा नेपाल र सत्तारूढ दलका कार्यकर्ताबीच द्वन्द्व बढ्दै गएको।

- सरकारद्वारा संजमोका कार्यकर्ताहरूलाई झुठा मुद्दा लगाउनु।
- संजमोबाट अरू दलका कार्यकर्तामाथि आक्रमण हुनु।

**सरकारद्वारा**

(१) गैरन्यायिक हत्या
(२) बेपत्ता पारिने घट्ना
(३) स्वेच्छाचारी पक्राउ
(४) यातना
(५) दण्डहीनता बढेर गएको छ।

- मानव अधिकारको स्थिति ह्रासोन्मुख अवस्थामा रहेको छ।

**(१) गैरन्यायिक हत्या**

- २०५७ फागुनसम्ममा ९३२ जना नागरिकहरू प्रहरीबाट मारिएका छन्।
- प्रहरीबाट मारिएका ९३२ जनामध्ये धेरै जसो गैरन्यायिक हत्याको शिकार भएका छन्।
- कतिपयलाई पक्राउ गरिसकेपछि कब्जामा लिएर मारिएको छ भने कतिपयलाई जथाभावी गोली हानेर मारिएको छ।

**(२) बेपत्ता पारिने घट्ना**

- इन्सेक वर्ष पुस्तक शाखाका अनुसार २०५७ फागुनसम्मा १४९ जना नागरिक सरकारद्वारा बेपत्ता पारिएका छन्।

**माओवादीबाट भएका क्रियाकलाप**

(१) निहत्था नागरिकहरूलाई

- मार्नु
- बन्धक बनाउनु
- अंगभंग गर्नु
- अपहरण गर्नु
- एमनेष्टीका अनुसार १८ वर्ष मुनिका बालबालिकाहरूलाई सेनामा भर्ति गराएको कुरालाई लिएर यसरी नगराउन अनुरोध गरेको छ।

हत्या

(१) माओवादीबाट आफूसँग असहमत हुने २६२ नागरिकहरूको हत्या भएको छ।
- २५५ जना प्रहरीको मृत्यु भएको छ।

**अपहरण तथा बन्धक बनाउने घटना**

- बन्धक बनाइएका घट्नाहरू पनि छन्।

**माओवादी जनयुद्ध हुनुका कारणहरू**

- राजनीतिक अपराधिकरण
- भ्रष्टाचार संस्थागतरूपमा भइरहनु
- भ्रष्टाचारीहरूमाथि कारवाही नहुनु वा कारवाही गर्ने इच्छाशक्तिको कमी
- असन्तुलित विकास
- गरिबी
- माओवादीद्वारा संचालन गरिएको जनयुद्ध माओको दर्शनबाट भन्दा ज्यादा राजनीतिज्ञहरूको विकृत क्रियाकलापबाट अति उक्साइएको देखिन्छ।
- स्थायी ढंगले माओवादी जनयुद्धको समस्या समाधान गर्न भ्रष्टाचार र राजनीतिक अपराधीकरणको मुहानलाई बन्द गरिनुपर्छ।

**यस सम्बन्धमा भएको अन्तर्राष्ट्रिय कानूनी व्यवस्था**

- अन्तर्राष्ट्रिय मानवीय कानूनको रूपमा सन् १९४९ को चारवटा जेनेभा कन्भेन्सन र १९७७ को २ वटा अतिरिक्त प्रोटोकल रहेका छन्।
- नेपालले सन् १९६४ मा जेने कन्भेन्सनमा हस्ताक्षर गरिसकेको छ भने सन् १९७७ को दुई अतिरिक्त प्रोटोकललाई अनुमोदन गरेको छैन।
- जेनेभा कन्भेन्सनको धारा ३ ले सशस्त्र संघर्षमा सक्रियरूपमा भाग नलिएका व्यक्तिहरू सशस्त्र सेनाका हतियार त्यागने व्यक्तिहरू, घाइते भई लडाईबाट अलग

> माओवादीद्वारा संचालन गरिएको जनयुद्ध माओको दर्शनबाट भन्दा ज्यादा राजनीतिज्ञहरूको विकृत क्रियाकलापबाट अति उक्साइएको देखिन्छ ।
> स्थायी ढंगले माओवादी जनयुद्धको समस्या समाधान गर्न भ्रष्टाचार र राजनीतिक अपराधीकरणको मुहानलाई बन्द गरिनुपर्छ ।

भएका व्यक्तिहरूलाई मार्ने, अंगभंग गर्ने, यातना दिने र क्रुर व्यवहार गर्ने, बन्धक बनाउने, व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने जस्ता कार्यलाई जुनसुकै ठाउँ र समयमा निषेध गरेको छ।

बाल अधिकार महासन्धिको स्वेच्छिक प्रोटोकललाई हाल नेपालले अनुमोदन गरेको छ। उक्त प्रोटोकल सरकार र सशस्त्र विपक्षी समूह दुवैलाई लागू हुन्छ। जसअनुसार १८ वर्ष मुनिका व्यक्तिहरूलाई सशस्त्र सेनामा भर्ति गर्न नहुने र सशस्त्र संघर्षका घट्नामा संलग्न गराउन नहुने प्रावधान रहेको छ।

- बाँच्न पाउने कुरा मानिसको पहिलो आवश्यकता हो। त्यसो भएको हुँदा हामी बाँच्न पाउने अधिकारलाई कसैले पनि हनन् गर्न पाउँदैन। मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ को प्रस्तावनामा नै उल्लेख गरिएको छ कि डर र अभावबाट मुक्ति पाउनुपर्छ। तर अहिले हाम्रो देशको माओवादी प्रभावित जिल्लाका मानिसहरू बाँच्न पाउने अधिकारका लागि चिन्तित छन् र यस अधिकारबाट बन्चित भएका छन्।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३ मा 'सबैले बाँच्न पाउने र आफ्नो सुरक्षा आफै गर्न पाउनु पर्छ' भनिएको छ। तर अहिले देशमा ९३२ जना प्रहरीबाट र ५१९ जना माओवादीबाट मारिएका छन्। धेरै मानिस घरबार विहीन भएका छन्।

सर्वसाधारण मानिसहरू मात्र होइन, मानव अधिकार रक्षकहरू पनि अहिले प्रहरीको गोलीबाट मारिएका छन्। सल्यान जिल्लाका हेमराज केसीको हत्यालाई हामीले त्यसरी नै लिएका छौं र यसको मानव अधिकार कार्यकर्ताहरूले विगत वर्षमा व्यापक विरोध गरे, मानिस बेपत्ता पार्ने सिलसिला बढ्दैगएको छ। सरकारले बेपत्ता पारिएका मानिसहरूको नाम केही समय अगाडि सार्वजनिक गरे पनि इन्सेकको रेकर्डमा १४९ जनाको नाम सार्वजनिक गरिएको छैन।

मानव अधिकार उल्लंघनका घट्नाको अनुसन्धान गर्दा, मानव अधिकार उल्लंघनकर्ताको क्रियाकलापको पर्दाफास गर्दा अथवा दण्डहीनताको अनन्त श्रृंखलाको चिरफार गर्दाको अवस्थामा मानवअधिकारवादीहरू, कानून व्यवसायीहरू र पत्रकारहरू अहिले जोखिममा छन्।

विगत ५/६ वर्षयता चलेको हिंसात्मक गतिविधिमा नागरिकको मानव अधिकार संरक्षणको निम्ति अदालतमा बहस गर्दा, साक्षी बस्दा अथवा घट्नाको वस्तस्थितिको बारे समाचार छाप्दा स्थानीय प्रशासन र प्रहरीबाट वकिल, पत्रकार, मानव अधिकार कार्यकर्ता धम्काइएका घट्नाहरू प्रशस्त मात्रामा फेला पार्न सकिन्छ। उदाहरणका लागि रूकुमका जिल्ला प्रतिनिधि जीवन खड्का आफूलाई परेको समस्या यसरी बताउनु हुन्छ- गत वर्ष खारामा प्रहरीले लगसाएको आगलागीकाबारेमा घट्ना पठाएका कारण त्यस घट्नालाई इन्सेकको स्रोत उल्लेख गर्दै त्यति नै बेला वीवीसीले प्रहरी कार्वाहीको कडा शब्दमा विरोध जनाउँदै समाचार सम्प्रेषण गऱ्यो। यस कुराबाट सरकार अप्ठ्यारोमा पऱ्यो। यस विषयलाई लिएर रूकुमस्थित इन्सेक जिल्ला प्रतिनिधिलाई तत्कालिन डिएसपी र इन्सपेक्टरले निकै हप्काए, थुनी दिने धम्की दिए। त्यस्तै अहिले पनि पटक पटक प्रहरीले झोला खोल्ने, दुःख दिने काम गर्न छोडेको छैनन्। मानव अधिकार कार्यकर्ताहरूले यस्ता घटना धेरै जिल्लामा भोग्नु परिरहेको छ।

नागरिक, राजनीतिक अधिकारको अनुबन्ध १९६६ को खण्ड ३ को धाराले प्रत्येक मानिसको जीवनको अन्तर्निहित अधिकार हुन्छ, कुनै मानिसलाई पनि जीउनबाट जथाभावी बन्चित गरिने छैन भनी उल्लेख गरेको छ। नेपालले यस अनुबन्धमा वहुदल स्थापनापछि हस्ताक्षर गरी पक्ष राष्ट्र बनिसकेको छ, तर सरकारले पूर्णरूपमा पालना गरेको पाइदैन।

●



प्रहरीद्वारा कैलालीमा आगो लगाएर खरानी बनाइएका घरहरु

# मानव अधिकारकर्मीका दृष्टिमा माओवादी जनयुद्धको निकास

हामी मानव अधिकारकावादीहरूले सुरुदेखि नै भन्दै आएका छौं माओवादी समस्याको सैनिक समाधान छैन र यसको एक मात्र निकाश शान्तिपूर्ण वार्ता र समभ्रुदारी नै हो। हत्या र हिंसा सरकार वा नेकपा (माओवादी) जो सुकैले गरेपनि त्यो अत्यन्त प्रत्युदपादक हुन्छ। हत्या र हिंसाले कहिल्यै नसकिने हिंसात्मक संस्कार र संस्कृतिलाई अगाडि बढाउँछ। त्यसैले सरकार र माओवादीले यी पक्षहरूमा आफ्नो जिम्मवारी प्रस्तुत गर्नुपर्दछ :

(१) यो प्रजातान्त्रिक व्यवस्था आधारभूत संरचनालाई सरकार वा माओवादी कसैले पनि आफ्नो राजनीतिक हितका लागि सौदावाजी र सम्झौताको विषय बनाउन पाउँदैनन्।

(२) यो मानव अधिकार संरक्षणको सिद्धान्त विपरित मानव अधिकार उल्लंघनकर्तालाई कसैले संरक्षण गरी दण्डहितनताको नीति अपनाउन पाउँदैनन्।

(३) यो मुलुकको बृहत स्वार्थ र दीर्घकालीन हित विपरित कुनै पनि पक्षले आफ्नो मात्रै हठ प्रदर्शन गर्न पाउँदैनन्।

(४) सरकार अर्थात राज्यपक्षले माओवादी पक्षसँग कुनै वार्ता वा छलफल गर्दा प्रतिपक्ष, मुख्यरूपमा प्रमुख प्रतिपक्षसँग सहमति बनाउनै पर्दछ।

(५) सरकार र प्रतिपक्षले माओवादीसँगको वार्तालाई आफ्नो निहित राजनीतिक स्वार्थको लागि अवसरवादी विषयको रूपमा लिनु हुँदैन। राष्ट्रिय हित र भावी सन्ततीका लागि क्षणिक राजनीतिक लाभको दृष्टिबाट माथि उठ्नु पर्दछ।

> दुवै पक्षले मानव अधिकारको व्यापक उल्लंघन गरेका छन् । तथ्यांकगत रूपमा भन्दा सरकारले बढी गरेको छ । बढी जिम्मेवार पक्ष सरकार हो र सरकारले बढी ज्यादती गर्दा नै माओवादीलाई गतिविधि फैलाउन सजिलो भएको छ । अनपढ र निहत्था जनतालाई जबरजस्ती माओवादी बनाउने काम अरू कसैले होइन सरकारले गरेको छ । सरकारको दमन नीति नै बढी जिम्मेवार रहेको छ । माओवादीले आफ्नो सफलताको लागि करोडौं लगानी दिनुपर्‍यो भने सरकारलाई दिए हुन्छ ।

सारांशमा भन्दा माओवादीले सरकारलाई सैनिक र सामरिकरूपले हराउने क्षमता राख्दैन। रोल्पाको घर्तीवाङ्गको पुलिस चौकीलाई परास्त गर्नु र मुलुकका शाही नेपाली सैनिकसँग लड्नु भनेको भिन्दै कुरा हो। फेरि, माओवादीहरू नेपाल राज्यसँग मात्रै लड्ने कुरा होइन, यसमा क्षेत्रीय र अन्तर्राष्ट्रिय राजनीतिक असर पनि छन्। यो कुरा पढेलेखेका मानिसहरूले बुझेका छन्, यो "ओभरल रियालिटी" हो।

दोस्रो कुरा भोलि सरकार र माओवादीबीचमा वार्ता होला। स्वभाविक छ वार्तामा लेनदेनको कुरा हुन्छ। धेरै दिने पक्ष त सरकार नै हो। एउटा आम समाधान पहिल्याएर माओवादीलाई प्रजातन्त्रको मूल धारमा ल्याउन सक्नुपर्छ।

समस्याको कस्तो समाधान भन्ने प्रश्नमा दुवै पक्ष अलिकति बीचमा त आउनै पर्ने हुन्छ। अहिले नै "डिंटरमाइन" हुनुहुँदैन। तर, आधारभूत प्रजातन्त्रमा चाहीं कसैले पनि सम्झौता गर्नु हुँदैन। यस्तो गरियो भने फेरि अर्को अन्यौल र अस्थिरतालाई जन्माउँछ। मैले शान्तिपूर्ण सम्वाद र शान्तिपूर्ण निकाशबाहेक अरू कुनै पनि बाटो देखेको छैन।

दुवै पक्षले मानव अधिकारको व्यापक उल्लंघन गरेका छन्। तथ्यांकगत रूपमा भन्दा सरकारले बढी गरेको छ। बढी जिम्मेवार पक्ष सरकार हो र सरकारले बढी ज्यादती गर्दा नै माओवादीलाई गतिविधि फैलाउन सजिलो भएको छ। अनपढ र निहत्था जनतालाई जबरजस्ती माओवादी बनाउने काम अरू कसैले होइन सरकारले गरेको छ। सरकारको दमन नीति नै बढी जिम्मेवार रहेको छ। माओवादीले आफ्नो सफलताको लागि कसैलाई तक्मा दिनुपर्‍यो भने सरकारलाई दिए हुन्छ। माओवादीका गुरू त सरकारमा बस्ने पो रहेछन् भनेर भन्नुपर्ने स्थिति छ। माओवादी भनेको के हो भनेर थाहा नपाएका अनपढ र सोझा गाउँले जनतालाई माओवादी भन्दै जंगलतिर खेद्ने सरकारको नीति देखेर म त चित खाएर बसेको छु।

अन्त्यमा, दुवै पक्ष यदि वार्तामा आउने हो भने, वार्ताबाटै शान्तिपूर्ण निकाश खोज्ने हो भने इमान्दारितापूर्वक प्रतिबद्धता व्यक्त गर्नुपर्दछ। शान्तिपूर्ण निकाशका लागि दुवै पक्षले हत्या र हिंसाको राजनीति गर्नु हुँदैन। अवसरवादी नीति अपनाउनु हुँदैन। वार्ताका लागि सरकार मात्रै होइन प्रमुख प्रतिपक्ष र अरू सबैको पनि त्यतिकै मात्रामा जिम्मेवारी छ। यो उत्तरदायित्वपूर्ण व्यवहार अहिलेसम्म कसैले पनि नदेखाउनु दुःखद् कुरा हो।

पार नलाग्ने राजनीति गरेर कसैलाई पनि फाइदा छैन। सरकार र माओवादीले समस्यालाई स्वार्थ राजनीतिको साधन बनाएका छन्। बनाउनु हुँदैन। र यसको शर्तलाई मानेर सबै पक्ष जिम्मेवारीपूर्वक अगाडि बढ्नु र समस्याको शान्तिपूर्ण निकाश पहिल्याउनु पर्दछ। यो राजनीतिक समस्या हो र राजनीतिकरूपमै समाधान गरिनुपर्छ।

**– कपिल श्रेष्ठ, सदस्य**
**राष्ट्रिय मानव अधिकार आयोग**

माओवादी "जनयुद्ध" सुरू भएको ५ वर्ष बितिसकेको भए पनि सरकार, विभिन्न राजनीतिक पार्टीहरू, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले किन यस्तो समस्या सिर्जना भयो भनेर यसको व्यापक अध्ययन गर्ने, विश्लेषण गर्ने, कारणहरू पत्ता लगाउने काम गर्न सकेनन्। यस समस्यालाई गम्भिरतापूर्वक नलिई सबै पक्षले हल्का ढंगले लिने काम गरे। यो गल्ति भयो। अहिले पनि त्यो गल्तिलाई सुधार्ने प्रयास कसैले गरेका छैनन्। राज्य पक्ष,

> यस समस्याको निकाशको खोजी गर्ने हो भने सर्वप्रथम वार्ता नै गर्नुपर्छ। विभिन्न राजनीतिक पार्टीहरू बीचमा पहिले बहस र छलफल हुनुपर्‍यो र त्यसपछि माओवादीसँग, इमान्दारितापूर्वक वार्ता गर्नुपर्‍यो। माओवादी पक्षले पनि अन्तरिम सरकार जस्ता सकारात्मक कुराहरू ल्याइरहेका छन्। वार्तामा लिने र छोड्ने कुराहरू त अवश्य नै हुन्छन्। दुवै पक्ष लचिलो भएर आउनु पर्छ र एउटा साझा विन्दुमा पुगेर सम्झौता हुन सक्दछ।

विभिन्न राजीतिक पार्टीहरू र महत्वपूर्ण निकायहरूले यस समस्याबारे बहसको थालनी गर्ने लक्षण देखाएका छैनन्। र बौद्धिक समुदायले पनि आफ्नो जिम्मेवारी पुरा गरेका छैनन्। सञ्चार माध्यमहरूले पनि धेरै हल्का किसिमले लिएका छन्। त्यसैले गर्दा देश अहिले गम्भीर स्थितिमा पुगेको छ। यो समस्या कसरी उत्पन्न भयो र कस्तो खालको समस्या हो भन्ने विषयमा संसदमा रहेका विभिन्न राजनीतिक दलहरूभित्र नै स्पष्टरूपले परिभाषित हुन सकेको छैन। यसका बारेमा विभिन्न मत मतान्तर छन्।

यसको निकाशको विषयमा भन्दा नेपाली जनताले वास्तवमा के खोजेका हुन् भन्ने कुरासँग सम्बन्धित छ जस्तो मलाई लाग्दछ। न्याय, समानता, न्युनतम मानव अधिकार, बाँच्न पाउने अधिकार उनीहरूले खोजेका छन्। जुन कुनै पक्ष वा समूहले नेपाली जनताको त्यो चाहना पुरा गर्न सक्छ भने त्यसलाई नै समस्याको समाधान भन्नुपर्दछ। विगत दश वर्षमा कुनै पनि राजनीतिक पार्टीले व्यक्त गरेको प्रतिबद्धताको पूर्ण कार्यान्वयन भएन र जन चाहना पुरा हुन सकेन। जनताको जीवनस्तर झन् झन् खस्कँदै गएको, विभिन्न असमानताहरू कायम रहेको, शोषण र दमन भइरहेको छ। यदि नेपाली कांग्रेसले नै नेपाली जनताका यी समस्याहरू समाधान गर्न सक्छ भने जनताले कांग्रेसलाई विश्वास गर्छन्। यो कुरा स्पष्ट छ कि जनचाहना अनुरूपको परिवर्तन हिजो पञ्चायतले दिन सकेको भए २०४६ सालको "जनआन्दोलन" नै हुने थिएन। नेपाली जनताका गाँस, बास र कपासका समस्याहरू जटिल छन्। आर्थिक, धार्मिक, राजनीतिक, न्यायिक, क्षेत्रीय र भाषिक, स्वास्थ्यसम्बन्धी समानताहरू जनताले खोजेका छन्। यी समस्याहरू समाधान गरिनुपर्‍यो। पश्चिम नेपाल विकासबाट ज्यादै ठगिएको छ, त्यहाँका जनताले विकासको अनुभूति गर्न पाउनु पर्‍यो। जनताका आवश्यकता अरू कसैले पुरा गर्छ भने जनयुद्धको आवश्यकता नै पर्दैन। नेपाली जनताले जनयुद्ध होइन, न्याय, समानता जनतन्त्र र प्रगति खोजेका हुन्। भोक, रोग र शोकबाट मुक्ति खोजेका हुन्। यसको परिपूर्ति नै समस्याको समाधान हो। माओवादी समस्याको समाधान भनेको नेकपा माओवादीले उठाएको समस्याको समाधान हो माओवादीहरू समस्या होइनन्। जुन राजनीतिक पार्टीलाई देश र जनताको वास्ता छ उसले यसबारे मन्थन गर्नुपर्छ। हामीलाई थाहा छ कि विगत दश वर्षमा राजनीतिक पार्टीहरू नै सत्तामा पुगेका छन् र फेरि पुग्छन्। यदि ती राजीतिक पार्टीहरूले देशको समस्याबारे आफ्नो स्पष्ट धारणा बनाउने र इमान्दारितापूर्वक कार्यान्वयनमा जुट्ने हो भने समाधानको सम्भावना टाढा छैन। तर मैले त राजनीतिक पार्टीहरूको स्पष्ट दृष्टिकोण र त्यसप्रतिको प्रतिबद्धता र कार्यान्वयनमै समस्या देखेको छु। यो समस्यालाई देखाएर आफ्ना विभिन्न स्वार्थहरू पूर्ति गर्ने कामहरू भइरहेका छन्। यो (माओवादी) समस्या सरकारमा बस्ने र राजनीतिक पार्टीको लागि मागी खाने भाँडो भएको छ।

यस समस्याको निकाशको खोजी गर्ने हो भने सर्वप्रथम वार्ता नै गर्नुपर्छ। विभिन्न राजनीतिक पार्टीहरू बीचमा पहिले बहस र छलफल हुनुपर्‍यो र त्यसपछि माओवादीसँग, इमान्दारितापूर्वक वार्ता गर्नुपर्‍यो। माओवादी पक्षले पनि अन्तरिम सरकार जस्ता सकारात्मक कुराहरू ल्याइरहेका छन्। वार्तामा लिने र छोड्ने कुराहरू त अवश्य नै हुन्छन्। दुवै पक्ष लचिलो भएर आउनु पर्छ र एउटा साझा विन्दुमा पुगेर सम्झौता हुन सक्दछ। सबै पक्ष मिलेर मात्र यो समस्या समाधान गर्न सकिन्छ। माओवादी वा सरकार वा कुनै एउटा राजनीतिक पार्टीले मात्र यो समस्या समाधान गर्न सक्दैन। माओवादी पक्षले वार्ताको ढोका खुलै राखेको छ। सरकारलगायत् सबै राजनीतिक पार्टीहरू मिलेर वार्ताको वातावरण

बनाउनु पऱ्यो। मानव अधिकारवादीहरू पनि लागिरहेका छन्। वार्ताको लागि अहिले सबैभन्दा राम्रो समय छ जस्तो लागेको छ। संविधानमै संशोधन गर्नुपर्ने हो कि सर्वदलीय अन्तरिम सरकार बनाएर हुन्छ वा अरू केही गर्नुपर्ने हो इमान्दारितापूर्वक वार्ताको टेबुलमा बसेर छलफल गर्नुपऱ्यो। अन्तिममा यी कुराहरू पनि हुन सकेनन् युद्ध जारी रह्यो भने तत्कालको लागि दुवै पक्षले जेनेभा महासन्धिलगायत्का अन्तर्राष्ट्रिय अनुबन्धहरूको पालना गर्नैपर्छ। यसो भयो भने प्रत्यक्ष भीडन्तमा निर्दोष मानिसहरू मर्न पाउँदैनन। मानव अधिकारवादीको हैसियतले हामीले भन्दै आएका छौं। यो न्यूनतम शर्तलाई दुवै पक्षले पालना गर्नैपर्छ।

**– डा. केवी रोकाया, अध्यक्ष**
**जनअधिकार सरोकार अभियान**

माओवादीले उठाएका कुराहरू भित्र जनताका समस्याहरू छन्। जनताका लागि न्याय, समानता, शोषणबाट मुक्तिका कुराहरू माओवादीले उठाएको छ। त्यसो भएको हुनाले हाम्रो राज्य व्यवस्था र संविधानले जे जस्तो व्यवस्था गरेको छ, संविधानको मार्ग निर्देशक व्यवस्थाले जसरी हामीलाई निर्देशित गरेको छ, राजनीतिक पार्टीहरूले संविधानका ती लक्ष्यहरू पुरा गर्न जसरी बाटो कोरेका छन्, त्यसलाई इमान्दारितापूर्वक लागू गर्ने र ती समाधानका उपायहरूको पक्षमा दृढतापूर्वक जनतासमक्ष जाने वातावरण सिर्जना गर्ने काम गर्नुपर्छ। मलाई लाग्छ यो समस्याको समाधान यही दुई वटा कामबाट हुन सक्छ।

२०४६ सालमा भएको राजनीतिक परिवर्तनमा व्यक्त जनचाहना यसबीचमा सत्तामा पुगेका राजनीतिक पार्टीहरूका काम कारवाहीमा प्रतिविम्बित हुन नसक्नुले पनि यो हिंसात्मक आन्दोलनलाई सहयोग गऱ्यो। तर त्यसले मात्रै यो यति विष्फोटकरूपमा आउन सक्दैनथ्यो। यो हिंसात्मक आन्दोलनलाई यतिमाथि उठाउन २०५२ साल अघि पछिको सरकारी रवैयाले धेरै नै सहयोग गरेको मान्नु पर्ने हुन्छ। राज्य पक्षले संविधान, नियम, कानूनको मर्यादा नराखेर जसरी दुर्दान्त तवरले, निर्दयतापूर्वक जनतालाई झम्टिने, यातना दिने काम गऱ्यो, त्यो राजनीतिक दमनको प्रतिरोधमा यो राजनीतिक दमनको सुरूवात भयो। जनता त्यो दमनबाट मुक्ति चाहन्थे, दमनकारीहरूसँग बदला लिन चाहन्थे। त्यो कामको अगुवाई गर्न त्यतिबेला नेकपा (माओवादी) पुग्यो, जनताले उसैप्रति सहानुभूति जनाएका हुन्। अरू कोही गएको भए पनि जनताले यसै गरी सहानुभूति जनाउँथे।

रोल्पा जिल्लाका तत्कालिन प्रजिअ अब्दुल रइस खाँको नेतृत्वमा जन निर्वाचित तत्कालिन रोल्पा जिविस सभापति झक्कुप्रसाद सुवेदीलाई दिइएको दुर्दान्त र अमानवीय यातना, कैयौं जनप्रतिनिधिहरूको निर्दयतापूर्वक भीरबाट लडाएर गरेको हत्या नै यस समस्याको प्रारम्भ विन्दु हो। त्यतिखेर संसद र स्थानीय निकायमा प्रतिनिधित्व गरिरहेको संयुक्त जनमोर्चा नेपालका कार्यकर्ताहरू भागी-भागी हिंड्नु पर्ने स्थिति सिर्जना गरियो। यो तथ्यलाई अहिले बिर्सनु हुँदैन कि महिलाहरूलाई पुलिस र सत्ताधारीहरूबाट निमर्म ढंगले बलात्कार गरियो। सुदूर पश्चिम र मध्यपश्चिमका १२ हजारभन्दा बढी जनतालाई झुट्टा मुद्दामा फसाइयो। त्यतिखेर रोल्पा र रूकुमका मात्रै ३५ सय निर्दोष मानिसहरूलाई झुट्टा मुद्दामा फसाइयो र झ्यालखाना हालियो। त्यसपछि लगातार जनतामाथि सत्तासिन पार्टीको तर्फबाट दमन भयो, दमन झन् झन् बढ्दै गयो।

> माओवादी जनयुद्ध सुरू हुनका लागि जे जस्ता कारणहरू सहायक बने त्यसको निराकरण नै यसको सही समाधान हो। दुवै पक्षका ठूल–ठूला नेताहरू आमने सामने बसे, खाली कागजमा केही शब्द भरे, माओवादी नेताहरू मन्त्री-प्रधानमन्त्री भए तर वास्तविक पीडित जनताले राहत महशुस गरेनन् भने यो समस्याको सही समाधान हुँदैन। अहिले चौतर्फीरूपमा समस्या सिर्जना भएको छ। यसको जिम्मेवारी सत्तामा बसेको राजनीतिक पार्टीले समानुपातिकरूपमा लिनुपर्छ र त्यतिखेर संसदमा रहेको संजमो नेपालले पनि प्रजातान्त्रिक दायरा भित्रैबाट जनताको पक्षमा लड्न सकिने सम्भावना छाडेर हिंसात्मक आन्दोलनमा जनतालाई उतारेकोमा कति हानी नोक्सानी भयो भनेर आत्म समीक्षा गर्नुपर्छ।

पाँच वर्षकै अन्तरालमा त्यसको उल्टो परिणाम निस्क्यो। आज राज्य पक्ष ती जिल्लाको सदरमुकाममा मात्र सीमित छ र सत्तासिनलगायत्का पार्टीका कार्यकर्ताहरू गाउँ जान सक्ने स्थिति छैन। त्यतिखेर जनदमनको नेतृत्व गर्ने सत्तासिन पार्टीका मानिसहरू अहिले सदरमुकाममा थुप्रिएका छन्। उनीहरूलाई नै सरकारले सोध्यो भने पनि धेरै कुरा थाहा पाउन सकिन्छ। नागरिकता लिन जाँदा पनि नेपाली कांग्रेसको सदस्यता लिनुपर्ने, तत्कालिन रोल्पाली सीडिओ अब्दुल रइस खाँले जनतालाई सीडिओ कार्यालय भित्रै भकुर्ने गर्दथे, निर्दोष मानिसलाई ज्यादै यातना दिइएको थियो भनेर उनीहरूले नै स्वीकार्ने छन्।

हिंसाले प्रतिहिंसा जन्माउँछ र प्रतिहिंसाको चरम रूप अनन्त हिंसा हो। अनन्त हिंसाले कुनै पनि समाजलाई विकासतर्फ अघि बढ्न दिँदैन। दमनबाट अल्पकालिन शान्ति आउला, केही भौतिक विकास गरिएला तर, क्षणिक हो। स्थायी समाधान कुनै हालतमा होइन। विद्वेषको आगो कालान्तरसम्म पनि मर्दैन। सन्तान दर सन्तानसम्म पनि दमनबाट उत्पन्न हुने आगो दन्किरहन्छ। त्यसैले समस्या र विद्रोहलाई साम्य पार्ने नाममा दमन गरिनु हुँदैन। हामी मानव अधिकारवादीहरू दमन गर्ने कार्यको विल्कुलै विरोधमा छौं। जस्तोसुकै अन्याय, अत्याचार भएको अवस्थामा पनि हतियार उठाउनु हुँदैन र त्यसको समाधान गर्छु भन्ने पक्षले पनि हतियार उठाउनु हुँदैन। हतियारले समस्या समाधान गर्ने भए न्यायालय, प्रजातान्त्रिक शासन व्यवस्था किन चाहियो? प्रजातान्त्रिक शासन व्यवस्थाभित्र लोक सार्वभौमसत्ता (पपुलर सोभरेण्टी) को ठूलो महत्व हुन्छ। यसमा न्यायपूर्ण कानूनको शासन हुन्छ। यसमा निर्वाचनको पनि निकै महत्व हुन्छ। नेपालको सन्दर्भमा सबै राजनीतिक पार्टीहरूले लोक कल्याणकारी राज्यको स्थापना गर्ने घोषणापत्र लिएर जनतामा गएका र निर्वाचित भएर आएका छन्। सबै राजनीतिक पार्टीले लोक कल्याणकारी राज्य स्थापना गर्न खोजेका हुन् भने अहिलेको संकटको इज्जतपूर्ण निकाश निकाल्न सकिने ठाउँ धेरै छ।

संसारभरि जहाँ हिंसात्मक द्वन्दहरू भएका छन् त्यहाँ समाधानका लागि पहल गर्ने

काम मानव अधिकारवादीहरूले नै गरेका छन्। नेपालमा हाल चलिरहेको हिंसाको अन्त्य र शान्ति निर्माण गर्ने प्रक्रियामा हामी पहल गरिरहेका छौं। जनचाहना शान्ति निर्माण होस् भन्ने छ। माओवादी र सरकार शान्ति चाहन्छन् भने पीडित जनतालाई तत्कालै राहत पुऱ्याउने काम थाल्नुपर्छ। पीडित जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी शान्तिपूर्ण वार्ताबाट यस समस्याको निकाश खोज्नुपर्छ। माओवादी जनयुद्ध सुरू हुनका लागि जे जस्ता कारणहरू सहायक बने त्यसको निकाकरण नै यसको सही समाधान हो। दुवै पक्षका ठूल-ठूला नेताहरू आमने सामने बसे, खाली कागजमा केही शब्द भरे, माओवादी नेताहरू मन्त्री-प्रधानमन्त्री भए तर वास्तविक पीडित जनताले राहत महसुस गरेनन् भने यो समस्याको सही समाधान हुँदैन। अहिले चौतर्फीरूपमा समस्या सिर्जना भएको छ। यसको जिम्मेवारी सत्तामा बसेको राजनीतिक पार्टीले समानुपातिकरूपमा लिनुपर्छ र त्यतिखेर संसदमा रहेको संजमो नेपालले पनि प्रजातान्त्रिक दायरा भित्रैबाट जनताको पक्षमा लड्न सकिने सम्भावना छाडेर हिंसात्मक आन्दोलनमा जनतालाई उतारेकोमा कति हानी नोक्सानी भयो भनेर आत्म समीक्षा गर्नुपर्छ।

अब यो संकटबाट इज्जतपूर्ण निकाश पाउनका लागि सरकारले हिजो जनतामाथि गरेको दुर्दान्त व्यवहार तुरून्त सच्याउनु पर्छ। धेरै प्रजातान्त्रिक रहेको संविधानको मर्यादा कडा ढंगले पालन गर्नुपर्छ। सरकारले विरोधीमाथिको हत्या-हिंसा तुरून्त बन्द गर्नुपर्छ। सबैभन्दा जिम्मेवारीपूर्वक राज्य पक्ष हिंड्नुपर्छ र जनताले जे चाहन्छन् दिनुपर्छ। विद्रोही पंक्तिलाई जंगलतिर धपाउने होइन सामाजिकीकरण गर्ने प्रयास गर्नुपर्छ। मैले त अहिले हिंसा र हत्या अन्त्य गर्ने सकिने अत्यन्त धेरै अवसर देखेको छु, आशावादी हुने धेरै सम्भावनाहरू छन्। माओवादीहरू धेरै सकारात्मक ढंगले आइरहेका छन्। माओवादीले आफ्नो मुक्त क्षेत्र घोषणा गरेको ठाउँमा आफ्नै ढंगले विकास-निर्माण, स्वास्थ्य, शिक्षा र अदालती कार्यहरू गर्न थालेका छन्। सरकारले पनि यही ढंगले रचनात्मक विकास-निर्माण गरेर उनीहरूसँग प्रतिस्पर्धा गर्न सक्नुपर्छ। माओवादी पक्षले पनि हिंसाको बलमा सत्ता कब्जा गर्न सकिदैन। र कथंकदाचित गरिहाले पनि टिकाउ हुँदैन भन्ने कुरालाई मनन गरेर प्रजातान्त्रिक दायरा भित्रैबाट आफ्नो भूमिकाको खोजी गर्नुपर्छ र यसका लागि सरकारले मार्ग प्रशस्त गरिदिनुपर्छ। दुवै पक्षले जनअनुमोदनका लागि जनता समक्ष आफूलाई प्रस्तुत गर्नुपर्छ।

त्यही सिलसिलामा हामी मानव अधिकारवादीहरूले यसलाई सहज बनाउन सहजकर्तारूपी भूमिका खेलिरहेका छौं। हामीहरू भनिरहेका छौ कि सरकार र माओवादीका बीचमा प्रत्यक्ष वार्ता होस्। आमने सामने बसेर कुरा गर्नका लागि हामी सहज वातावरण तयार गरि दिन्छौं भनेर एउटा समिति गठन गरेका छौं। हामी मध्यस्थकर्ता भने होइनौं। सरकार र माओवादीबीचमा वार्ता हुँदा तपाईहरू साक्षी बसी दिने भनेर हामीलाई दुवै पक्षले भनेका थिए र फेरि भन्लान् हामीले भनेका छौं साक्षी त हामी बसिदिन्छौं तर हामी तपाईहरूका बीचमा भएको वार्ताको अडियो भिडियो दुवै राख्छौं। हामीले उहाँहरूलाई यसो किन भनेका हौं भने वार्तामा भएको कुरालाई आ-आफ्नै किसिमले बाहिर ल्याउनु होला वा भएको सहमतिबाट विमुख भईदिनु होला वा वार्ता भाँडिएपछि एकले अर्को पक्षलाई दोषारोपण गर्नुहोला। यस्तो अवस्थामा वार्तामा भएको तथ्यपूर्ण कुरालाई जनतासमक्ष सार्वजनिकरूपमा राख्नका लागि अडियो भिडियो खिच्छौं भनेर हामीले प्रष्टरूपमा भनेका हौं। वार्ता भइरहँदा पनि सबै कुरा त भन्न नसकिएला तर मुख्य कुराहरू भने निरन्तर सार्वजनिक गरिरहन्छौं, यो पनि प्रष्टरूपमा भनेका छौं। हामीले अर्को कुरा पनि भनेका छौं प्रत्येक वार्ता त्यसपछिको वार्तालाई सहज बनाउनका लागि हुनुपर्छ। दुवै पक्षले आ-आफ्नो गल्ति कमजोरी स्वीकार गर्न र आफूलाई सुधार्न पनि कुनै कञ्जुस्याई गर्नु हुन्न। यही कुरा समेटेर हामीले ११ बुँदे पत्र दुवै पक्षलाई दिइसकेका छौं र यसबीचमा वार्ताका लागि सरकारभन्दा माओवादी पक्षले बढी सकारात्मक रूची देखाएका छन्।

**- सुबोध प्याकुरेल**, महासचिव
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

*(प्रस्तुति : तिलक कोइराला)*


नव वर्ष २०५८ को उपलक्ष्यमा

न्याय, शान्ति र समानताका पक्षधर

सम्पूर्ण मानवअधिकारकर्मीहरुमा

हार्दिक शुभकामना

व्यक्त गर्दछु ।

सुबोधराज प्याकुरेल
महासचिव
तथा
इन्सेक परिवार

# वार्ताबाट निकास निस्कनुपर्छ, बढी रक्तपात हुनुहुँदैन

**सिन्धुनाथ प्याकुरेल**
अध्यक्ष, नेपाल वार एशोसिएसन



० केही दिनदेखि सरकार माओवादीबीच वार्ताको प्रसंग फेरि चर्चामा आएको छ। र, तपाईहरू सहजकर्ताको भूमिका खेलिरहनु भएको छ। के तत्काल वार्ताको सम्भावना छ ?

- यतिबेला माओवादीहरू वार्ताको पक्षमा छन् र सत्ताधारी पार्टीको ठूलो पाटो पनि वार्ताको पक्षमा छ। त्यसकारण वार्ताको सम्भावना छ तर बहुत संयमित ढंगबाट वार्ताको प्रक्रिया शुरू हुनु पर्छ। एकै घण्टामा, एकै रातमा वा एकै महिनामा वार्ता सफल भैहाल्छ भन्ने अधैर्य मनस्थिति राख्नु हुँदैन। वार्ता महिनौं पनि चल्नसक्छ, निर्णयमा पुग्न वर्षौं पनि लाग्न सक्छ। सरकार, माओवादी र सहजकर्ताहरू तीनवटै पक्ष संयम र धैय हुनुपर्दछ, तत्कालै कुनै परिणामको हतारो गर्नु हुँदैन।

वार्ताको प्रसंग सँगसँगै प्रमुख रूपमा सरकारको गम्भीरताप्रति प्रश्न उठ्ने गरेको छ, त्यो विगतमा पनि देखिइसकेको छ। अहिलेको चरणमा पनि प्रारम्भिक समयमै सरकार गम्भीर र इमान्दार भएन भन्ने चर्चा चलिरहेको छ- खासगरी वेपत्ता पारिएकाहरू सार्वजनिक गर्ने सवालमा।

वार्ताको टेवुलमा बसिसकेपछि कुन पक्ष कति गम्भीर छ भन्ने कुराको परीक्षण हुन्छ। वार्ताको न्यूनतम वातावरणको कुरा गर्दा माओवादीले दिएका सूचीअनुसार ६८ जना वेपत्ता पारिएकाहरू पत्रिपत्रिकामा आएका, माओवादीको मुखपत्रमा आएका र सरकारबाट आएका टीकाटिप्पणीहरू र समाचारहरूको आधारमा केहीको कुन स्थिति छ भन्ने कुरा पनि हामीलाई जानकारी छ। तर औपचारिक रूपमा ती कुरा आउन सकेका छैनन्। सरकारले कुरा लुकाउनु हुँदैन, इमान्दारिताका साथ बताउनु पर्छ। पक्राउ परेका हुन् भने किन, कुन स्थितिमा छन् ? मारिएका हुन् भने किन र कसरी मारिए ? अथवा मारिएका वा पक्राउ गरिएका छैनन् भने सरकारले त्यो कुरा पनि भन्न सक्नु पर्छ। कोही मुद्दा नचलाइकन प्रहरीको नियन्त्रणमा पुगेपछि मारिएको छ भने त्यस्ता प्रहरी कर्मचारीहरूलाई कार्वाही पनि गर्नुपर्छ। संसारको नियम नै यही हो, कसैले पनि आफूले गरेको कसुरबाट ठाडै उन्मुक्ति पाउनु हुँदैन। मानवअधिकारको रक्षाको लागि सरकारले विश्वासको वातावरण बनाउनु पर्छ, नियन्त्रणमा लिएर मान्छे मार्ने प्रवृत्तिमा अंकुश लगाउनु पर्छ।

० वार्ता सहयोग समितिले तयार पारिरहेको अवधारणापत्रले कुन कुरालाई जोड दिएको छ ?

- अवधारणापत्र छिट्टै नै सार्वजनिक हुँदैछ। त्यसमा वार्ताको वातावरण सहज पार्न बहुमत न्यूनतम शर्तहरू समेटिएका छन्। हाम्रो वार्ता सहयोग समितिले वार्तामा भाग लिँदैन, वार्तालाई सहज मात्रै बनाउँछ। त्यसैले मैले जोड दिएको कुरा के हो भने हाम्रो "फोरम" धेरै उत्ताउलो हुनुहुँदैन। अवधारणापत्र अत्यन्त सहजताका साथ तयार पारिएको छ।

० तपाईहरूको अवधारणापत्रलाई दुई पक्ष मध्ये एक पक्षले स्वीकार गरेन भने के होला ?

- स्वीकार नगर्नु पर्ने कुनै कारण छैन, स्वीकार नगर्नु भनेको वार्ता गर्दैनौ भन्नु हो। तर पनि छलफलको आधारमा बुँदागत रूपमा अवधारणापत्रमा हेरफेर हुनसक्छ। अवधारणापत्र नै वार्ताको लागि अन्तिम अस्त्र भने होइन। यो स्वीकार्य आधार मात्रै हो।

० वार्ता भैसकेपछि उपलब्धी वा सहमती के विषयमा हुनसक्छ ?

- मुख्य कुरा त जनयुद्धको समाप्ति नै हो, यसलाई कुनै एउटा विन्दुमा लगेर टुंगो लगाउने कुरा नै वार्ताको लक्ष्य हो। त्यो लक्ष्यसम्म पुग्न नसक्ने स्थितिमा मानवअधिकारको उल्लंघनको पक्षमा, थुनिएकाहरूलाई छोड्ने (माओवादीले कब्जामा लिएकाहरू समेत छाड्ने) पक्षमा दुवै पक्षले न्यूनतम मापदण्डको निधारण गर्न सक्छन्। वार्ताको परिणाम के हुन्छ, त्यो त वार्ताको टेबुलमा बसेपछि नै थाहा हुन्छ।

० वार्ताद्वारा जनयुद्ध रोकियो भने पनि सामाजिक, राजनीतिक परिस्थितिले नयाँ खालको युद्धको सिर्जना गराउन सक्छ नि ?

- त्यसो भएर नै वार्ताको प्रक्रिया दीर्घकालीन हुनुपर्छ भनिएको हो। छोटै समयमा वार्ताको परिणाम आइहाल्छ भनेर आशा नगरौं भनेको यही हो। वार्ताको क्रममा ती सम्पूर्ण संभाव्य परिस्थितिहरूलाई मध्यनजर राखेर समस्याको समाधान खोज्नुपर्छ।

० तपाईको व्यक्तिगत धारणामा पनि जनयुद्ध रोकिन्छ भन्ने नै हो ?

- युद्धको स्थिति समाप्त होस् भनेर हरेक नागरिकले सोच्छ, त्यसमा म पनि पर्छु। युद्धरत पक्षले पनि यस्तै सोचेका छ। युद्ध सुरू गरिसकेपछि त्यसलाई एउटा टुंगोमा नपुऱ्याई युद्धरतहरू फर्किने स्थिति आउदैन। टुंगो लगाउनु भनेको या त एकले अर्कोलाई पराजित गर्ने हो, या वार्ता गर्ने हो। विश्वस्तरको उदाहरण दिने हो भने यी दुवैवटा कुरा भएका छन्। हामी यतिबेला वार्ताबाट निकास निस्कनुपर्छ, बढी रक्तपात हुनुहुँदैन, देशमा संकटको स्थिति अरू बढ्नु हुँदैन भन्ने पक्षमा छौं। कुन पक्ष सफल हुन्छ, त्यो भोलिका दिनले नै देखाउनेछन्।

० सरकारबाट जनताले बढीभन्दा बढी उपलब्धी लिनको लागि वार्ता हुनुपर्छ र त्यसको लागि राजनीतिक तहमा ध्रुवीकरण हुनुपर्छ भन्ने कुराहरू पनि उठिरहेका छन्, त्यो संभावना छ कि छैन ?

- म त्यस्तो संभावना देख्दिन। ध्रुवीकरणको सोचाइबाट वार्ता अघि बढ्ने हो भने त्यसको परिणाम राम्रो हुँदैन, विश्वासको स्थिति सिर्जना गर्दैन। ध्रुवीकरण भनेको शक्तिको कुरा हो, एकले अर्कोलाई टेबुलमा पराजित गर्ने कुरा हो। शुरूमै जटिल तरिकाबाट वार्ता प्रक्रिया अगाडि बढ्यो भने वार्ता हुन सक्दैन। मानवअधिकारकर्मी र राजनीतिक पार्टीहरूले इमान्दारिता देखाउनु पर्छ- वार्ताप्रति हाम्रो विश्वास छ भनेर। यसमा संचारमाध्यमहरूको पनि ठूलो भूमिका रहन्छ।

*(साभार : जनएकता साप्ताहिक)*

# नेताहरूको दृष्टिमा माओवादी जनयुद्धको निकाश



प्रहरीद्वारा हत्या गरिएकी गौरी सापकोटा

**माधवकुमार नेपाल**
**महासचिव- नेकपा (एमाले)**

माओवादी समस्या भनेको नेपालको अर्ध सामन्ती, अर्ध औपनिवेशिक व्यवस्थाले सिर्जना गरेका गरिबी अशिक्षा, अभाव, बेरोजगारी, शोषण एवं उत्पीडनको समाधान खोज्ने क्रममा आएको उग्र वामपन्थी सोचको उपज हो। अर्ध सामन्ती र अर्ध औपनिवेसिक अवस्था र नेपाली कांग्रेसको गलत किसिमको शासन शैलीबाट उत्पन्न भएका सामाजिक विकृति, विसंगतिहरूको निकाश खोजिनुपर्छ, यो अवस्थाबाट जनतालाई मुक्ति दिनै पर्छ। त्यसको समाधान हुनुपर्छ। यी समस्याको समाधानको लागि जनतालाई जागरूक बनाउनुपर्छ। संगठित गर्नुपर्छ, आन्दोलित गर्नुपर्छ। पुरानो सामाजिक संरचनालाई भत्काउनु पर्दछ। नयाँ सामाजिक संरचनाको निर्माण गर्नै पर्दछ। यसको निम्ति अहिले जुन विद्यमान, प्रजातान्त्रिक वातावरण र अवस्था छ, त्यसलाई अधिकतम रूपमा उपयोग गरेर, क्रान्तिकारी शक्ति सुदृढ गर्दै आमूल परिवर्तनको दिशातर्फ अगाडि बढ्नुपर्छ। यो कुरालाई नबुझेर निम्न पूँजीवादी दुस्साहासिक, र आतुरता राख्दै जसरी बन्दुक उठाएर दीर्घकालीन जनयुद्धको घोषणा गरेर अगाडि बढ्ने काम भएको छ। यो एक दमै गलत र घातक छ। माओवादीहरूले अहिले अपनाएको यो शैलीले मुलुकका यी तमाम समस्याको समाधान हुने अवस्था भित्र्याउन सक्दैन। यसले त अहिल प्राप्त उपलब्धि समाप्त गर्ने खतरा देखाएको छ। माओवादीहरूले अपनाएको यो बाटोले मुलुकको कम्युनिष्ट आन्दोलनलाई बलियो होइन कमजोर पारिरहेको छ।

माओवादीहरूले अपनाएको यो बाटो एकदमै गलत भएको र त्यसका कारण मुलुक थप संकटतिर गएको तथा यसबाट कसैलाई हित नभएको हुनाले यो समस्या समाधान गर्न सबै पक्ष इमान्दारीपूर्वक क्रियाशील हुनुपर्छ। यसलाई हल गर्नका लागि बार्ताको प्रक्रिया नै अगाडि बढाउनुपर्छ। माओवादीहरूलाई

> माओवादी हिंसालाई रोक्नु अनिवार्य छ । समाजका यी विकृति विसंगति हल गर्नुपर्छ। बेरोजगारी, गरिबी, शोषण, उत्पीडन हल गर्नैपर्छ । वर्तमान पुरानो सामन्ती संरचना तोड्नै पछ, यथास्थितिमा रहेको समाजलाई गति र परिवर्तनको दिशातिर लैजानु पर्छ । एकातर्फ सामाजिक सुधार र विकासका काममा जुट्नुपर्ने आवश्यकता छ भने अर्को तर्फ माओवादीहरूसित यसको निकासको लागि छलफल गरेर हल गर्ने प्रयास गर्नुपर्दछ ।

सम्झाउनु पर्छ, गलत कुराको खण्डन र आलोचना गरिनुपर्छ। हिंसात्मक ढंगबाट समसया समाधान हुन सक्दैनन् भन्ने कुरा विभिन्न उदाहरण र अनुभवलाई अघि सार्दै बुझाउने प्रयत्न गर्नुपर्छ। माओवादी हिंसालाई रोक्नु अनिवार्य छ। समाजका यी विकृति विसंगति हल गर्नुपर्छ। बेरोजगारी, गरिबी, शोषण, उत्पीडन हल गर्नैपर्छ। वर्तमान पुरानो सामन्ती संरचना तोड्नै पछ, यथास्थितिमा रहेको समाजलाई गति र परिवर्तनको दिशातिर लैजानु पर्छ। एकातर्फ सामाजिक सुधार र विकासका काममा जुट्नुपर्ने आवश्यकता छ भने अर्को तर्फ माओवादीहरूसित यसको निकासको लागि छलफल गरेर हल गर्ने प्रयास गर्नुपर्दछ। यसका लागि सामुहिक कदम चाल्नुपर्छ। माओवादी समस्या राजनीतिक समस्या हो। यस समस्यालाई हल गर्ने बाटो बार्ता नै हो।

माओवादीहरूले जुन कार्यनीतिक सोच अगाडि सारेका छन्, त्यो सोच गलत छ। उग्र वामपन्थी चिन्तनको यो उपजको रूपमा रहेको यो सोचबाट उनीहरू पछाडि हट्नै पर्दछ।

अहिले माओवादीहरू वार्ताको टेबलतर्फ आकर्षित्त भएको संकेत देखिएको छ। उनीहरू बार्ताको पक्षमा देखिन्छन्। तर वर्तमान गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकार,

जुन भ्रष्टाचारका विशाल श्रृंखलामा लट्पटिएको छ, त्यस्तो सरकारसँग उनीहरू वार्ताको निम्ति बस्न अशोभनीय ठानिरहेका छन्। गिरिजा सरकार नैतिक र इमान्दार छ भन्ने कुरामा कसैलाई विश्वास छैन। माओवादीहरू पनि यो सरकारप्रति वार्ताको टेबलमा बस्न विश्वस्त हुन सकिरहेका छैनन्। गिरिजा सरकारले राजीनामा नगरिकन माओवादी समस्या समाधान गर्ने ढोका खुल्न सक्दैन। यो सरकारले राजीनामा गरेपछि एउटा यस्तो उपयुक्त सरकार आउनु पर्‍यो, जसले सामाजिक सुधार र परिवर्तनको निम्ति प्रतिबद्धता जाहेर गर्दै वार्ताको निम्ति इमान्दारीपूर्वक अगाडि आउन सकोस्

अहिले माओवादी- हरूले वार्ताको कुरा अगाडि सारिरहेको हुनाले उनीहरू वार्ताका निम्ति इमान्दार छैनन् भन्न सकिन्न। तर यो सरकार इमान्दार छैन। यस सरकारमाथि विश्वास गर्न सकिन्न। सरकारका नीति र व्यवहारले वार्ता उसको चाहना हो भन्ने बुझ्न सकिन्न। यो समस्यालाई सरकारले गहिरो गरी बुझेको जस्तो पनि लाग्दैन। आत्मकेन्द्रित स्वार्थी सोचाईले गर्दा सरकार माओवादी समस्या हल होस् भन्ने पक्षमा छैन कि भन्ने देखिँदैछ।

> सत्तापक्ष जो अहिले नेपाली कांग्रेस छ उसले मुलुकका सबै राजनीतिक शक्तिहरूलाई सामेल गरेर समाधानको बाटो खोज्नु पर्छ। सबैको सद्भाव र सहमति जुटाएर समस्या समाधान गर्ने दिशामा अगाडि बढ्नुपर्छ। वर्तमान सरकारले मुखले वार्ता गर्छौं कुराकानी गर्छौं भनेको छ। तर गम्भिररूपमा जुन प्रयत्न हुनुपर्ने हो, त्यो हुन नसकेको मलाई महसुस भएको छ। हिजो कृष्णप्रसाद भट्टराईको सरकारको पालामा जति प्रयत्न अहिले भएको देखिन्न।

**चिरञ्जीवी वाग्ले**
**नेता- नेपाली कांग्रेस**

माओवादी क्रियाकलाप राजनीतिक भए पनि यसका व्यवहारले हत्या हिंसा बढाएको छ। हत्या र हिंसाले मुलुकका कुनै पनि समस्या समाधान गर्न सक्दैन। आज देशमा हत्या, हिंसा र आतंक बढेको छ। यसका कारण देश गम्भिर संकटमा पुगेको छ।यो समस्यालाई समाधान गर्नका लागि सरकारले राजनीतिक प्रक्रिया चाल्नुपर्छ। माओवादीहरूले पनि यो समस्या समाधान गर्नका लागि इमान्दारीपूर्वक अगाडि आउनुपर्छ। माओवादीहरू शान्तिपूर्ण तरिकाले नेपाली समाज परिवर्तन गर्न सकिन्छ भन्ने विश्वासका साथ आगाडि बढ्नुपर्छ।

मुलुकको संविधानभन्दा बाहिर गएर समस्याको समाधान गर्न सकिन्न। यही संवैधानिक प्रक्रिया र दायराभित्र बसेर आफ्ना राजनीतिक क्रियाकलाप र आन्दोलनलाई शान्तिपूर्ण तबरबाट अगाडि बढाउने तहमा माओवादीहरू आउनुपर्छ। माओवादीहरूले जुन लक्ष्य र उद्देश्य बताएका छन्- त्यो राजनीतिक सवाल हो। तर उनीहरूको माध्यम राजनीतिक पनि होइन र उपयुक्त पनि भए। उनीहरू राजनीतिक शक्ति भए पनि व्यवहार ज्यादै अराजनीतिक छ। यसले मुलुकलाई ज्यादै नराम्रो अवस्थामा पुर्‍याएको छ। त्यसैले सरकार र माओवादी दुवै यस वार्ताको टेबुलमा बस्नुपर्छ। वार्ताको टेबुलमा बसरे समाधानको बाटो खोज्नुपर्छ। यसका निम्ति सत्तापक्ष जो अहिले नेपाली कांग्रेस छ उसले मुलुकका सबै राजनीतिक शक्तिहरूलाई सामेल गरेर समाधानको बाटो खोज्नुपर्छ। सबैको सद्भाव र सहमति जुटाएर समस्या समाधान गर्ने दिशामा अगाडि बढ्नुपर्छ। वर्तमान सरकारले मुखले वार्ता गर्छौं कुराकारी गर्छौं भनेको छ। तर गम्भिररूपमा जुन प्रयत्न हुनुपर्ने हो, त्यो हुन नसकेको मलाई महसुस भएको छ। हिजो कृष्णप्रसाद भट्टराईको सरकारको पालामा जति प्रयत्न अहिले भएको देखिन्न। अहिले भित्र-भित्र सरकारले त्यसका निम्ति प्रयत्न गरेको भए हामीलाई थाहा हुने कुरा भएन। बाहिर-बाहिरका माध्यमबाट समस्या समाधान गर्न सरकार गम्भिर र इमान्दार छ भन्ने अनुभूति हुन सकेको छैन। माओवादी समस्या समाधान गर्ने बाटो वार्ता नै हो। वार्ताको वातावरण निर्माण गर्न सरकार गम्भिर बन्नुपर्छ। र माओवादी पनि वार्ताको टेबुलमा इमान्दारीपूर्वक आउनुपर्छ।



**अमिक शेरचन**
**अध्यक्ष, संजमो**

माओवादी समस्या वर्गीय रूपमा अत्यन्तै पिछडिएका, शोषित र थिचोमिचोमा परेका वर्गको विद्रोह हो। त्यही परिस्थितिको उपज हो यो। शोषण उत्पीडन र अभावको कहाली लाग्दो अवस्थाबाट जनतालाई मुक्त पार्ने क्रममा मार्क्सवाद सम्मत, वैज्ञानिक र समयानुकूल दृष्टिकोण राख्दै अगाडि बढ्नु पर्नेमा माओवादहिरूले उग्रवादी दृष्टिकोणका साथ जुन बाटो लिनु भयो त्यो आफैमा गलत छ। त्यससँग हामी सहमत छैनौं। माओवादी साथीहरूले अपनाएको यो बाटोबाट मुलुकका समस्या समाधान हुन सक्दैनन्। यसले मुलकको बामपन्थी आन्दोलनलाई पनि कमजोर पारिरहेको छ।

माओवादी समस्या राजनीतिक समस्या हो। यसलाई राजनीतिक ढंगले विश्लेषण नगरिकन हामी अगाडि बढ्न हुँदैन। यस

समस्यालाई समाधान गर्ने सरकारको चाहना हो भने यसलाई राजनीतिक मान्यता दिएर समाधानका तदनुकूल बाटा खोज्नुपर्छ। यसलाई जब हामी राजनीतिक समस्या हो भन्ने टुंगोमा पुग्छौ भने समाधानको बाटो बार्ता सम्वाद हो भन्ने निश्कर्षमा पुग्न गाह्रो पर्दैन। सिंगो समस्याको समाधान त बार्ताबाट पनि सम्भव छैन। ठूलो परिवर्तनको खाँचो पर्छ। बार्ताबाट सशस्त्र संघर्षलाई निरन्तरता दिन नहुने कुराको टुगोमा पुग्न सकिन्छ। यो सरकारले मुलुकका आम समस्या समाधान गर्न सक्दैन। तर हतियार बोकेर आन्दोलन अगाडि बढ्दा जे जस्ता समस्या उत्पन्न भएका छन्। त्यसलाई हल गर्ने उपयुक्त बाटो बार्ता नै हो। बन्दुक उठाएर अगाडी बढिरहन दिने कि नदिने भन्ने कुरा बार्ताको टेबुलमा बसेर हल गर्न सकिन्छ। दुवै पक्ष बार्ताको टेबुलमा आउनुपर्छ। बार्ताको लागि माओवादी साथीहरू तयार हुनुपर्छ - मलाई लाग्छ, उहाँहरू तयार हुनुपर्छ। सरकार बार्ताका निम्ति तयार छैन जस्तो हामीलाई लागिरहेको छ। सरकारले जुन बाटो र शैली लिएको छ त्यो एकदमै गलत छ।

सरकारका व्यवहार र सोचले मुलुकलाई गृहयुद्धको दिशातिर धकेलिरहेको छ। जसका कारण ०४६ सालको जनआन्दोलनबाट प्राप्त सीमित अधिकार पनि खोसिने सम्भावना छ। सरकार बार्ताबाट समस्या समाधान गर्ने पक्षमा छँदैछैन। माओवादीहरू शान्तिपूर्ण संघर्षको पक्षमा आए भने उनीहरूले केही सीटमा चुनाव जित्लान र आफूहरू सरकार चलाउनबाट बाहिर पुगिएला कि भन्ने कांग्रेसलाई डर छ। सरकार बार्ताको पक्षमा छ भन्ने भान भएको छैन।

सरकार यो समस्या समाधान होस् भन्ने चाहन्छ भने यस समस्यालाई राजनीतिक समस्याको रूपमा परिभाषित गर्न सक्नुपर्‍यो। समाधान सरकारले चाहेको हो भने विना अपराध झुठ्ठा मुद्दामा फसाइएका निरपराध नागरिकलाई छाड्नुपर्‍यो। विना कारण पक्राउ गरेका व्यक्तिहरूको रिहाईको प्रक्रिया थाल्नुपर्‍यो र ती सबैको अवस्था सार्वजनिक गर्नुपर्‍यो। माओवादीहरूले शर्तका रूपमा अघि सारेको यो माग अत्यन्त जायज् छ। दोहोरो भिडन्तमा पक्राउ परेका बाहेक सबैलाई रिहाई गर्नुपर्छ। सरकारले पनि गरिसकेर इमान्दारीपूर्वक बार्ताको टेबुलमा आउनुपर्छ। माओवादीहरू बार्ता चाहन्छन्, उनीहरू बार्तामा आउँछन् भन्ने मेरो ठहर छ। माओवादीहरू



**बन्दुक उठाएर अगाडी बढिरहन दिने कि नदिने भन्ने कुरा बार्ताको टेबुलमा बसेर हल गर्न सकिन्छ। दुवै पक्ष बार्ताको टेबुलमा आउनुपर्छ। बार्ताको लागि माओवादी साथीहरू तयार हुनुपर्छ – मलाई लाग्छ, उहाँहरू तयार हुनुपर्छ। सरकार बार्ताका निम्ति तयार छैन जस्तो हामीलाई लागिरहेको छ। सरकारले जुन बाटो र शैली लिएको छ त्यो एकदमै गलत छ।**

बार्ताका निम्ति तयार छन् भन्ने कुरामा म विश्वस्त छु।

**रविन्द्रनाथ शर्मा**
**नेता, राप्रपा**

माओवादी समस्या हाम्रो सामाजिक संरचनाको कमजोरी र दुर्बलताबाट भएको हो। त्यसका पछाडि आर्थिक कारण पनि छन्। यिनै समस्यालाई लिइकन माओवादीहरू हिंसात्मक बाटोबाट अगाडि बढेका छन्। माओवादीहरूले उठाएका समस्या जायज हुन सक्लान तर उनीहरूको बाटो एकदमै गलत छ। त्यो बाटोबाट मुलुकका यी तमाम समस्या समाधान हुन सक्छन् भन्ने कुरामा हामी सहमत छैनौं। हिंसाले कसैको पनि हित हुँदैन। एउटा नेपालीले अर्को नेपालीलाई मार्ने गर्नुले त्यसको लाभ बाह्य शक्तिहरूलाई हुन्छ।

यो समस्या समाधान गर्ने तरिका भनेको बार्ता नै हो। यो समस्या राजनीतिक समस्या हो यसलाई राजनीतिक ढंगले नै हल गर्ने प्रयत्न गर्नुपर्छ। दुनियामा कुन समस्या छ, जुन बार्ताको माध्यमबाट समाधान नभएको होस्। बार्तामा दुवै पक्ष विना शर्त बस्नु पर्दछ। माओवादीहरूले उठाएका समस्याहरूलाई के के गर्न सकिन्छ भनेर छलफल गरेपछि सहमतिमा पुग्न सकिन्छ। दुवै पक्ष बार्ताका निम्ति इमान्दार बन्नै पर्छ। अहिलेसम्म के भएको छ भने सरकारले मुर्खता गर्दै आएको छ। बार्ता पनि एउटा कला हो। सरकारी पक्षबाट त्यो कला प्रदर्शित हुन सकेको छैन। सरकार गम्भिर देखिएको छैन। यो समस्यालाई कसरी समाधान

**दुनियामा कुन समस्या छ, जुन बार्ताको माध्यमबाट समाधान नभएको होस्। बार्तामा दुवै पक्ष विना शर्त बस्नु पर्दछ। माओवादीहरूले उठाएका समस्याहरूलाई के के गर्न सकिन्छ भनेर छलफल गरेपछि सहमतिमा पुग्न सकिन्छ। दुवै पक्ष बार्ताका निम्ति इमान्दार बन्नै पर्छ। अहिलेसम्म के भएको छ भने सरकारले मुर्खता गर्दै आएको छ।**

गर्ने भनेर सरकारले चिन्तन मनन गरेकै पाइन्न।

**रामसिंह श्रीस**

**महामन्त्री, नेकपा (मसाल)**

माओवादी समस्या उग्रवामपंथी भड्कावबाट उब्जिएको राजनीतिक समस्या हो। यो समस्या मुख्यत: वर्तमान सामाजिक व्यवस्था, त्यसमा भएक विकृतिहरू तथा सरकारका गलत नीतिहरू र प्रशासन वा प्रहरीका गलत क्रियालापहरूका परिणाम हुन्। यो समाज व्यवस्था अर्ध सामन्ती र अर्ध औपनिवेशिक अवस्थामा छ। अहिले पनि यहाँको राज्य सत्ता सामन्त, दलाल र नोकरशाही पूँजीपतिहरूको हातमा छ। त्यसकारण यहाँका जनताहरू एकातिर सामन्त, दलाल तथा नोकरशाही पूँजीपतिहरू जस्ता घरेलु प्रतिक्रियावाद र अर्कातिर विदेशी साम्राज्यवाद विशेषत: भारतीय विस्तारवादको शोषणबाट उत्पीडित छन्। यो शोषण र उत्पीडनबाट मुक्ति हुन नेपाली जनताहरूले लगातार संघर्ष गर्दै आएका छन्। यही संघर्षको क्रममा नै तानाशाही पंचायति व्यवस्थाको अन्त्य भएर यो व्यवस्था आएको हो। तर यो व्यवस्था आए पनि निरंकुश तानाशाही पंचायति कालमा रहेका जनताका समस्याहरू समाधान भएनन्। त्यसकारण वर्तमान सामाजिक व्यवस्थाको विकृतिहरूको विरूद्ध जुझ्ने एउटा तप्काले उग्रवामपंथी भड्कावको रूप लिन पुग्यो। यसरी आधारभूत रूपमा यो समस्याको मूल जड अर्ध सामन्ती र अर्ध औपनिवेशिक सामाजिक अर्थव्यवस्था हो। तर पनि माओवादी समस्या जुन उग्र वामपंथी भड्काव हो। उत्पन्न हुनाका लागि सरकारका गलत नीतिहरू र प्रशासन वा प्रहरीमा गलत क्रियाकलापहरूले महत्वपूर्ण भूमिका खेलेका छन्। बहुदलीय व्यवस्था आएपछि नेपाली कांग्रेसको सरकार बन्यो। नेपाली कांग्रेसको सरकारमा आएपछि त्यसले जनतालाई प्रजातन्त्रको अनुभूति दिन सकेन। नेपाली कांग्रेसका कार्यकर्ताहरूले देशव्यापी रूपमा विपक्षी राजनीतिक पार्टीका कार्यकर्ताहरूमाथि सांघातिक र हिंसात्मक आक्रमण गर्ने, झुठ्ठा मुद्दाहरूमा फसाउने कामहरू गरे। नेकपा (मसाल) र राष्ट्रिय जनमोर्चाका थुप्रै कार्यकर्ताहरूमाथि यस प्रकारको आक्रमण र झुठ्ठा मुद्दाहरू लगाउने कामहरू भए। संयुक्त जनमोर्चा नेपालले रोल्पा र रूकुममा चुनाव जितेको बेला, त्यो बेला सत्तामा रहेका नेपाली कांग्रेसका कार्यकर्ताहरूद्वारा संयुक्त जनमोर्चा नेपालका कार्यकर्ताहरूमाथि कैयौं स्थानमा हिंसात्मक कामहरू गरिएको थियो। नेपाली

> सशस्त्र कारवाही चलाइरहेका स्वयम् माओवादी समूहले सरकारले न्युनतम वातावरण तयार पारेमा वार्ता गर्न तयार छौं भनिरहेको अवस्थामा वार्ताको लागि वातावरण तयार पार्ने मुख्य जिम्मा सरकारको हो । त्यसकारण सरकार सर्वप्रथम इमान्दारीपूर्वक त्यो दिशामा लाग्नु पर्दछ ।

कांग्रेसका कार्यकर्ताहरूको त्यस प्रकारको कामहरू गरिएको थियो। नेपाली कांग्रेसका कार्यकर्ताहरूको त्यस प्रकारका आतंककारी गतिविधिहरूलाई प्रशासन र प्रहरीले साथदिने काम गऱ्यो। तिनीहरूको विरूद्धको उजुरीमाथि पनि प्रशासन र प्रहरीले नियन्त्रण गर्ने प्रयत्न मात्र गरेन बरू नेपाली कांग्रेसको कार्यकर्ताहरूको आतंककारी गतिविधिलाई मद्दत पुग्ने काम नै गरे। यसरी प्रशासन र प्रहरीबाट सहयोग पाइरहेका नेपाली कांग्रेसको कार्यकर्ताहरूको त्यस प्रकारको आक्रमणबाट सुरक्षाका लागि बैधानिक र कानूनी ढोका बन्दी हुँदै गए पछि माओवादी समस्या उत्पन्न हुने अवस्थाको सिर्जना भयो। यसकारण यो समस्या उत्पन्न हुनाको कारण विद्यमान समाजको विकृतिको साथै सरकारको गलत नीति र प्रहरी प्रशासनको गलत क्रियाकलाप नै हो।

यो समस्या समाधान गर्न सरकारले सर्वप्रथम यो समस्यालाई राजनीतिक समस्या हो भनेर राजनीतिक रूपले नै समाधान गर्न प्रयत्न गर्नु पर्दछ। त्यसको लागि सरकारले न्यूनतम राजनीतिक इमान्दारीता देखाउनु पर्दछ। तर अहिलेसम्म सरकारको इमान्दारीता देखिएको छैन। अन्य समस्याहरूको साथै माओवादी समस्यालाई पनि लिएर सरकार र नौ वाम समूहको बीचमा सम्झौता भएको थियो। तर सरकारले त्यो सम्झौता लागू गरेन। स्वयम् माओवादी समूह र सरकारबीच भएको सहमतीलाई पनि सरकारले इमान्दारीपूर्वक लागू गरेन। दिनेश प्रकरणले यही कुराको पुष्टी गर्दछ। सरकारले यस समस्यालाई समाधान गर्न सर्वप्रथमत: अन्य राजनीतिक पार्टीहरूसँग गरेका सम्झौताहरूलाई इमान्दारीपूर्वक लागू गर्नु पर्दछ। जनतामाथि भएको दमन उत्पीडनलाई रोक्नु पर्दछ। संस्थागत रूपमा विकास भएको भ्रष्टाचारलाई निर्मूल पार्नु पर्दछ। महंगी र बेरोजगारीलाई हटाउन सक्नु पर्दछ। सशस्त्र कारवाही चलाइरहेका स्वयम् माओवादी समूहले सरकारले न्युनतम वातावरण तयार पारेमा वार्ता गर्न तयार छौं भनिरहेको अवस्थामा वार्ताको लागि वातावरण तयार पार्ने मुख्य जिम्मा सरकारको हो। त्यसकारण सरकार सर्वप्रथम इमान्दारीपूर्वक त्यो दिशामा लाग्नु पर्दछ। यसरी सरकारले माओवादी समस्यालाई तत्कालका लागि समाधान गर्न सक्छ तर यो समस्यालाई दीर्घकालिन रूपमा समाधान गर्नका लागि वर्तमान सामाजिक आर्थिक संरचनालाई क्रान्तिकारी दिशामा आमूल परिवर्तन गर्नु पर्दछ।

जहाँसम्म माओवादी समूहले आफ्नो तर्फबाट गर्ने कामको कुरा छ उनीहरूले सर्वप्रथम उग्र वामपंथी भड्कावलाई सच्याउनु पर्दछ। उनीहरूको गतिविधिबाट पुनरूत्थानवदीले फाइदा लिने जुन मौका पाइरहेका छन् त्यो मौका दिनु हुन्न। त्यसको लागि उनीहरूले पुनरूत्थानवादी, मुख्यत: राजाप्रति अपनाएको गलत नीति अर्थात् राजापरस्त लाइनलाई तुरून्त सच्याउनु पर्दछ। यदी त्यो नीतिलाई सच्याइएन भने क्रान्तिको नाममा पुनरूत्थानवादी शक्तिहरूलाई सत्तासिन बनाउने काम हुनेछ।

**रोहित**

**अध्यक्ष, ने.म.कि.पा**

माओवादी गतिविधि अगाडि बढ्नुभन्दा पहिलेका जनताका समस्याहरू र ती समस्या सुल्झाउने उपायहरूबारे केलाउनु पर्दछ र पछिका तिनीहरूका गतिविधिहरूबारे राम्रो कामको स-हाहना र गलत कामहरूलाई चर्को सैद्धान्तिक खण्डन गरिनुपर्दछ। त्यसको निम्ति वार्तामार्फत स्थिति बुझ्नु आवश्यक छ।

सबभन्दा पहिले सरकार र प्रशासनले गरेका सबै अपराधहरू केलाउनु पर्दछ, माओवादीको नामबाट निर्दोष जनता मार्ने र मार्न लगाउने व्यक्तिहरूमाथि कानूनी कार्यवाही सुरू गर्नुपर्दछ। साथसाथै "माओवादी" गतिविधिमा सहयोग पुऱ्याउने सरकारका सबै सकारात्मक पाइलाहरू बन्द गरिनुपर्दछ। "माओवादी" गतिविधि सुरू हुनुभन्दा पहिलेका तिनीहरूका धेरै जसो मागहरू अन्य राजनीतिक पार्टीका कार्यक्रमहरूसँग मिल्ने हुँदा साझा मागहरूमध्ये तत्काल पूरा हुने मागहरूलाई पूरा गरिहाल्नु पर्दछ र पूरा गर्न हुनु अन्य मागहरूलाई छिटै पूरा गर्ने कार्य थाल्नु पर्दछ। माओवादीहरूले पनि अराजकतावादी दृष्टिकोण र गतिविधि छोडेर मार्क्सवादी दृष्टिकोणअनुसार चल्नु पर्दछ अर्थात् बन्दुकको भरमा होइन सिद्धान्त र आस्थाको आधारमा देश र जनताको निस्वार्थरूपले सेवा गर्नु पर्दछ। ●

*(प्रस्तुति : केशव खनाल)*

# जनयुद्ध र महिला हिंसा

कविता अर्याल



प्रहरी र माओवादी दुई पक्षका शिकार बनेका महिलाहरू आफ्नै घर, गाउँ सबैतिर असुरक्षित भएका छन्। जनयुद्ध सुरू भएपछि राजनीतिक प्रतिशोधका कारण प्रहरी र माओवादी दुवै पक्षबाट महिलाहरू मारिएका छन्। अहिलेसम्म मारिने१२४ जना महिलामध्ये १०९ जना प्रहरीबाट र १५ जना माओवादीबाट मारिएका छन्। तर यस संख्याभन्दा अझ धेरै महिलाहरू मारिएको हुन सक्ने अनुमान गरिन्छ। प्रहरीबाट मारिएका महिलाहरूमा सबैभन्दा बढी राजनीतिक कार्यकर्ताहरू नै मारिएका छन्। त्यस क्रममा मारिएका महिलाहरूमा ८१ जना राजनीतिक कार्यकर्ता, २६ जना कृषक र ७ जना विद्यार्थी पनि रहेका छन्। प्रहरीबाट मारिएका महिलाहरूमा ७० वर्षीया वृद्धादेखि १३ वर्षका नाबालिकासमेत रहेका छन्।

प्रहरीको गोलीबाट ०५३ मंसिर १८ गते मारिएकी रोल्पा जिल्लाकी विनसार बुढा ७० वर्षीया वृद्धा हुन् भने अन्य ६४ जनाको उमेर खुल्न सकेको छैन्। प्रहरीबाटै मारिएका महिलाहरूमध्ये २१ जना १६ वर्षदेखि २० वर्षसम्मका, त्यस्तै २१ वर्षदेखि ३० वर्षसम्मका १३ जना र ३० वर्षमाथि ४० वर्ष मुनिका २ जना रहेका छन्। र, १३, १४, १५ वर्षका एक/एक जना छन्।

माओवादीबाट मारिएका १५ जना महिलामा २ जना महिलाको घरमै हत्या गरिएको थियो। एक जना कर्मचारी महिला माओवादीद्वारा थापिएको एम्बुसमा परेर मारिएकी थिइन्। माओवादीद्वारा मारिएका महिलाहरूमा ४ जना कृषक, १ जना विद्यार्थी, १ मजदुर, १ जना कर्मचारी र १ जना बालिका रहेका छन् भने ६ जनाको पेशाका सम्बन्धमा खुल्न सकेको छैन। यसरी मारिने मध्येकी एक बालिका ९ वर्षकी मात्र थिइन्।

मारिनेहरूको सम्बन्धमा प्रत्येक पल्ट सरकारले दोहोरो भिडन्तका कारण मारिएको भन्दै आएको छ। तर यसै सम्बन्धमा मानव अधिकार तथा शान्ति समाजको भनाई भने अर्कै छ। त्यस संस्थाले गरेको एक अध्ययन अनुसार मारिनेहरूमध्ये अधिकांश प्रहरीसँगको मुठभेडमा मारिएको भनिए तापनि त्यस्ता घटनामा ठूलो संख्यामा गैरन्यायिक हत्याको शिकार भएको तथ्य पटक पटक सार्वजनि हुँदैआएको भनिएको छ। रूकुमको काँक्रीमा ०५२ चैत ५ गते मारिएकी मनकुमारी श्रेष्ठ, ०५३ मंसिर १९ गते रोल्पाको मिरूलमा मारिएकी सुनसार बुढा र ०५३ मंसिर २ गते सोही गाविसमा मारिएकी कुमारी बुढा र लली रोकासम्बन्धी घटना गैरन्यायिक हत्याको शिकार भएको जनाएको छ। यसै गरी महिलाहरू बलात्कृत हुने संख्या पनि ठूलोरूपमा पाइएको छ। सर्च अपरेशन नामको जनहत्या अभियानकै क्रममा कालिकोटमा प्रहरीको बलात्कारबाट दुई दर्जन जति महिलाहरू गर्भवतीसमेत बनेका थिए।

०५६ मा रूकुम महतकी गर्भि पुनलाई प्रहरीले बलात्कार गर्दा गर्भवती बनी बच्चा जन्मिएको छ। किलो सेरा टु भनिएको अपरेशनको क्रममा रूकुम जिल्लाको शोभा गाविसस्थित रूकुमकोटको एक दलित जातकी महिलालाई ०५५ जेठ २० गते दिउँसो गस्ती गएका प्रहरीले सामुहिक बलात्कार गरी अचेत अवस्थामा पुर्‍याई छोडेका थिए। सोही दिन पेउमा गाविसमा पुगी ४ जना महिलालाई घेरा हाली पक्राउ गरेको र बलात्कार गरी छाडेको थियो।

यसैगरी जाजरकोटको सल्लाकोट गाविसस्थित एक विद्यालयमा पढ्ने १८ वर्षीया युवतीलाई गस्ती प्रहरीले ०५५ जेठ २९ गतेका दिन जंगलमा लगि सामुहिक बलात्कार गरी गोली हानी हत्या गरे। ०५६ भदौ २८ गते रोल्पाको कोर्चाबाङ गाविस ३ की लक्ष्मी पुनलाई पनि प्रहरीले सामुहिक बलात्कार गरी मरणासन्न अवस्थामा पुर्‍याएका थिए। प्रहरीद्वारा महिलामाथि गरिएको ज्यादतीको अर्को कहालीलाग्दो उदाहरण रोल्पा जिल्लाको गजुल गाविसकी दिव्यज्योति थापा र उहाँकी आमा वाग्मती थापा हुन्, जसलाई ०५६ कार्तिक २७ गते घरबाटै गिरफ्तार गरी बाँधेर प्रहरी चौकीमा लगी अमानवीय यातना दिइयो र दिव्यज्योति थापालाई इन्स्पेक्टर राजेन्द्र अधिकारी र आमा बाग्मती थापालाई सई राम सिंह थापाले चौकीभित्रै बलात्कार गरेका थिए। यसै गरी ०५५ वैशाख २७ गते सुर्खेतको लेखफर्सामा दिलकुमारी थापालाई त्रासदीपूर्ण यातनापश्चात् सामुहिक बलातकार गरी हत्या गरिएको थियो। त्यसबाट पनि शान्त हुन नसकी दिलकुमारी थापाको स्तनसमेत काटेर फ्याँकेको कुरा थाहा हुन आएको छ।

०५२ सालदेखि सुरू गरिएको यस जनयुद्धमा प्रत्यक्षरूपमा महिलाहरूले मृत्यु र बलात्कारबाहेक अन्य थुप्रै पीडाहरू बोक्न बाध्य भएका छन्। विभिन्न संघ-संस्थाले गरेका अध्ययनकै आधारमा पनि हामी के भन्न सक्छौं भने महिलाहरू सबै पक्षबाट पीडित बन्दैछन्। हिजोसम्म आर्थिक उपार्जनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बाबु, श्रीमान, दाजु घरबाट बाहिरिएका छन्। त्यो ठाउँ अब महिला स्वयम्ले लिनु परेको छ। आजकल जनयुद्धबाट प्रभावित भएका जिल्लाहरूमा हामीले हेर्‍यौं भने महिलाहरू भात-भान्सामा मात्र सीमित नभई महिलाहरूको लागि कठिन मानिएका कामहरू हलो जोत्ने, छाना छाउने आदि सबै काम आफै गरेको पाउँछौं।

आफ्ना वृद्ध भएका बाबु, आमा, सासु, ससुरा र साना छोरा छोरी सबैको जिम्मेवारी महिला एक्लैले बेहोर्नु परिरहेको छ। यसबाहेक महिलाहरू सधैंभरि कुनै पनि बेला प्रहरीबाट बलात्कृत वा हातपात गरिएला कि भनेर त्रसित बनेका हुन्छन्। यस्तो मानसिकतामा अल्झेका महिलाहरूले चाहँदा चाहँदै पनि आफ्नो भविष्य र उन्नतिको बारेमा कसरी सोचन सक्छन् ? हामी अनुमान गरौं- उनीहरूका छोरा-छोरीले कसरी अभिभावकको मार्गदर्शन प्राप्त गर्न सक्छन्। यो समसया अहिले हाम्रो सामु चुनौतीको रूपमा देखा परेको छ।



# दोहोरो गोलाबारी माझ

—रमेश कुमार पौडेल

यस पटक म र सहकर्मी साथी सूर्यप्रकाश भट्टराईजी २० दिनको यात्रामा हिड्यौं। यसरी हामीहरू यति लामो समयसम्म संगसंगै हिडेको पनि पहिलो पटक नै थियो। यात्रा पनि अरूतिरको भए त त्यति बढी चासो र उत्सुकताको विषय नहुन सक्थ्यो। त्यसै त रूकुम माओवादीहरूको प्रभावक्षेत्र रहेको, धेरै हिंसा र हत्याका घटनाहरू भइरहेको, उनीहरूले त्यहाँ गाउँ जनसरकार र जिल्ला जनसरकार जस्ता स्थानीय निकायहरू पनि गठन गरेको चर्चा आइरहेको सन्दर्भमा जो कोहीको लागि पनि रूकुम जानु स्वभाविक चासोको कुरा बन्न सक्छ। त्यसमाथि मेरो लागि रूकुम यात्रा अझ चासो र उत्सुकताको विषय बनेको थियो। किनकी मैले रूकुम जाने पहिलो अवसर पाएको थिएँ।

पहिले रूकुमको अनि त्यसपछि बाँके र बर्दियाको तालिममा सहजकरण गर्ने जिम्मेवारी भएकोले हामी पहिले रूकुम कै तालिमको सामाग्रीहरू जुटाउने तयारीका लागि निकै पहिले देखि लागेका थियौं। अर्कोतिर बाँके र बर्दियाको तालिमको तुलनामा रूकुममा आयोजना गरिने तालिमका विषयवस्तुहरू पनि फरक थिए।

पूर्व निर्धारित योजना अनुसार ५ दिने तालिम सामाग्रीहरू बोकेर माघ २८ गतेको दिन दिउँसो २:०० बजे शानेवानीको विमानबाट रूकुमको लागि प्रस्थान गऱ्यौं। हामी चढेको विमान बादलुको घुम्टोभित्र घुस्दै नीलो आकाशलाई चुम्दै आफ्नै गतिमा अगाडि बढिरहेको थियो। भित्र विमानको इन्जिनबाट आइरहेको कर्कस आवाजले कानका पर्दाहरू च्यात्ला झैं गरिरहेको थियो। हामी कहिले उत्तरतिर सिपाहीले झैं पहरेदारी गरेर बसेका सेता हिम श्रृखंलाहरूको मनमोहक दृष्यमा रम्दै, कहिले पहाडका काखमा रहेका गाउँहरू, लम्पसार परेका फाँटहरू, हरियो च्यादर ओढ्याए झै देखिने जंगलहरू, नागबेली परेका नदी तथा खोलाहरू हेर्न भ्याउँदा नभ्याउँदै रूकुमको सल्ले डाँडास्थित विमानस्थल आइपुगेको थाहै पाइएन। यात्रीसाथीहरूले विमानस्थल देखिने बित्तिकै लौ अब आइपुगियो भन्दा पो झसंग भइएछ। हेर्दा हेर्दै विमानले अवतरण गऱ्यो। सबै यात्रीहरूका साथ हामी पनि उत्रियौं। हामीलाई लिन भनेर रूकुमकै टोप बहादुर खड्का, जीवन खड्का लगायतका साथीहरू आउनुभएको रहेछ। विमानस्थलमा प्रहरीहरूको निकै ठूलो चहलपहल थियो। आउने प्रत्येक यात्रीहरूले आ–आफ्नो नाम र रूकुम आउने उद्देश्य प्रहरीहरूसमक्ष टिपाउनु पर्ने रहेछ। हामीले पनि टिपायौं।

आ–आफ्ना पोका पन्तेसहरू बोकेर हामी सदरमुकाम खलंगातिर लाग्यौं। विमानस्थलबाट हिंडेको करिब आधा घण्टापछि खलंगा बजार पुगियो। सँधैभरि काठमाण्डौका कंक्रिटै कंक्रिटका जंगल हेर्दा हेर्दा वाक्क, दिक्क भएका आँखाहरूले धेरै दिनपछि नीलो आकाशमुनि चट्टानै चट्टानले निर्मित स्वच्छ, सफा डाँडा पाखाहरू हेर्न पाउँदा निक्कै शान्ति पाएको महसुस गरे। हिंडेको आधा घण्टा बितेको पनि पत्तो भएन।

पूर्व, उत्तरमा अग्ला डाँडा, पश्चिममा सानी भेरी, दक्षिणमा पसारिएको मुसिकोट डाँडोको बीचमा रहेको सदरमुकाम खलंगा

बजार अलिक बढी खुम्चिएर बसेको जस्तो अनुभव भयो। तर बजार फैलिनका लागि आवश्यक क्षेत्रफल पनि कमी रहेको पाइयो।

हामी बजार प्रवेश गरेदेखि नै प्रहरीहरू हातमा बन्दुक लिएर मोर्चाबन्द भई बसेका थिए। हाम्रो टोली चाहिं सरासर हामी बस्नका लागि बन्दोबस्त गरिएको गणेश होटलतिर लाग्यो। होटल पुगी झोला झ्याम्टा बिसायौं, हातमुख धोई केहीबेर सुस्तायौं। बेलुका तालिमका सहभागी समक्ष प्रस्तुत गरिने सामाग्रीहरूको तयारीमा लाग्यौं र व्यवस्थापन पक्षमा के कस्तो तयारी भएको छ सो बारेमा मानवअधिकार संरक्षण तथा कानुनी सेवा केन्द्र रूकुम (हर्प्लेस)का अध्यक्ष टोप बहादुर खड्का, सचिव विनोद के.सी. इन्सेक प्रतिनिधि जीवन खड्का आदि साथीहरूसंग बुझ्ने काम गर्‍यौं। त्यसपछि सुत्यौं।

भोलि पल्ट फागुन २९ गते हामी बिहानै उठी तयारीकै कामतिर लाग्यौं। तर यो दिन माओवादीहरूको जनयुद्ध सुरू भएको छैटौं वार्षिकोत्सव मनाउने क्रममा कहींबाट कुनै किसिमको आक्रमण हुन्छ की भनेर प्रहरीहरूले सधैंको भन्दा अलिक बढी सतर्कता अपनाएको देखियो। त्यो दिन दिउँसो हामी एकपटक कार्यक्रम हुने हल हेर्न गयौं । यसो एकपटक खलंगा डाँडोको टुप्पोमा पुगी एकैछिन त्यहाँबाट देखिने मुसिकोट डाँडो, खलंगामुन्तिरको सेरी गाउँतिर देखिने मनोरम प्राकृतिक दृश्यको नेत्रपान गर्‍यौं। फेरि, आफ्नै कोठामा आइ तालिमका विषयहरूको बारेमा केही बेर छलफल गर्‍यौं। यस्तैमा बेलुकीको ५ बज्न लागेको थियो। अचानक कतै डाँडातिरबाट एउटा बन्दुक पड्केको आवाज आयो। यसको लगत्तै फेरि धेरै बन्दुकहरू पड्केको आवाज आयो। बन्दुकहरू पड्किन थाल्नासाथ खलंगा बजारमा आतंक छायो, मानिसहरू भागदौड गर्न थाले, बाटामा हिंडेका मानिसहरू कुद्दै पसलभित्र पस्न थाले, पसलेहरूले सटर लगाए, प्रहरीहरू तुरुन्तै कारबाहीको लागि तम्तयार भएर निस्किए, केही प्रहरीहरू सडक छेउका घरहरूका छतमाथि पोजिसन लिएर बसे। ठूलो युद्ध हुन लागिरहे झैं घरभित्र सुरक्षित हुन पुगेका मानिसहरू अब के हुन्छ होला भनेर झ्यालबाट च्याएर हेर्न थाले। घरभित्रका बत्तीहरू तुरुन्तै निभाइए। साँझ झमक्क परिसकेको थियो, यता बन्दुकहरू पड्किने क्रम जारी नै थियो। यस्तैमा एउटा भयानक ठूलो चट्याङ पर्दा निस्कने आवाज जस्तै विष्फोटनको आवाज आयो। औंसीको रात भएकोले बाहिर कतै केही देखिने स्थिति थिएन। यसले एउटा भयावह स्थितिको सिर्जना गर्‍यो। विष्फोटन पश्चात् सैनिकहरूले पनि सर्च लाइट बाली डाँडा पाखामा सियो नै खोज्न मिल्ने गरी उज्यालो पारे। यसपछि बन्दुक पड्किने क्रम पातलिंदै गयो। माओवादीहरूले जनयुद्धको छैटौं वर्षगाँठ मनाउने क्रममा बन्दुक र बम पड्काएको र त्यसको प्रतिउत्तरमा प्रहरीहरूले पनि जवाबी कारबाही गरेको होला भन्ने अनुमान गरियो । त्यो रात भय र आतंकले राज गरेको रात थियो। रातभरि प्रहरीहरू गस्ती हिंड्दा आएको गर्‍याप गर्‍याप आवाज कानमा ठोकिरहेको थियो। कतिखेर निदाइएछ पत्तै भएन।

बिहानै बासेको कुखुराले अँध्यारोको राजलाई पराजित गर्दै फेरि उज्यालो आउन लागेको संकेत दियो। उज्यालो खस्ने क्रम संगसंगै खलंगाबासीको जनजीवन फेरि सामान्य हुँदै आयो। चिया पसलहरूमा मानिसहरूले हिजो राति भएका घटनाहरूको बारेमा आ-आफ्ना अनुभवहरू साटासाट गर्दै थिए। सेरी गाउँतिरबाट आउने मानिसह/ले रातभरि डाँडा पाखै भरि मसाल जुलुसह/ निकालिएको दृष्य देखिएको कुरा बताए। तर हामी बसेको ठाउँ अलिक कोप्चे परेकोले त्यहाँबाट भने त्यस्तो दृष्यहरू देखिएनन्।

यस्तो स्थितिमा रूकुममा माओवादी जनयुद्ध र मानवअधिकार सम्बन्धी विषयमा केन्द्रित रहँदै मानवअधिकार कार्यकर्ता प्रशिक्षक प्रशिक्षण संचालन गर्नु वास्तवमै चुनौतिपूर्ण कार्यको रूपमा लिएका थियौं हामीले।

फागुन १ गते देखि १२ बजे देखि तालिम उद्घाटनको औपचारिक सत्र सुरू हुने भएकोले हामी बेलैमा तालिम हलतिर लाग्यौं । वास्तवमा एकातिर माओवादीहरूको र अर्कोतिर सरकारी पक्षको हानाहानको चपेटामा परी पिल्सिरहेका रूकुमेलीहरू काठमाण्डौबाट आएका हेर्दाखेरि केटौले देखिने यिनीहरूले के तालिम देलान्, कस्तो तालिम देलान् भनेर उत्सुकतापूर्वक हेरिरहेका थिए। बयोबृद्ध समाजसेवी होमजंग मल्लद्वारा उद्घाटित तालिमको औपचारिक समारोहमा उपस्थित भएका प्रशानिक निकायका प्रतिनिधिहरू, विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरू, बुद्धिजीवीहरू, समाजसेवीहरू र उनीहरूद्वारा व्यक्त गरिएका विचारहरूले यही कुरालाई संकेत गर्दथ्यो।

औपचारिक समारोह पश्चात् तालिमको मूल विषयवस्तुलाई हामीले अगाडि बढाउन थाल्यौं। हरेक तालिममा हरेक सहजकर्ताहरूलाई कसरी सबै सहभागीहरूलाई खुलस्त पार्ने, कसरी सहभागीहरू बीच घुलमिल गराउने भन्ने चिन्ताले सताइरहेको हुन्छ। तर रूकुममा यो समस्याको पोको हामी पहिले नै फुकाउन सफल भयौं। हरेक विषयहरूको छलफलमा सहभागीहरूको सक्रिय सहभागीता रहयो। यसरी पहिलो दिन बितेको पत्तै भएन। राति अबेर सम्म हिंडडुल गर्ने वातावरण अनुकूल नभएको कारणले तालिम १० बजे थाल्ने र ४ बजे स्थगन गर्ने सहमति कायम गरियो।

तालिम स्थगन पछि केही बेर सुस्ताई सूर्यजी, म र हर्प्लेसका अध्यक्ष टोप बहादुर खड्का बसेर पहिलो दिनको समीक्षा गर्‍यौं । समीक्षा पश्चात् सूर्य जी र म भोलिका विषयहरूमा छलफल गर्दै निष्कर्सका रूपमा प्रस्तुत गर्ने सामाग्रीहरू तयारी गर्ने काममा जुट्यौं।

साँझ पर्नासाथ सदा झैं चराचुरूङ्गीहरू आ-आफ्ना गुँडतिर लागे। हामी चाहिं कोठामै थियौं। त्यसदिन बेलुकीको खानपिनपछि पनि हामी अबेरसम्म यही काममा लागिरहयौं।

तालिमको दोस्रो दिन फागुन २ गते पनि व्यस्त हुँदा हुँदै बित्यो। हामी तालिम सकेर कोठामा पुगी साथीहरूसंग त्यो दिनको तालिमको समीक्षा गर्दै थियौं । घाम डाँडामा पुगी अस्ताइसकेको हामीलाई थाहै भएन। हेर्दा हेर्दै झमक्क साँझ पर्‍यो। अचानक औंसीको रातको शुन्यतालाई चिर्दै फेरि बन्दुक पड्किएको आवाज आयो। अरू बन्दुकहरू पड्केका आवाजहरू आए। फेरि एकपटक खलंगामा आंतकले राज गर्ने मौका पायो। फेरि जनताको भागदौड, प्रहरीहरूको तम्तयारी र घरघरमाथि चढेर आक्रमण- प्रत्याक्रमणको तयारी, सेनाको सर्च लाइट आदि पुरानै गतिविधि दोहोरियो। साँझ परेपछि प्रहरीहरूको सक्रियता त्यस्तै रहयो जस्तो अघिल्ला दिनहरूमा थियो।

तेस्रो दिन जनजीवन सामान्य रहयो। हाम्रा गतिविधिहरू पनि अघिल्ला दिनहरूमा झैं बित्यो। यो दिन भने कतै बन्दुक पड्किएको आवाज सुनिएन। जनजीवन सामान्य नै रहयो।

चौथो दिन फागुन ४ गते

त्यसदिन तालिम स्थनगपछि सहभागी साथी नन्दराम देवकोटासंग बसेर हामीले धेरै बेर कुराकानी गर्‍यौं। उहाँहरूले माओवादी क्षेत्रमा आफ्ना संस्थागत क्रियाकलापहरू लाने प्रयास गर्दा प्राप्त भएको कटु अनुभवहरू सुनाउनु भयो। यसै बीच अचानक बन्दुक

पड्केका आवाजहरू आए। यी आवाजहरू अब त हामीलाई पनि त्यतिसारो अनौठा लागेनन्। सायद रूकुमेली जनताको लागि त यो एउटा नियमित प्रक्रिया नै भइसकेको हुनुपर्छ। औंसीको रात भएकोले कतै केही देखिने कुरा भएन। यसो कतातिर पड्किएछ भनेर झ्यालबाट हामीले पनि च्यायौं। बाहिर आकाशमा ताराहरू टिल्पिलाइरहेका थिए। एकछिन वातावरण स्तब्ध भयो। प्रहरीहरूले ठूलो आवाज निकालेर कुराकानी नगर्न तथा बत्ती निभाउनका लागि बारम्बार होटेल मालिकलाई कचकच गरिरहेका थिए। यसले गर्दा हाम्रो कुराकानी एकछिन बिथोलियो। केही बेरको शून्यतापछि हामीले सुस्त सुस्त रूपमा कुराकानीलाई जारी राख्यौ। उहाँ पनि माओवादीहरूको आक्रमणमा पर्दे बालबाल बच्दै आउनुभएको रहेछ। त्यसो त हर्ल्सेसका अध्यक्ष टोप बहादुर र विनोद के. सी. पनि "फाउको जीवन" बाँचेको बताउनु हुन्थ्यो। गत स्थानीय निर्वाचनमा माओवादीहरूको निर्वाचन बहिष्कार गर्ने नीति विपरित गा.वि.स.का पदाधिकारीहरूको निर्वाचनका लागि उम्मेद्वारहरू खडा गर्ने काम गरे बापत उनीहरूद्वारा अपहरित मै आफूहरूलाई अमानवीय यातना दिइएको तितो अनुभव बताउनु भयो। माओवादीहरूको निशाना बनाइनु भएका ती साथीहरू हाल माओवादीहरूको नीतिमा आएको केही लचिलो पनका कारण हाल आफ्ना संस्थागत तथा उहाँहरू आवद्ध रहनुभएका संगठनका गतिविधिहरू केहीमात्रामा संचालन गर्न सकिएको कुरा बताउनु हुन्थ्यो। रूकुममा हालसम्ममा माओवादीहरूको आक्रमणमा परेर आफ्नो जीवन गुमाउनेको संख्या ६५ पुगेको छ भने राज्य पक्षबाट भएको दमनको क्रममा मारिनेहरूको संख्या २०५ पुगेको एक आधिकारिक तथ्याङ्कले समेत देखाइसकेको छ।

सदरमुकामको आधा घण्टा वरिपरिको भूभाग राज्यको नियन्त्रणमा छ भने त्यसदेखि बाहिरको इलाका माओवादीहरूको मिलिसिया तथा जनसेनाको नियन्त्रणमा छ । उनीहरूले गाउँमा गाउँ जनसरकार र जिल्लामा जिल्ला जनसरकार गठन गरेका छन्। यदि उनीहरूको जनसरकार भएको इलाकामा कुनै कार्यक्रम गर्नु परे स्वीकृति लिएर मात्र गर्न पाइने कुरा उनीहरूले सार्वजनिक गरेका छन्। यसप्रकार रूकुममा द्वैध शासन रहेको रूकुमेलीहरू बताउँछन्।

हत्याले हत्या निम्त्याउँछ, हिंसाले हिंसा निम्त्याउँछ भन्ने कुराको ज्वलन्त उदाहरण बनेको रहेछ रूकुम। साँच्चै भन्ने हो भने रूकुमका दुवै तर्फको हत्या र हिंसाको सिकार भएका मानिसहरूको हृदयमा प्रतिशोधको आगो दन्किरहेको छ। २०५२ सालमा सत्ताको उन्मादका कारण राज्यपक्षबाट संयुक्त जनमोर्चाका कार्यकर्ताहरूमाथि गरिएको अमानवीय दमनको बदला लिनका लागि सल्किएको माओवादी जनयुद्धले हत्या र हिंसाको कहिल्यै नकोरिएको इतिहास तयार गरेको छ। एकातिर प्रहरीहरूद्वारा माओवादी जनयुद्ध दमन गर्ने नाममा गरिएको यातना, हत्या र हिंसाबाट उत्पन्न भएको प्रतिशोधको भावनाले अरू माओवादीहरू तयार गर्ने काम गरिरहेको छ भने अर्कातिर माओवादीहरूबाट बदला लिने नाममा गरिएको हत्याहिंसामा पर्ने जनताको हृदयमा कहिल्यै ननिम्ने प्रतिशोधको आगो सल्किएको छ। र यो समस्याले दिन प्रतिदिन देशका अरू भागलाई पनि गाँजिरहेको छ। स्थिति यस्तै रही रहेमा यसले २०४६ सालको बलिदानी संघर्षबाट प्राप्त प्रजातन्त्रलाई कतिस्वेर कहाँ लगेर कुन भड्खालोमा जाक्ने हो यसै भन्न सकिने अवस्था छैन। रूकुमबाट हामीले यही तीतो अनुभव बोकेर आउनु पर्‍यो। फेरि पनि शान्तिका लागि केही प्रयत्नहरू भइरहेका छन्। यी प्रयत्नहरूलाई जारी राख्न सकेको खण्डमा देश यो भड्खालो बाट उम्किन सक्ने संभावना पनि देखिन्छ। कैयौं रूकुमेलीहरू यही आशाको दियो मनमा बालेर बसेका रहेछन्।

फागुन ५ गते तालिम समापनको दिन सामान्यतया राम्ररी नै बित्यो। तालिमको समापन अनौपचारिक रूपबाट गरिएको थियो। तालिम समापनको क्रममा सहभागीहरूले व्यक्त गरेका मनाइहरूबाट सिंगो तालिम सफलतापूर्वक सम्पन्न भएको कुराको संकेत मिल्थ्यो। सहभागीहरू तालिमबाट सन्तुष्ट भएको कुराहरू आएकोले हामी पनि दंग पनि थियौं। साँच्चै भन्ने हो भने तालिमको हरेक सहभागीहरूको सन्तुष्टी नै सहजकर्ताहरूको सन्तुष्टी हो। यो दिन हामीले जेल निरिक्षिण गर्ने पनि योजना बनाएकोले तालिम केही चाँडो सकी समय उबारेका थियौं।

तालिम सकेर हलुको र फुरूङ्ग भएको मन लिएर हामी स्थानीय साथीहरू टोप बहादुर जी, शालिक रामजी, इन्सेक प्रतिनिधि जीवन खड्काजी, सूर्य जी र म बन्दीहरूसंग भेटघाट गर्ने उद्देश्यले जेलतिर लाग्यौं तर त्यो दिन जेलका बन्दीहरूसंग भेटघाट गर्ने दिन नपरेकोले सोको स्वीकृतिका लागि प्रमुख जिल्ला अधिकारीलाई भेट्न गयौं। प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद नेउपानेजीसंग जानासाथ भेट भयो। हँसिलो एवं सरल स्वभावका धनी प्र.जि.अ. नेउपानेजीले तुरुन्तै एउटा चिठी तयार गर्न लगाइदिनु भयो। चिठी लिएर जेलतिर लाग्यौं । बाटामा तालिम कै सहभागी साथीहरू रेडियो नेपालका प्रतिनिधि लक्ष्मण के. सी. र स्पेसटाइमका नरेन्द्र के.सी. भेटिनु भयो। उहाँहरू पनि बन्दीहरूसंग भेट गर्नका लागि हामी संगै लाग्नुभयो। बन्दीहरूबाट जेल प्रशासनले गर्ने गरेको व्यवहारको बारेमा खासै नकारात्मक टिप्पणी गरेको पाइएन। बरू उनीहरूले कारागारको मान्साघर चाहिं जीर्ण अवस्थामा रहेको र बर्सातमा कुनै पनि बेला भत्किएर दुर्घटना हुन सक्ने गुनासो गरे। त्यसैगरी कारागारबाट उत्पादन भएका टोपी लगायतका वस्तुहरूको बजारको अभावले गर्दा उत्पादित सामानहरू त्यसै अलपत्र थन्किएर बसेको हुनाले बजारको व्यवस्था गर्नका लागि विशेष पहल गर्ने काममा सहयोग गर्न उनीहरूले आग्रह गरेका थिए। जेल निरीक्षण पछि फर्कने क्रममा हामी खलंगाको टुँडिखेलतिर पनि आँखा डुलाउँदै आयौं। साँझ एकछिन माओवादी समूहले सुराकीको आरोपमा हत्या गरिएका जनप्रतिनिधि तथा राजनीतिक कार्यकर्ताहरूका परिवारहरूको सक्रियताबाट बनाइएको रूकुमेली शहीद परिवार संरक्षण मञ्चको कार्यालयमा गयौं। तालिमका सहभागी तथा मञ्चका पदाधिकारी नन्दबहादुर विष्टले हामीलाई सो मञ्चको बारेमा जानकारी गराउनुभयो। यसको साथै सो मञ्चले हालसालै माओवादी पीडितहरूका छोराछोरी पढाउनका लागि संचालन गरिएको छात्रावास पनि देखाउनु भयो। यसपछि हामी फेरि आफ्नै वासस्थानतिर फर्कियौं।

बेलुका सूर्यजी, म र आयोजक हर्ल्सेस संस्थाका अध्यक्ष टोप बहादुर खड्का भएर सिङ्गो ५ दिने तालिम कार्यक्रमको समीक्षा गर्‍यौं। छलफलबाट कार्यक्रम अत्यन्त फलदायी भएको निष्कर्षमा पुगियो। साँच्चै भन्ने हो भने सो तालिम कार्यक्रम हर्ल्सेसका अध्यक्ष टोप बहादुर खड्काका अतिरीक्त विनोद के. सी., शालिकराम आचार्य लगायत्का साथीहरू तथा इन्सेक वर्ष पुस्तक प्रतिनिधि जीवन खड्काको निरन्तर खटाई, स्वयं सहभागीहरूको सक्रिय सहभागिता एवं हार्दिक सहयोग र हामी सहजकर्ताहरू लगायत सबैको संयुक्त प्रयासबाट नै सफलतामा टुङ्ग्याउन सकिएको थियो। ●

# माओवादीको आरोपमा को को थुनामा छन् ?





गत महिना श्री ५ को सरकारले माओवादी जनयुद्ध शुरु भएयता पक्राउ परी नजरबन्द एवं कारागारमा रहेका व्यक्तिहरुको नामावली सहितको विवरण सार्वजनिक गरेको छ। सार्वजनिक गरिएको जानकारी अनुसार सार्वजनिक सुरक्षा ऐन अन्तरगत २० जना व्यक्तिहरु नजरबन्दमा रहेका छन् भने कानूनी निकायबाट भएको दण्ड सजायको क्रममा कुल २९४ जना व्यक्तिहरु अधिराज्यका विभिन्न कारागारमा रहेका छन्। तर सरकारले थुनामा रहेका केही माओवादीको नाम सार्वजनिक नगरी लुकाएको आरोप माओवादीले सरकारमाथि लगाएको छ।

श्री ५ को सरकारले माओवादीका तर्फबाट हत्या एवं अपहरण गरिएका व्यक्तिहरुको तथ्यांक समेत सार्वजनिक गर्दै अपहरित व्यक्तिहरुको मुक्तिको माग समेत गरेको छ। जसअनुसार अधिराज्य भरिमा हालसम्म १३१ जना व्यक्ति अपहरित अवस्थामै रहेका छन् भने अपहरित व्यक्तिहरुमध्ये २६ जनाको माओवादीले हत्या गरिसकेका छन्। कुल ४१२ जनालाई माओवादीले अपहरण गरेकोमा त्यसमध्ये २५५ लाई मुक्ति दिएका थिए। गृहमन्त्रालयद्वारा जारी गरिएको विवरण अनुसार माओवादीहरुबाट अपहरित अवस्थामै रहेका व्यक्तिहरु यस प्रकार छन्ः

उत्तम घिमिरे, नरबहादुर कार्की, युवराज कट्टेल, छत्रबहादुर बुढाथोकी, भारती श्रेष्ठ, नातु बुढाथोकी, रीता बुढाथोकी, उमा खत्री, बलराम सापकोटा, स्रोत सिंह लामा, बुद्धिमान तामाङ, बद्री देवान, भुपेन्द्र हमाल, रेशम शर्मा, ज्ञानबहादुर ओली, मोहनलाल ओली, रोमहर्ष उपाध्याय, टेकबहादुर डाँगी, रेशम ओली, गौरीलाल ओली, कृष्णबहादुर खड्का, अमर पुन, कालिदास जैसी, खगेन्द्र भण्डारी, रिमन्त भण्डारी, शेरबहादुर महत, फेमे पुन, मुमाई बुढा, पहल खत्री, खिमबहादुर राना, शिव लामिछाने, विरबहादुर पुन, कमला वि.क., काशीनाथ पुन, वाने कामी, अपारलाख पुन, चिनिमाया पुन, शशीराम पुन, मनबहादुर राना, गोविन्दबहादुर रोकाय, एके राना, पलबहादुर रोकाय, सुपे दमै, कर्मबहादुर थापा, नरजंग नेपाली, पंचे नेपाली, ओहलाल दमै, मने रोकाय, कमलबहादुर रोकाय, मिनबहादुर दमै, चौके रोकाय, नरबहादुर दमै, मस्तबहादुर के.सी., अलबहादुर बुढा, निर्मल गिरी, केवलप्रसाद शर्मा, राजेश हमाल, लोकेन्द्र वि.क., उपेन्द्र मल्ल, डिल्लीजंग चन्द, धर्मराज गिरी, विरबहादुर खड्का, कर्णबहादुर ओली, केवबहादुर खड्का, रामलक्ष्य महत, खम्बहादुर ओली, खिमबहादुर चन्द, नरसिंह ओली, डिल्लीबहादुर खड्का, देवबहादुर पुन, यज्ञबहादुर ओली, कर्णबहादुर बुढा, विरबहादुर बस्नेत, रन्ते कामी, सावित्री अधिकारी, मानबहादुर घर्ती, अमनबहादुर थापा, बसन्तबहादुर खड्का, लोकेन्द्रराज शर्मा, किरण सुनुवार, पदम परियार, अशोक के.सी., विष्णु कुमार पुन, तुलेलाल रोकाय, भक्तबहादुर रोकाय, पमिल दमै, रामप्रसाद शर्मा, बुद्धिराम वि.क., उजबीर सिंह डाँगी, पद्मबहादुर मल्ल, छविलाल ओली, हरि बस्नेत, बाबुलाल चौधरी, कुलबहादुर डाँगी, सर्जबहादुर महरा, पूर्णबहादुर थापा क्षेत्री, ज्ञानबहादुर बुढाथोकी, एकबहादुर रोका, रामबहादुर बोगटी, जसबहादुर शाही, शिवराज बम, प्रबललाल शाही, देवेन्द्रराज शाही, रवि न्यौपाने, तेजबहादुर शाही, अनिपाल रोकाय, धनमल विष्ट, चन्द्रबहादुर शाही, अम्मरबहादुर सिंह, मानराम सिंह, सूर्यप्रसाद रिजाल, देवानन्द न्यौपाने, नगमल कठायत, ददी विष्ट, सूर्यबहादुर के.सी., किरण राई, खुमबहादुर तस्मेला, डम्बरबहादुर राना, शशीधर के.सी., भिमसेन थापा, कुलबहादुर खड्का, टुकराज कंडेल, बलबहादुर शाही, भुपेन्द्रबहादुर शाही, हरिबहादुर खत्री, हंसबहादुर डाँगी, नरबहादुर बुढा र मनबहादुर रोकाय।

# चोरको कथा

कथाकार : रस्किन वण्ड
अनुवादः यादव शर्मा

बद्नीयतले कसैको घर भित्रिएको चोर घर धनीको उत्कृष्ट मानवीय व्यवहारको उपचारको कारण आफूलाई सुधारेर सज्जन बन्न सक्छ भन्ने शिक्षा दिने कथा लेखेर अंग्रेजी. कथाकार "रस्किन वण्ड" ले हाम्रो समाजलाई ठूलो गुन लगाएका छन्। उनको यो कथाबाट समाजका अरू तप्काका मानिसहरूभन्दा पनि मानव अधिकारका क्षेत्रमा समर्पित व्यक्तिहरूले बढी सचेत र जागरूक भै समाजलाई दण्डको प्रतिकारात्मक सिद्धान्तभन्दा सुधारात्मक सिद्धान्तबाट प्रशिक्षित एवं प्रभावित गरी समाजको लागि माग निर्देशकको भूमिका निर्वाह गर्नुपर्दछ। प्रस्तुत कथामा अनिल र हरिसिंह दुई जना पात्रहरू रहेका छन्। हरिसिंह एउटा पेशेवर चोर रहेको छ र अनिललाई एउटा लेखकको रूपमा प्रस्तुत गरिएको छ।

कथा यस्तो छ : अनिललाई भेट्नु अघि पनि हरिसिंह चोर नै थियो। उमरेको हिसाबले पन्ध्रै वर्ष पार गरेको भए पनि अनुभवले उसलाई सफल र पक्का चोर बनाएको थियो। अनिल कुस्ती खेलबाट आनन्द लिइरहेको बेला हरिसिंह उसको छेउमा पुगेको थियो। अनिल करिव पच्चिस वर्ष जतिको, आकर्षक उँचाई, पातलो शरीरको व्यक्ति थियो। एक झलकमै सरल, सरस र दयालु देखिने अनिलप्रति हरिसिंह जस्ता चोर बद्मासहरू तुरून्तै आकर्षित हुन सक्दथे। खोजे जस्तो सिकार पाएकोमा इष्टदेवलाई धन्यवाद ज्ञापन गर्दै हरिसिंहले कुरा थाल्न चाह्यो।

कुराकानी सुरू गर्दा सम्बन्धित व्यक्तिको प्रशंसामा 'केही शब्दहरूको प्रयोगभन्दा अचुक औषधि केही हुँदैन भन्ने विषयको ज्ञाता हरिसिंहले अनिलको प्रशंसा गर्न थाल्यो। अनिलको चासो जगाउन नसकेकोमा हरिसिंहले हार नखाए पनि गलत व्यक्ति परेछ कि भन्ने शंका गर्‍यो। पेशागत सफलताकै लागि भए पनि उसले मौनता भंग गर्नै पर्दथ्यो। अन्तत्वोगत्वा अनिलले अपरिचित युवकको नाम नसोधी रहन सकेन। प्रत्येक पटक, प्रत्येक ठाउँमा र प्रत्येक नयाँ मालिकलाई नयाँ नाम बताउने एउटा पेशेवर ढंगको परम्परा निर्वाह गर्दै हरि सिहंले आफ्नो नाम बतायो। यसरी नयाँ ठाउँमा नयाँ नामको प्रयोग गर्नाले उसलाई पुलिसभन्दा एक कदम अघि र मालिकहरूभन्दा दुई कदम अघि निस्कन मिल्दथ्यो।

एकछिनको औपचारिक वार्तापछि अनिल कुस्तीवाजहरूको नखराबारे आलोचना गर्नमा तल्लिन रह्यो। हरिसिंहसँग पनि धेरै बोल्ने विषय रहेन। अन्त्यमा अनिल बाटो लाग्यो र हरिसिंहले पछ्यायो।

अब के चाहियो? अनिलले सोध्यो। मानिसहरूप्रति मानिसले हार र विनम्रताको पराकाष्ठा प्रदर्शन गर्ने उपायको रूपमा व्यक्त गर्ने मुस्कानको उपयोग गर्न हरिसिंहजस्तो चतुर व्यक्ति पछि पर्ने कुरै थिएन। ऊ रूपमा अनिलसँग काम गर्न र सारमा अनिललाई 'मुर्गा बनाउन' चाहन्थ्यो। तलब दिन नसक्ने अनिलको जवाफले उसलाई क्षणिक स्तब्ध पार्‍यो र गलत मान्छेको छनौटमा खिन्न भयो। खुवाउन मात्र सके पुग्ने उसको जवाफ भन्दा पकाउनु पनि पर्ने अनिलको प्रति जवाफ ठूलो थियो। ढाँट्नमा पोख्त हरिसिंहले पकाउन सक्ने कुरा गरेर फेरी ढाँट्यो। पकाउन सके खुवाउन सक्ने बीचको सम्झौताले एउटा चोर र इमान्दार लेखकलाई एउटै छत मुनिको बन्द कोठामा पुर्‍यायो।

त्यस बेलुका हरिसिंहले पकाएको खाना अनिलले त परै सारौं गल्लीको मुस्याहा कुकुरले समेत बहिस्कार गर्‍यो। उसको पाकशास्त्रमाथिको ज्ञानमा अनिलको अविश्वासको कालो तुषारो खनियो। तुरून्तै निस्केर जाने अनिलको आदेश पाएको हरिसिंहले उही नग्न मुस्कानको घुम्टो उघार्‍यो र अनिल पनि हाँस्न विवश भयो। कति अन्तर हुन्छ हँसाई र हँसाईको बीचमा? एकातिर हरिसिंहको धुर्त तथा कुटिल मुस्कान र अर्कातिर निष्कपट अनिलको स्वच्छ हाँसो। हरिसिंहको डँडाल्नामा धाप मार्दै निश्चिन्त रहे खाना पकाउन सिकाउने विषयमा अनिलले वचनबद्धता व्यक्त गर्‍यो। कालो अक्षर भैंसी बराबर भएको हरिसिंह काल क्रममा खाना पकाउनका साथै आफ्नो नाम लेख्न सक्ने भयो। विस्तारै विस्तारै पूरै लेख्न र हिसाब जोड्नसमेत सिकाउने आश्वासन पाए पनि सधैंको कृतघ्न हरिसिंहले अनिलप्रति बोक्रे कृतज्ञता ज्ञापन गर्‍यो। तैपनि आफू शिक्षित हुन पाए आफ्नो पेशाका उपलब्धिको शिखरारोहणमा आफूलाई पुर्‍याएर पर परसम्म सोची हेर्‍यो।

अनिलका लागि काम गर्दा उसको अन्तरमनभित्र दुखेसोभन्दा आनन्दनुभूतिको मात्रा बढी भएझैं लाग्दथ्यो। उसलाई आफ्नो पन्ध्र वर्षे जीवनमा पहिलो पटक यस्तो भएको थियो। उसले विहानको चिया पकाउँदा नाफा कमाउन नसके पनि दिनको समान खरिदमा ८/१० रूपैयाँ बसालेकै हुन्थ्यो। हरिसिंहले किनेको सामान, त्यसको आम मूल्य र देखाएको भाउबीचको अन्तर बारे भलिभाँती जानकार हुनुको बाबजुदै पनि अनिल जानेको नजाने झैं गर्दथ्यो। यसबाट हरिसिंहको एकातिर ठग्ने उत्साह बढिरहेको थियो भने अर्कातिर त्यस्तो सोझो मान्छे ठगिँदा ठगीबाट प्राप्त हुने मजाको मात्रा घटिरहेको थियो।

अनिलको कुनै नियमित आम्दानी थिएन। उसलाई महिना वित्नासाथ पसलेका सामानको उधारो बील तिर्न सधैंजसो धौ धौ पर्दथ्यो। तै पनि पैसा हात लागे पछि अलिकति आमोद-प्रमोद गरिहाल्ने उसको बानी थियो। अनिल सायद् पत्रपत्रिकाका लागि लेख्ने गर्दथ्यो। जिविकोपार्जनमा अनिलको यो पारा हरिसिंहका लागि अनौठो थियो।

एक साँझ नोटको एउटा सानो विटा लिएर अनिल कोठामा पस्यो। त्यस दिन उसले लेखेको एउटा पुस्तकको पाण्डुलिपी कुनै प्रकाशकले किनी दिएको थियो। राम्रै रकम हात परेको थियो। त्यो नोटको विटोलाई डसनामुनि घुसारेको दृष्य हरिसिंहका लोभी आखाँले राम्ररी नियालेको थियो। बितेको एक महिना यता हरिसिंह यहाँ मौका हात पार्नका लागि किनमेलमा दिनको ८/१० रूपैया मारेको भरमै पर्खि रहेको थियो। उसले त्यसबाहेक आफ्नो लाइन अनुसारको उचित कार्य सम्पादन गर्नसकेको थिएन। अनिलले उसको हातमा कोठाको साँचो छाडे पनि पेशागत धर्म निर्वाह गर्ने सामान नै थिएन। चोरी पेशामा आफूलाई लामो समय संलग्न गराएको उसको जीवनमा उसले भेटे मानिसहरूमध्ये सबैभन्दा बढी विश्वास गर्ने र उसमाथि भर पर्ने एक मात्र व्यक्ति अनिल नै थियो।

यही एउटा यस्तो अड्चनयुक्त कारण थियो जसको तहत अनिललाई ठग्न हरिसिंहलाई कठीन परिरहेको थियो। लोभीलाई लुट्न किन पनि सजिलो हुन्छ भने ऊ लुट्नयोग्य हुन्छ। तर एउटा आफूप्रति वेपरवाह र अरूप्रति

भरोसमन्द व्यक्तिलाई लुट्न किन कठीन हुन्छ भने उसलाई आफू कतिखेर लुटिएँ भन्ने बारे न थाह हुन्छ नत चासो नै। यस्तो अवस्थामा ठग्नेलाई नत ठगेकोमा आनन्द आउँछ न ठगिनेलाई ठगिएको दुःखानुभूति हुन्छ। जे भए पनि हरिसिंहका लागि लाइन अनुसारको ठोस कार्य सम्पादन गर्ने समय आएको थियो। यस पटक पनि मौका चुकाउने हो भने उसले आफूलाई सुधिएको शंका गर्नै पर्दथ्यो। जे होस् उसले अनिलको पैसा नचोरे पनि व्यर्थमै साथीहरूबीच खर्च हुने त हो नि। उसले कुनाताको संकलन गरेर राखेको थियो र? उसले हरिसिंहलाई तलबसम्म दिएको थिएन।

अनिल सुतिरहेको थियो। हरिसिंह सुतेको बरण्डामा पूर्णचन्द्रका किरणहरूले चियाउन थाले। परिस्थितिको सोच विचार गर्दै हरिसिंह जुरुक्क उठेर टुक्रुक्क बस्यो, अनिलको कोठामा पस्यो र डसनामुनिबाट पैसाको बिटो निकालेर कुनै सुदूरवर्ती इलाका गमन गर्ने योजना बनायो। कोठाबाट बाहिर निस्केर परिस्थितिको जायजा लिंदसम्म अनिल शान्तिपूर्वक सुतिरहेकै थियो। हरिसिंहले आफ्नो र अनिलका अनुहारबीचको अन्तर केलायो। नाइट बल्बको मधुरो उज्यालोमा अनिलको पेट चलाइले उसको मन्द गतिको श्वास प्रश्वासको प्रष्ट आभास पाइन्थ्यो र उसको सफा एवं समयले रेखा नकोरेको सुकोमल अनुहार हेर्नमा आकर्षक र मोहक लाग्दथ्यो। हरिसिंले आफ्नो अनुहार मुसार्दै घाउ र चोटले पारेका धर्काहरूलाई स्पर्शले गन्ति गर्दा उमरेमा अनिलभन्दा कान्छो भए पनि समय, आवश्यकता र अभावले बढी नै पकाएको अनुभव गऱ्यो। अनिल लामो सास फेर्दै हरिसिंह पट्टि कोल्टे फेरिरहेको थियो।

सुरालको इँजारले रूपियाँको विटालाई कसेर हरिसिंहले सुईकच्चा ठोक्यो। नचाहँदा नचाहँदै पनि उसका अन्जान तथा संवेदनशील औँलाहरू पैसाको विटो छाम्न उद्यत हुन्थे र तेल खानीले धनि भएका अरेवियन सेठ जस्तै दुईचार महिना मस्ति गर्ने हिम्मत उसमा जुटिसकेको थियो। ऊ हाँनिदै रेलवे स्टेसनमा पुगे पनि टिकट विक्री कक्षतिर अल्मलिएन। उसका व्यक्तिगत जीवनको यात्रामा उसले आजका मितिसम्म टिकट किनेको पनि थिएन र किन्ने सोच पनि थिएन। प्लेटफर्ममा भित्रिने वित्तिकै एउटा रेल कुनै गन्तव्यका लागि सिटी बजाइरहेको थियो। आफै पनि गति लिई नहालेको हुँदा उफ्रेर भित्र पस्ने सिद्धपादहरूलाई पर्याप्त मौका थियो।

आफ्नो लाइनप्रति अनिलको इमान्दारिताले बेइमान बनाएको एउटा चोरले सही र गलतको कसौटीमा घोट्दा घोट्दै सहरबाट आफूलाई भगाइहाल्ने मौका गुमाइसकेको थियो र रेल पनि छुटिसकेको थियो। आफूलाई सुनसान प्लेटफर्ममा नितान्त एक्लो पाए पनि रात बिताउने चिन्ता हरिसिंहमा पलाएकै थिएन। उसका कोही साथी पनि थिएनन् र साथीहरूले सहयोगभन्दा समस्या नै थप्दछन् भन्ने उसको अटल विश्वास थियो। त्यहाँको एउटा कुनामा उसले कुनै बेला 'मुर्गा बनाइसकेको' मान्छे देखियो। त्यहाँ बसिरहन उसले आफूलाई सुरक्षित ठानेन र सहरका गल्लितिर हानियो।

आफ्नो छोटो जीवनमा मानिसहरू तिनीहरूको सम्पत्ति हराएको बेला कस्तो अनुहार लगाउँछन् भन्ने बारे उसको सटिक अनुभव छ। लोभीहरू चोरलाई सत्तोसराप गर्दै मुर्छा पर्दछन्, धनीहरू तीब्र रोष प्रकट गर्दछन् र कंगालहरू प्रारब्धको खेल सम्झी सन्तोष व्यक्त गर्दछन् भने अनिल चोरी थाहा पाउनासाथ अलिकति निराश मात्र हुने छ र त्यो निराशा पैसा हराएकोमा कदाचित भए पनि विश्वास हराएकोमा गम्भिर हुनेछ।

यिनै कुरा मनमा खेलाउँदा खेलाउँदै हरिसिंह मैदानको एउटा बेञ्चमा आफूलाई टुसुक्क बसाउन पुग्छ। रात चिसो र त्यसमाथि हल्का वर्ष भएकोले असाध्यै चिसो थपिएको थियो। उसका लुगाहरू निथ्रुक्क भिजेका थिए र वेचैनी बढिरहेको थियो। उसले आफूलाई एउटा घण्टाघरको ओतमा थन्क्यायो। केही मगन्ते र भुस्याहा कुकुरहरू अर्को छेउमा पल्टिएका थिए। उसले नोट छामी रहँदा घडीले बाह्र हानेको थियो। चिसो रातको बाह्र बजे कठाङ्ग्रिएका औंलाहरूले छाम्दा पनि नोट ढाडिएको स्पष्ट आभास हुन्थ्यो।

विचरा अनिलको पैसा ! भोली बिहान सायद् उसले हरिसिंहलाई सिनेमा जान तीन रूपैयाँ दिन्थ्यो होला। तर आजै हरिसिंहले सबै उडाइदियो ! अब उसका लागि खाना पकाउनु छैन, बजार कुद्नु छैन र छैन पूरा वाक्य लेख्न सिक्नु पनि। पूरा वाक्यहरू ! पूरा वाक्य लेखनको सम्झनाले चोरीको उत्तेजनामा हरिसिंहले भुसुक्क बिर्सेका कुराहरू उसको दिमागमा फन्फन्ती घुम्न थाले। ती वाक्य सिकाईमा उसलाई आज हात पारेको बिटोभन्दा ठूल-ठूला बिटाहरू एक दिन दिन सक्दथे। चोर्न जति सजिलो हुन्छ त्योभन्दा सजिलो हुन्छ पक्राउ पर्न। तर साँच्चै ठूलो मानिस बन्न, समाजमा प्रतिष्ठित कहलाइन र आदरणीय व्यक्ति बन्न अनिलको झैं शिक्षा चाहिन्थ्यो।

ऊ फेरी अनिलकैमा फर्कन चाहन्थ्यो, लेखापढी गर्न चाहन्थ्यो र अनिलझैं प्रतिष्ठित व्यक्ति बन्न चाहन्थ्यो। त्यसैले ऊ दौडँदै बेहोस् झैं कोठातिर लाग्यो। उसलाई राम्ररी थाहा थियो कुनै कुरा कसैबाट चोर्नुभन्दा त्यसलाई कसैले थाहा नपाई त्यही ठाउँमा राख्ने काम धेरै कठीन हुन्छ। उसले घरक्क ढोका उघारेर संघारमा टेक्दा अनिलको कोठामा चन्द्रमाको मधुरो किरण परिरहेकै थियो। अनिल पनि उठेको थिएन। ऊ विस्तारै ओछ्यानको सिरानतिर गयो र उसको हात नोटको बिटासँगै त्यही ठाउँमा पुग्यो जहाँबाट उसले अलि अगाडि थुतेर भागेको थियो।

भोली पल्ट बिहान हरिसिंह ब्युँझदा अनिलका हातमा चियाका दुई वटा कपहरू थिए। अनिलले ऊ तिर एउटा कप अघि सारिरहेको बेला उसका औंलामा एउटा पचासको नोट च्यापिएको थियो। हरिसिंहले टेकेको धरती भासिइरहेको थियो। ऊमाथिको आकास खसिरहेको थियो। र ऊ पाठ बुझाउन नसकेको नर्सरीको बच्चा जस्तो अवाक भयो। अनिलले सबै कुरा थाहा पाएछ भन्ने सन्त्रासमा ऊ आत्तिएको थियो। तर आफूले हिजो अलिकति पैसा कमाएको र अब उप्रान्त हरिसिंहलाई नियमित तलब दिने कुरा सुन्दा उसलाई छाँगाबाट खसेझैं भयो र अनिलको बोलीले उसको सुतेको अन्तरात्मालाई जगाई दियो। हरिसिंहले चोरेर फेरी फिर्ता गरेको नोट, जो अनिलको औंलामा च्यापिएको थियो, अझै पनि रातिको पानीमा भिजेर चिसै थियो। अनिलले त्यसै दिनदेखि पूरा वाक्य लेख्न सिकाउने भयो।

रातको चोरी र भगाइबारे अनिललाई थाहा भइसकेको थियो। तर उसका ओठ, आँखा र व्यवहारले केही देखाएन। सबै थोक जस्ताको तस्तै। हरिसिंह अनिलतिर हेरेर नम्र निवेदनको, कृतज्ञताको र अनुग्रहको भावले मुस्कुरायो र त्यो मुस्कानमा छलकपट भिसिएको थिएन। अनि थिएन मुस्कुराउन खर्चेको बल पनि। ताजा, यति ताजा कि बिहानीको फूलमा अल्झिएको शीत विन्दुझैं, छलकपटले विदा लिए पछिको स्वच्छ मुस्कान थियो त्यो।

●

## दुई मस्तुल भएको डुङ्गा
**– शु तिङ्**

सितले भिजाइदिएको छ मेरो दुबै पखेटा
तर हावा रोकिन दिँदैन मलाई
ए SS भूमि, भूमि जसलाई म प्रेम गर्छु
हिजै मैले तिमीलाई विदा, विदा भनेको थिएँ
आज फेरि तिमी यहाँ छौ
भोलि हामी
फेरि भेटिन्छौं कुनै अर्को अक्षांशमा।

त्यो एक तूफान थियो, एउटा मशाल
जसले हामीलाई एकसाथ जोगाइरह्यो
त्यो एक अर्को तूफान थियो, अर्को एउटा मशाल
जसले हामीलाई पूर्व र पश्चिममा अलग्यायो
यहाँसम्म कि आकाशको अन्तर सुदूर किनारसम्म
निश्चय नै प्रत्येक बिहान र साँझ
तिमी हुन्छौ मेरो बाटोमा
म तिम्रो अपलकमा।

*(शु तिङ् : जन्म ई. सं. १९५३ मा चीनमा। चीनको महत्वपूर्ण समकालीन युवा कवयत्री। कवितामा महत्वपूर्ण योगदान गरेबापत ई. सं. १९८३ मा चीनको महत्वपूर्ण पुरस्कार "राष्ट्रिय पुरस्कार" बाट सम्मानित। राष्ट्रिय लेखक संघको सदस्य आदि।)*

## एउटा कविसँग कुराकानी
**– मिरोस्लाव होलुब**

कवि हुनुहन्छ तपाई ?
हो म कवि हुँ।
कसरी थाहा भयो ?
मैले कविता लेखेको छु भन्ने।
कविताहरू लेख्नु भएको छ भन्नुको अर्थ नै यो कि
कवि हुनुहुन्थ्यो तपाईं। तर अब ?
म फेरि लेख्छु कवितामा कुनै दिन
त्यसो भए फेरि त्यो स्थितिमा संभव छ तपाई कवि हुनुहुने छ
एक दिन। तर कसरी थाहा पाउनु हुन्छ जे
लेख्नु हुन्छ, त्यो कविता हो ?
कविा त्यही हुन्छ त्यस्तै जस्तो पहिले थियो।
तब फेरि त्यो कविता नहोला। कविता बस
एक पटक हुन्छ र ठीक त्यस्तै
हुनसक्दैन दोस्रो पटक त्यो
आशा छ मलाई, त्यो त्यस्तै राम्रो हुन्छ
जत्ति कि पहिले थियो।
यो निश्चयपूर्वक कसरी भन्न सक्नु हुन्छ ? आफ्नो
स्वभावको कविता अन्तत: बस एक पटक हुन्छ र त्यो पनि
तपाईको नियन्त्रणमा हुँदैन, त्यो त निर्भर हुन्छ स्थितिहरूमा
आशा गर्छु कि स्थिति पनि हुनेछ त्यस्तै।
मानिनेसम्म तपाईं हुनुहुन्छ त्यस्तो त तपाईं कवि हुनुहुन्न
र फेरि पहिले पनि हुनुहुन्नथ्यो। फेरि किन
मान्नु हुन्छ कि कवि हुनुहुन्छ तपाईं ?
ल भैगो ...। मलाई यो ठीक-ठीक थाहा छैन। र तपाई को हुनुहुन्छ ?

*(मिरोस्लाव होलुव : जन्म ई. सं. १९२३ मा चेकोस्लोवाकियामा। विज्ञानको छात्र। १९५३ मा चार्ल्स युनिभर्सिटीबाट एम. डी. को डिग्री हासिल। १९५८ मा इम्युनोलजीमा विद्यावारिधी। पेशाले प्याथोलजिस्ट। थुप्रै कविता संग्रह प्रकाशित। चेकोस्लोवाकियाको अत्यन्त महत्वपूर्ण र सम्मानित कवि।)*

## हाम्रो हावा
**– डेनिस ब्रूट्स**

हाम्रो वायु सैन्यवादले यसरी भरिनु
बयान भन्दा बाहिर छ
सूचीबद्ध गर्ने लायक पनि छैन त्यो
त्यो आफैमा एक दूषित ग्याँस हो
जो वायुसरी चारैतिर फैलिएको छ
लाखौं मसिना वस्तुहरू जसरी
सर्वव्यापी छ हाम्रो आफ्नै मौसम।

हामी एक लडाकु जातिको मान्छे भएका छौं
एक घेरिएको देशमा बसेका,
बन्दूकसँग खेल्छन् हाम्रा बालक
स्कूलका केटाकेटी हत्याका सपना देख्छन्
हवाई जहाजका आक्रामक उडान
हाम्रो सपनामा भरिएको छ।

अमानुषिक बली, हताशा
र भयावह मृत्युको रक्त पिपाशु विचारहरूले
हाम्रा मान्छे उन्मत्त भएर उठेका छन्।

*(डेनिस ब्रूट्स : जन्म ई. सं. १९१४ मा दक्षिण अफ्रिकामा। दक्षिण अफ्रिकी अंग्रेजी कवि। रंगभेद नीतिको विरोधमा सम्पूर्ण लेखन समर्पित। तत्कालीन दक्षिण अफ्रिकी सरकारले दिने गरेको महत्वपूर्ण पुरस्कार "वारी पोयट्स" पुरस्कार सरकारको रंगभेद नीतिको कारणले लिन अस्वीकार। कृतिहरूको प्रकाशनमा प्रतिबन्ध। आफ्नो देश दक्षिण अफ्रिकाबाट निर्वासन। त्यसकारण १९६६ मा बेलायत प्रवास र त्यहाँको डेन्वर विश्वविद्यालयमा अध्यापन कार्य।)*

*अनुवाद : राजव*

का. जि. का. द. नं. २१ ४९/५०




## वर्षभरिका ३ हजार ७ सय १ वटा मानवअधिकार उल्लंघनका घटनाहरु सहित

- मानवअधिकार उल्लंघन तथ्यांक २०००
- मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीका धारणाह
- मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणाहरु
- क्रिया/प्रतिक्रिया

इन्सेक
insec